CC-0. In Public Domain. Digitization by eGangotri

# केही कथा कविता र संस्मरण



८९१.४९५
घि ३४४ के

जगदीश घिमिरे

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# केही कथा, कविता र संस्मरण

जगदीश घिमिरे

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक: साझा प्रकाशन
पुल्चोक ।

पहिलो संस्करण: २०३४ माघ ११०० प्रति

मोल: रु. ५।२५

मुद्रक: रूपायन प्रेस
काठमाडौं ।
फोन नं. १२१४९

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रकाशकीय

श्री जगदीश घिमिरेका केही कथा केही कविता र केही संस्मरणले नौलो प्रयोग देखाएका छन् । एकै ठाउँमा अनेक तृप्ति दिने विविध सामग्रीको यो मंच पनि पाठकहरूले रुचाउलान् भन्ने लागेको छ ।

कल्पना गरिएका कथाहरू स्वाभाविक र अनुभूत विषयका संस्मरणहरूलाई कल्पना पो हुन् कि भन्ने भान गराउन सक्नु घिमिरेज्यूको विशेषता मान्नुपर्छ । तीनै थरो रचनामा व्यग्यंको पुट पुगेकाले मात्राहरू साना भए पनि जीरे खुर्सानी जस्ता तिख्खर लाग्न सक्छन् ।

अनेक समयमा अनेक पत्रिकामा छरिएका रचनाहरू जम्मा गरेर साझा प्रकाशनलाई दिनुभएकोमा गुन मानेका छौं । पछि पनि यस्तै सहयोग पाइरहने विश्वास छ ।

२०३४।१०।२१।

—सा० प्र०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय सूची

## कथा

सर्किनीको कण्ठसिरी : १
पुङ्गरो : ४
इन्साफ : १०
परिचय : १२
स्नातकहरू : १३
सच्चा हिन्दू : १५
पटना-७३ : १७
अनिदो : २९
टुँडिखेल : ३०
षष्ठी–तत्त्वबोध : ३७
पात्र : ४५
विस्थापित : ५२
चील : ५६

## कविता

दुर्घटना : ६३
मृत्यु : ६४
पुनसको साहू : ६५
जनकपुरको व्यंग्यचित्र : ६६
आमा : ६८

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ नेपालको नयाँ भूगोल : ७१
घाँडो : ७२
युद्ध उन्मूलन युद्ध : ७४

## संस्मरण

थ्याङ्बुचे यात्रा सन्दर्भ-१ : ७६
सन्दर्भ–२ : ८८
सन्दर्भ–३ : ९६
सन्दर्भ–४ : १०२
सन्दर्भ–५ : १०६
सन्दर्भ–६ : १११
सन्दर्भ–७ : ११८

CC-0. In Public Domain. Digitization by eGangotri

# सर्किनीको कन्ठसिरी

कन्ठश्री भन्ने घाँटीमा लगाउने यौटा गहना हुन्छ । बोलचालको भाषामा यसलाई कन्ठसिरी भन्छन् । बूढापाकाको मुखबाट बेलावेलामा यौटा उखान सुनिइरहन्छ–सर्किनीको कन्ठसिरी ! सर्किनीको कन्ठसिरी !! यो उखान भन्ने चलन हुनुमा यौटा गहिरो कारण छ । कथा यस्तो छ ।

कुनै पहाडमा यौटा गाउँ थियो । त्यस गाउँमा बाहुनहरू र सार्कीहरू बढ्ता थिए । बाहुनहरू अल्छी थिए । काम गर्दा इज्जत जान्छ भनी ठान्थे । गोरू जोत्दा जात जान्थ्यो रे । पहाडको ठाउँमा जसले बेर्है मिहिनेत गर्‍यो उही सप्रिन्छ । बाहुनहरू बिग्रेका थिए । खालि हामी बाहुन जातका सबभन्दा ठूला भनेर घमण्ड गर्थे । सार्कीहरूलाई बाहुन- हरूको घमण्ड सुन्नसम्म फुर्सद थिएन । उनीहरू सँधै आफ्ना काममा लागिरहन्थे हलो जोत्थे, जुत्ता सिउँथे र सप्रेका थिए ।

एकदिन पल्लो गाउँबाट बिहेको निम्तो आयो । यौटी बाहुनीलाई आपत् पर्‍यो । निम्तो, चाड-बडमा गाउँघरमा सकेसम्म राम्रो लुगा र

CC-0. In Public Domain. Digitization by eGangotri

भएभरका गहना लाउने चलन हुन्छ । त्यस बाहुनीको नामर्द पोईले आफ्नी स्वास्नीलाई यौटासम्म पनि गहना बनाइदिन सकेको थिएन । खानै दिन पनि त गाहारो थियो । बाहुनी भन्न लागी—जान्न म निम्तो मान्न, यौटा पनि गहना नलाईकन । सबै, उ सर्किनी समेत गहनाले फकिफ्काउ भएर आउँछन् । म मात्रै बुच्चै ! लाजमर्नु ।

स्वानीको कुरा सुनेर मलाई दिक्क लाग्दै थियो । यौटा कुरा सम्झयो । फटाफट बाहिर निस्क्यो र यौटी निम्तो मान्न जान आँटेकी सर्किनीकहाँ गयो ।

किन आउनु भो, बाजे ? सर्किनीले सोधी ।

तिम्रो कन्ठसिरी एकै छिनलाई दिन्छयौ कि भनेर, भरे फर्काइ-दिन्छु । केही होइन, एउटा सानो कामले यौटा कन्ठसिरी वनाउन दिएको सुनारलाई । तिम्रो जस्तै वनाइदे भनेर नमूना देखाइदिन मन लाग्यो । तिम्रो कन्ठसिरी मेरी जहानलाई सवभन्दा राम्रो लाग्छरे ! बाहुनले भने ।

बाहुन फटाहा थियो । यहाँ पनि उसले ढाँट कुरा गर्‍यो । सर्किनी आफ्नो कन्ठसिरीको तारीफ सुनेर दङ्ग परी, र तुरून्तै झिकेर दिई । आफू अरू नै गहना लाएर गई ।

बाहुन घर गयो । निदाउरो मुख लाएकी आफ्नी जहानलाई कन्ठसिरी देखाउँदै भन्यो, म जस्तो लोग्ने छँदाछँदै तैंले गहना पाइन भनेर पीर गर्नुपर्छ ? अस्ति नै बाँडाकहाँ बनाउन हालिदिएको थिएँ । ल्याउन विर्सिरा'को ला । कति राम्रो छ । यत्तिको कन्ठसिरी कोई पनि लाए आउँदैन होलान् ।

बाहुनी दङ्गदास भै । निम्तामा गई । लहर मिलाई राख्दा त्यो कन्ठसिरी लाउने बाहुनीको मुख आँगनतिर फर्केर र कन्ठसिरी दिने

CC-0. In Public Domain. Digitization by eGangotri

साँकिनी दलानतिर फर्केर बस्न पुगेछन् । सकिनीले आफ्नो कन्ठसिरी बाहुनीको घाँटीमा पो देखी । देखेर दङ्ग परी । बाहुनले त चलाखी गरेर पो उसको गहना लगेछ भन्ने कुरा पनि थाहा पाई । मागेको गहना लाएर इज्जत थामेको देख्दा उसलाई रीस पनि उठ्यो । यसको साटो नफेरी छाड्दिन भनेर अठोट गरी ।

बाहुनीले धेरै दिनदेखि मीठो कुरा खान पाएकी थिइनन् । सधैं उही कि त गुन्द्रुक ढिडो, कि मोई ढिडो । त्यसैले मीठा कुराहरू ठूलठूला गाँस हालेर कपाकप खान लागिन् । सकिनीले मौका पाइहाली, भनी— बज्यै धेरै ठूलो गाँस नहाल्नुस् । किन ? बाहुनीले सोधिन् । आफूले खाएको पनि अरूले कुरा काट्दा उसलाई रीस उठ्यो ।

एक त मेरो कन्ठसिरी तपाईंको घाँटीमा सानु छ, उसमाथि ठूला ठूला गाँस निलेर तपाईंले छिनाई दिन आँट्नुभो—सकिनीले भनी ।

बाहुनी रूसङ्ग भै । उसको पोइले त सकिनीको कन्ठसिरी पो मागेर ल्याएको रहेछ ! यो कुरा सबैले थाहा पाए । त्यहाँ गिल्ला हुन थाल्यो । बाहुनीलाई मुख देखाइसक्नुभएन । उसको पोइ पनि नजीकै थियो, लाजले मुख रातो पाऱ्यो । आँखा उघारेर हेर्न सकेन ।

त्यसै वेलादेखि सकिनीको कन्ठसिरीको कथा र उखान चलेको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

# पुङ्ग्रो

चर्पीभन्दा गतिलो ठाउँ मैले अर्को पाएको छैन । [सचिवालय पुगेको छैन] जुन मीठो मीठो बास्ना चर्पीको व्योमभरी व्याप्त हुन्छ, मलाई लाग्छ, त्यो हामीले बाँचेको जीवनको गन्ध हो । चर्पी यसरी मेरो गुरु पनि भएको छ । यसलाई जति नसम्झे पनि नआउन चाहे पनि जति धिक्कारे पनि यहाँ नआई सुख छैन । यसरी यो मेरो कुल-देवता पनि भएको छ । मन्दिर पनि भएको छ । आफूले भाडामा लिएको एउटा साँगुरो मैलो कोठो जुन हामीहरूको लागि चर्पी हो, हाम्रो लागि भान्सा पनि हो, भण्डार पनि हो, सुत्ने पनि हो, बैठक पनि हो, स्नान पनि हो । होइन, त्यो खोर हो र हामी सुंगुर हौं । हामी बंगुरसम्म पनि हुन सकेनौं । तीव्रतम कटुताहरूका बीच जब मेरी मायालु स्वास्नी, मेरी सुंगुर्नी बारूद जस्तो कालो थुतुनु लगाएर जब बातैपिच्छे मसंग ठुस्किन थाल्छे, सोझो मुखले बोल्न छाड्छे, मनि लाग्छ त्यसको बारूदको थुतुनामा सलाई कोरेर लगाइदिउँ । ऊ केही भन्दिन, त्यसैमा सबै भनिसक्छे । ऊ केही गर्दिन, त्यसैमा सबै गरिसक्छे । ऊ मलाई एकै चोटमा छिन्दिन, एकै गोलीले मार्दिन । शायद उसको लामो योजना छ, जिन्दगीभरी दिन दिनै उसका

CC-0. In Public Domain. Digitization by eGangotri

आँखाका तीखा सुइराले [वेदनाले तिखारिएका विद्रुपले तातेर रातो भएका] मेरा मर्महरूमा घोच्छे । अनि म चर्पी मन पराउँछु । दुर्गन्ध-हरूका माझको शरण नमीठो हुँदैन । म घण्टौं बस्छु । यातना पुरस्कृत जिन्दगीभन्दा चर्पीको निर्वासन वेस लाग्छ, यहाँ दाउरा सिद्धिएको यथार्थ-देखि अलि छिन भए पनि मुक्त होइन्छ चामल सिद्धिएको थाहा हुँदैन । यहाँ कुनै इटर्णमित्र पाहुना लाग्न आउँदैन । सानुनानीले खोकी रहेको र खोक्ताखोक्तै रातो भएका आँखाका डल्लाबाट रगत चुहिएको हेर्नुपर्दैन । रातभरि खाएर [ज्यू म त स्वास्नीलाई खाने गर्छु, तपाईं कुन्नि के गर्नु हुन्छ रातभरि] घाँटीसम्म भएकी स्वास्नीका घीनलाग्दा अंग फाटे-को चोलोबाट हेर्नु पर्दैन । देखाउनको लागि वा इज्जत धान्नको लागि कोट लगाउनुपर्दैन, यहाँभित्र जति दाँत बजाए पनि हुन्छ । जति कामे पनि हुन्छ । एउटा कति भने पाइरिया [अँ, यहाँ पाइरियाको गन्ध पनि मिसिएको छ] भएर लुरू लुरू हल्लिएका एक जोर दांत जस्तै लुरू लुरू हल्लने चीसो ईंटमा खाली पैतालाले टेकी बस्नु अली दुःखदायी छ । नांगा पैताला, किनभने, हवाई चप्पलको लोता छिनेको छ । तलब आउन बीस दिन अर्थात् चार सय असी घन्टा अर्थात् अट्ठाईस हजार आठसय मिनेट अर्थात् सत्र लाख अट्ठाईस हजार सेकेन्ड बाँकी छ । क्षण क्षण पहाड बनेर उभिएको छ । के सत्र लाख अट्ठाइस हजार आठसय पहाडहरू उक्लिन म सक्छु होला ? के म अरू बीटा बीसं दिन बाँच्छु होला ? मलाई लाग्छ, सत्र लाख अट्ठाइस हजार भालाहरूले, सूलीहरूले मलाई चारै-तिरबाट उनेका छन् । म लिसोको पासोमा उनिएको भँगेरा भएको छु । यी क्षण होइनन्, मलाई लाग्छ, सत्र लाख अट्ठाईस हजार जंघारहरू हुन्, भेल आएका कोशीहरू हुन् । अहँ, म पक्का तर्न सक्तिनँ, सक्तिनँ ।

………एक एक देख्छु । म विश्वास गर्न सक्तिनँ । हिजोसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

केही भएको थिएन । हिजो विहान त एकदम ठीक थियो, मलाई राम्रै याद छ । हिजो दिउँसो चिलाएको, कन्याएको, दुखेको केही पनि भएको होइन । म मेलैसंग सम्झन थाल्छु, हिजो केही भएको थियो कि भन्ने झझल्कोले ।... ...स्वीकार गरी झस्कन्छु सारा फिला सुन्निएको रहेछ । राता-राता डामहरू।... ... ...के भयो ? हैन दुःख जति मेरै ठेक्कामा पर्छ कि कसो ? किन ? केही केही रोग त अरूलाई सारिदिए पनि हुने । पाता बढ्यो, कपाल दुख्छ; रोग नं. १ । दुई किलोमिटर हिड्यो ढाड दुख्न थाल्छ; रोग नं. २ । दुई घण्टा साँझमा डुल्यो रुघा खोकी लाग्छ; रोग नं. ३ । दुई गाँस भात बढी भए अजीर्ण हुन्छ, कम भए रिंगटा लाग्छ, दुई थोपा तेल बढी भए रातभरि छाती पोल्छ । के रोगहरू मेरै निम्ति हुन् ? केही केही त अलि औषधी गर्न पुग्नेलाई पनि लागिदिनु !

दिसा धुँदा म झन् अत्यास लाग्दो कुरा थाहा पाउँछु । मेरा गुदद्वारका खापा-कब्जाहरू सब बिग्रिएछन् । वन्द हुन छाडेछ । संधै खुलाको खुला । मोटो पिङ-पिङ वल पस्ने जत्रो ट्वाङ-ट्वाङ्ती दुलो । म त तल माथि दुवै खुला ! पुङरो पो भएछु । एकापट्टि वन्द भएको दूध दुहुने-ढुङरो हुन्छ । थोत्रिएर दुवैतिर चुहुने भयो भने त्यो पुङरो हुन्छ । के म त्यस्तै पुङरो हुं ? मेरो केही काम छैन ? आहत भए पनि व्यंग्य सोच— मलद्वार कब्जियतको रोगी छँदा त कहिल्यै पेट भरिएको होइन, अब पुङरो भएपछि कुन हविगत हुने हो ? जे खायो उही सुलुसुलु बग्ने होला ।

अनि बिचरा ऊ [अघिसम्म जुन 'म' थियो] गुन्द्रुक र भात हतार हतार खाएर अड्डातिर लाग्छ । आज अबेर भएजस्तो छ । आजै फटाफट हिड्न बाधा भईरहेको । चार-पाँच घण्टाको सोच विचार र गडबडपछि उसले आफूसंगै काम गर्ने आफू जस्तै निर्धो साथीलाई

CC-0. In Public Domain. Digitization by eGangotri

पातलो चिया र गह्लाउने आसाको सर्को तान्दै क्षीनु स्वरमा सोध्छ— 'हैन यो फलफूल सुन्निएको विसेक पार्ने त्यस्तो, राम्रो औषधी के होला ?'

सोधिनेले बुझेन । तर एकैछिन उसले विचार गरुन्जेल सोध्नेले अप्ठ्यारो र रातो मुख लगाएकोले उसले बुझ्यो त्यो मान्छेको फलफूल हो । भन्यो— 'डाक्टरहरू जान्दैनन् । वेकूफ हुन्छन् । फेरि किन्नै नसकिने ओखती लेख्छन् । हामीहरूको लागि सबभन्दा ठूलो एम. आर. सी. पी. डाक्टर त्यो टुँडिखेलको छेउमा कराई कराई औषधी बेच्ने चटके हो ।'

ए, अनि बल्ल पो उसले सम्झियो, उसले त त्यो चटकेले दिएको औषधी भर्खर हिजो साँझ लगाएको । तीन चार महीनादेखि उसको काछ, गुदा वरिपरि आदि सज्जनहरूको विचारमा अश्लील ठाउँहरू सारै चिलाइरहेका थिए । ऊ पेटीबाट जाँदै थियो । सुन्यो 'सर्वरोग हरण तैल !' को महिमा वर्णन । यो वर्णन टपरे बाहुनले गरेको महाभारतको कृष्णको महिमा वर्णनभन्दा वढी थियो । यो दाद भएको, दिनाइ भएको, सिफिलिस भएको, चाया परेको, घाउ, खटिरा, चोट पटक, हाड दुखेको, जे भएको भए पनि चट्टै निको पार्ने भनेर वर्णन गरिँदै थियो । एक रुपियाँको एक शीशी दुई रुपियाँको तीन शीशी, तीन रुपियाँको नौ शीशी, चार रुपियाँको पन्ध्र शीशी, पाँच रुपियाँको बीस शीशी र दश रुपियाँको लिएमा सय शीशीको सिंगै वण्डल पाइन्थ्यो । दश रुपियाँको सिंगै बण्डल किनेर छिमेकीहरूलाई शीशीको एक रुपियाँ लिएर बाँड्न पाए कस्तो हुन्थ्यो होला, उसले सोच्यो, गुनको गुन ! नाफाको नाफा ! तर के गर्नु उससंग फुर्मास गर्ने दश रू. थिएन । केवल एक रू. को एक बट्टा मलम किनेर हिजो मात्रै ऊ घर फर्केको थियो र सुत्ने बेलामा सारा चिलाएको अश्लील ठाउँमा लगाएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सोध्नेले भन्यो, 'आ..... के होला र त्यसले !'

लगाई त हेर एक पटक, तिमी त त्यसै आफ्नो स्वदेशी चीजलाई हेला गर्छौ ।' सोधिने भन्छ ।

सोध्ने सम्झन्छ, भर्खर हिजो मात्रै म त्यही दलेर आज झन् यस्तो गति भएको छ...

ऊ बाँचेछ । उसले सय लाख बहत्तर हजार पहाड उक्लेछ, जँघार तरेछ, क्रुसिफिक्सन सहेछ । बाँचेछ । साँच्चै, महीना मारेछ, तलब आयो । तर उसको शिव लिङ्ग र तीन नम्बरको भकुण्डो घटेर ठीक ठाउँमा आएनन् । पिङपङको प्वालका खापा कब्जा बन्द भएनन् । ऊ पुङरोबाट मान्छे हुन पाएन । ढुङरोसम्म पनि हुन पाएन, कहाँ मान्छे हुनु । उसले यो तीतो रोग, तीतो खबर, तीतो वेदना आफ्नो स्वास्नीबाट पनि लुकाएर, जोगाएर राखेको छ ।

उसले महीना मारेर पैसा ल्याएको भए पनि उसलाई मानौं चिट्ठा परेको छ । कमाइ पनि सित्तै पाए जस्तो छ । ऊ सोझै नामी छाला र गुप्त रोग विशेषज्ञ डाक्टरकहाँ हानियो ।

डाक्टरले आफ्नो दायित्व पूरा गर्‍यो, फीस लिएर औषधी लेखिदियो ।

लाउने, खाने र इन्जेक्सन गर्ने गरी जम्मा रू. सत्तरी मात्रको औषधी रहेछ, उसले औषधी पसलमा थाइा पाउँछ ।

'पछि लिउँला ।' ऊ औषधी पसलेलाई असजिलो मान्दै तर लुकाउँदै भन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्र रुपियाँ, अँ सोह्र रुपियाँ उसले डाक्टरलाई फीस दिएको थियो। उसले त्यस प्रेस्क्रिप्सनलाई सोह्र रुपियाँको नोट झैं पट्याएर खल्तीमा हाल्छ। र फूटपाथमा बरालिन थाल्छ।

कुन्नि, कतिखेर ऊ रत्नपार्क आइपुगेछ, आज अस्तिनैको चटकि रैनछ। आज 'व्याधिहर तैल' बिक्री हुँदै रहेछ। 'नक्कली होइन, सक्कली चाहिं कालो अजिङ्गर छाप, सर्वव्याधिहर तैल'। काटिएको, पोलेको, सुन्निएको, दुखेको, चोटपटक लागेको, पेट दुखेको, घाउ-खटिरा इत्यादिमा लगाउने।

ऊ एक शीशी किन्छ र घरतिर लाग्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

# इन्साफ

म मरेछु, (बाँचेको कैले पो थिएँ र !)

सबै साहित्यिकहरूलाई जस्तै मेरो लागि पनि नर्कका सीट सुरक्षित रहेछ।

लेखकको रूपमा केही परिचित भएकोले अर्थात् अपयश कमाएकोले (यश साहित्यिकहरूले कमाउँदा रहेनछन्। तिनको उच्चता तिनले गरेका कुकर्महरूले नापिँदो रहेछ, सुकर्म तिनले गर्न जान्दै जान्दा रहेनछन्) स्वयं यमराज मपट्टि तानिए।

भीषण अपराधहरूमा मैले चोरी, बेइमानी, ठगी, रहजनी, हत्या, बलात्कार, नेतागिरी, रवसीबाजी, अवसरबाजी, रन्डीबाजी, प्रेमबाजी, जागिरी, पत्रकारी, साहित्यकारी, मन्तरीगिरी, भाषणी, घुसखोरी, कालोबजारी, अफिसरी, जूवा, चोरी, तस्करी, निकासी, पैठारी, लगायत बाँच्नेहरूले गर्ने सबै सद्कार्य गरेको साबिती बयान दिएँ।

उनले फैसला सुनाए–आगे, फलानाको छोरा फलानाको नाति फलना ठाउँबाट अकाल मृत्यु मरी ल्याएको फलानालाई पाँच वर्ष

CC-0. In Public Domain. Digitization by eGangotri

तातो तेलमा भुट्नू, पाँच वर्ष आराले चिर्नू, पाँच वर्ष गुहुमा डुबाउनु, पाँच वर्ष सर्प–बिच्छी–अरिगाल आदिलाई डसाउनू, पाँच वर्ष हजार सूर्यको रापमा सुकुटी गराउनू—यसरी पच्चीस वर्षसम्म पृथ्वीमा गरेका अपराधहरूको प्रायश्चित्तको निमित्त पच्चीस वर्षसम्म रौरव कुम्भिपाक आदि सबै नर्कमा यातना दिइनेछ। साथै कुनै पनि पाप नढांटीकन कबूल गरेकोमा सबै दण्ड भुक्तान भएपछि सप्रने मौकाको निमित्त एक पटक भूलोकमा जन्म लिन पठाइने छ।

मेरो अन्तिम इच्छा सोधिन्छ।

म बिन्ती गर्छु–प्रभु मेरो पुनर्जन्म भूलोकमध्ये नेपाल भन्ने मुलुकमा होस्।

यसबाट आज्ञा हुन्छ–तथास्तु ! तेरा सबै दण्डहरू माफ गरिन्छन्, उसो भए !

(यसलाई थाहा थियो--त्यहाँ यी सबै यातना पाउन मरिरहनु पर्दैन।)

CC-0. In Public Domain. Digitization by eGangotri

# परिचय

प्रश्नः– तपाईंको शुभ नाम ?

उत्तरः– कलि

प्रश्नः– बाबुको नाम ?

उत्तरः– क्रोध

प्रश्नः– आमाको नाम ?

उत्तरः– हिंसा

प्रश्नः– बाजेको नाम ?

उत्तरः– लोभ

प्रश्नः– जीबाबुको नाम ?

उत्तरः– अधर्म

प्रश्नः– जी आमाको नाम ?

उत्तरः– मिथ्या

प्रश्नः– छोराको नाम ?

उत्तरः– भय

प्रश्नः– छोरीको नाम ?

उत्तरः– मृत्यु

प्रश्नः– नातिको नाम ?

उत्तरः– नरक

प्रश्नः– नातिनीको नाम ?

उत्तरः– यातना

CC-0. In Public Domain. Digitization by eGangotri

# स्नातकहरू

स्नातक निर्वाचन आएको छ । स्नातकहरूले आफ्ना प्रतिनिधिहरू छान्नै परेको छ । निर्वाचन के हो, स्नातक के हुन्, प्रजातन्त्र के हो भन्ने विषयमा हजारौं पाना रंगिएका छन् । साथीहरू मेरो थकाइ, उदासीनता निष्क्रियता र निरपेक्षतालाई तीखा-मीठा वचन घोचेर तताउँदै छन्— देशको नाउँमा मैले योग्य स्नातक छान्नै पर्छ भनेर म घरी घरी यौटै स्नातकलाई सम्झदै छु ।

तराईमा थिएँ । गोरखापत्र पढ्न दुर्लभ थियो । थाहा पाएँ—एक जना स्नातक गोरखापत्रका ग्राहक छन् । मैले मैत्री गाँसे—गोरखापत्रका लागि मात्र । साता दश दिनमा गोरखापत्रको मुठो उनीकहाँ आइ पुग्थ्यो । पढ्न पाइन्थ्यो । म उनीकहाँ धाउथें । तर एक दिन उनी नै मकहाँ धाएछन् । साँझ पख । बिहानदेखिनै उनले छापाको यौटा कुरा बुझेनन् यौटा शीर्षक । शीर्षकको पछिल्लो आधा रहेछ—"प्रजातन्त्रको फल" । दिनभरि घोरिएर अर्थ नलागेपछि उनी मकहाँ आएछन्, सोधे— "तपाईंले प्रजातन्त्रको फल खानु भा'छ ?"

CC-0. In Public Domain. Digitization by eGangotri

"छैन"

'देख्नु भा'छ ?'

'छैन ।'

'सुन्नु भा'छ ?'

'छैन ।'

'यो गोरखापत्र किन बोलाएको त ? यो के लेखेको—प्रजातन्त्रको फल रे ।"

असह्य यातनाले म रन्थनिएँ । उ हाम्रै विश्वविद्यालयको स्नातक थियो ।

"प्रजाजन्त्रको फलको फलसंग मिल्दोजुल्दो हुन्छ क्यार—कतै सुने जस्तो लाग्छ ।" मैले भनें ।

यसपालि आफ्नो अमूल्य मत यस्तै कुनै स्नातक उम्मेदवारलाई दिनुपरेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

# सच्चा हिन्दू

'यी साइन्टिस्‌भन्दा मूर्ख अरू हुँदैनन्'  वहाँ गर्वसाथ भन्नुहुन्छ। वहाँलाई पूर्ण विश्वास छ, आवश्यकताभन्दा बढी विश्वास छ, वहाँको ठाडो शिर लगाएको जुँघाले भन्छ, चम्किलो आँखाले भन्छ, साइन्टिसहरू मूर्ख हुन्।

'किन पण्डित बा ?' म सोध्छु।

'किन हुनु ? के जान्दछन् यी नाथेहरू। भन्या कुरा योटा साँचो हुँदैन !'

'के भो र !'

'अघि हाम्रा पुर्खाले दुई पैसामा बिसेक पारेका रोगीलाई यिनीहरू हजारौं रुपियाँ खर्च गरे पनि बचाउन सक्तैनन्।'

'हैन के भो भन्नुस् न !'

'के भन्नु छोरा, तँ त पढे--लेखेको, अंग्रेजीबाज, तर हाम्रा रिखी-मुनिको पवित्र वचनको अगाडि, पुर्खाको आशीर्वादको अगाडि यी नाथे डाक्टरको बाबुको पनि केही लाग्दैन।'

CC-0. In Public Domain. Digitization by eGangotri

'हे दैव, खुलस्त कुरा भन्नुस् न पैले !'

'के भन्नु ? ……ती मूलाहरूले भ्यास्टोमी कि फ्यास्टोमी कुन्नि के अप्रेशन गरेका रे…… बच्चा नहुने अप्रेशन क्या मेरो……।'

'ए ? कैले गर्नु भा'को थियो र ?'

'यीः यैं कान्छो छोरो जन्मेको वर्ख……यो पनि अहिले छ वर्षको भैसक्यो ।'

'ए…अनि ?'

'पर्सि फेरि छोरीको न्वारान छ, हेरन, पुर्खाको आशीर्वाद कहाँ खेर जान्छ ? तेस्ता नाथे फटाहा डाक्टरहरू !'

'अपरेशन गरेको छ मैना वर्ष दिनसम्म त गर्भ--धारण हुने सम्भावना रहन्छ रे त !'

'तेस्ता नाथेका कुरा ! हाम्रो ब्रह्मतेजको अगाडि ! अहिले छ वर्षपछि गर्भधारण भयो ।'

मेरो मुखमा बिर्को लाग्छ, स्तंभित हुन्छु ।

पंडित बा आत्मगौरवसाथ भन्न हुन्छ--'हामी हिन्दूलाई क्रिस्तानी विद्या के जित्न सक्छ ।……त्यसमाथि पनि मलाई……मेरी ब्राह्मणीलाई……।'

वहाँका जुँघा ठाडा छन् । उहाँको आँखामा चमक छ मनमा आत्मविश्वास । मुखमा विजयको मुस्कान ।

यी कुराहरूको मलाई ईर्ष्या लाग्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

# पटना-७३

म रोएँ । मलाई भारतको, पटनाको, राजेन्द्रनगरको छात्रावासको यस कोठामा रुनु पनि रहेछ ।

अघि अघि पनि रुन्थें हुँला, आमाको काख नपाएर, टांसिने छाती नपाएर, सानुमा थाहा नपाउने छँदा ।

थाहा पाउने भएर धेरै वर्षपछि फेरि रोएँ ।

किन रोएँ हैं ? कसलाई सम्झेर ? किन मेरा आँखा भनिने काँचका गुज्जा रसाए ? किन मेरो मुटु नामधारी रगत तान्ने ···फ्याँक्ने यन्त्र समेत कल्पियो ?

मान्छे जन्मिनुपर्दा रुन्छ, मर्नु पर्दा रुन्छ । भेटिंदा रुन्छ, छुट्टिंदा रुन्छ । हर्षमा रुन्छ, विस्मातमा रुन्छ । हराउँदा रुन्छ, पाउँदा रुन्छ । मैले आफ्नो घर हराएँ, देश हराएँ, आफन्त हराएँ, पढाइ हराएँ । पाएँ, के–कलम, रवसी र नकार । हराउंदा त म रोएको थिएँ, पाउँदा रोइनँ । हराउनु र पाउनुबाट म धेरै अघि मुक्त भैसकेको थिएँ । म फेरि किन रोएँ ?

CC-0. In Public Domain. Digitization by eGangotri

आँसुहरू जिन्दगीका नयाँ नयाँ ढोका घच्घच्याउँछन् । यस आँसुले नयाँ जिन्दगीको थालनी पो गऱ्यो कि ?

एक जुनीमा कति जिन्दगीहरू हुन सक्छन् ? के प्रत्येक पाइलो एक जिन्दगीको थालनी हो, र दोस्रो पाइलो त्यस थालनीको समाप्ति ? के प्रत्येक मोड जिन्दगीको मोड हो ?

सम्भवत: हो ।

आँसुका गिर्खाहरू मेरो जिन्दगीमा मोड बनेर आए । मेरा आँखाबाट कमला, गीला आँसु निस्केनन् । कोपिला होइन, ढुंगे बगर बनेर ती आए म पहाडी खोला बनेर तीमाथि बगें ।

मन्थली डाँडा ।

म ओरालो झर्दैछु । मेरा आँखा बग्दैछन् । के म रुँदैछु ? के आँसु बग्नु रुनु हो ?

गोडा चारेक घरको गाउँ छ--मन्थली । सात हजार फीट जति उँचाइमा पर्छ यो गाउँ । एक कोश जति ओर्लनु छ तल उपत्यका, मन्थली बेसी पुग्न । अलिकति खेत हिँडेपछि तामाकोशी तर्ने ठाउँ आउँछ —मन्थली घाट । त्यो तरेर म पश्चिम लाग्नेछु : काठमाडौं । म पढ्न काठमाडौं पठाइँदै छु ।

आमालाई ढोग्न निहुरिन्छु । आमा पछि हट्नुहुन्छ र भन्नुहुन्छ— 'बिदा नलेऊ बा, बिदा लिएर परदेश नलाग्नू ... चाँडै ... आउनू ।'

बिदा लिएर हिँडेपछि हिँडेको हिँड्यै होइन्छ...बेपत्ता...म आमाको गोडामा टाउको बिसाउन्नँ । फर्कन्छु । हिँड्छु । काठी कसेको घोडा मेरो पछि लाग्छ । भरिया हिँडिसकेको छ । ओरालो म मिर्ग जस्तै फुट फुट ओर्लंदैछु– ढुंगाको थाप्लै थाप्लो टेकेर । ढुंगाका बीचको

CC-0. In Public Domain. Digitization by eGangotri

माटोको गींजा मलले बगाएको छ । म आमालाई फर्केर हेर्न सक्तिनँ । मेरो रुन जान्दै नजानेको मन रूँ रूँ गर्न थाल्छ ।

भाउजू (शंकर दाजुकी दुलही) ले भन्नुभएको थियो—'तपाईं जानेहरूलाई के वास्ता ? तपाईं हिंडेपछि आमा अँ कति रुनुहुन्छ ।'

म गोठाला गएको थिएँ । भाउजू पानी भर्न आउनुभएको थियो । पाख्ले पंदेराको ठूलो सालको रूख मेरो निम्ति बोधि-वृक्ष हो, त्यसले मलाई जीवनमा पैलो पल्ट आँसुको अस्तित्व दियो, यहीं मैले थाहा पाएँ मेरो निम्ति रुने आमा पनि हुनुहुन्छ ।

म आमा सम्झन्छु ।

खरूकीको पाखा सम्झन्छु । साल र सल्ला सम्झन्छु । खस्रु, वाँझ, गुराँस सम्झन्छु । सतीबेर, काफल, ऐंसेलु, आँट, धँगेरो, किन्दुक, शिरीष, टिमुरको बन सम्झन्छु । रमिते, लिसन पानी, केउरे पानी, ठूलो पात्लेको गाई चराएको, बन्दूक बोकेर बरालिएको सम्झन्छु ।

मेरो आँखा अगाडि बढो मुहानको उठेको डाँडो छ । त्यहाँमाथि थानपति महादेवको थान छ । ती महादेव बैरा छन् रे । तिनीसंग कराएर वर माग्नुपर्छ रे । सुने भने मागेको दिन्छन् रे । कुमारीहरू लाजले क्यै माग्दैनन्, गृहिणीहरू लाज पचाएर कराई कराई सन्तान माग्छन् । थानपतिले दिएका सन्तान यता हुँदी थुप्रै छन् । हाम्री आमाले सन्तान माग्नुपरेन । हामी तेह्र थाम फटफट जन्म्यौं । तीनवटा दाजुहरू हुर्केनन् । साढे पाँच फुटभन्दा अग्ला, साठी किलोग्रामभन्दा गह्रौं हामी चार भाइ ज्यूँदा छौं, सग्ला छौं । आमा भन्नुहुन्थ्यो—'सबै भन्थे, यस्ता छोराहरूकी आमा कस्ती भाग्यमानी होली !'

CC-0. In Public Domain. Digitization by eGangotri



डाँडाको पश्चिमतिर पगरवास खोलाको गहिरो र परसम्म लामु खोल्सो देखा पर्छ । झन् पश्चिममा पगरवास डाँडा छ । अनि छ भोलि मैले उक्लनुपर्ने सान्नेको नाक ठोकिने उकालो । पगरवास माडीका खेत-हरू, अनि तामाकोशी ।.. तामाकोशी.. तामाकोशी...तामाकोशी मेरी प्रथम प्रेमिका हो । सप्तकोशीको यस शाखाले मलाई पैलो रोमाञ्च दिएथ्यो । यसलाई मत्थली पाखाबाट आँखाले पिएर दिनभरी पिएर अघाउन्नँ । यससंग म दोहोरी गाउँछु । पहाडी नदी संधै चेतन हुन्छ । हिम शिशिर वसन्तामासको पहिरन नीलो संग्लो हुन्छ । देख्दै खाउँ खाउँ जस्तो, डुबूँ डुबूँ जस्तो । ग्रीष्ममा माथ्लो पन सेतो हुन्छ, हिमाल पग्लेर आइपुग्छ । पानी बढ्छ, चीसो पानी बढ्छ । लेक वर्षेको छ भने बढी कालो, गढतिर बर्सेको छ भने बढी रातो होइन भने वर्षाभरी मैलो । कहिले काहीं पहेंलो पनि । लेकबाट मूढा आउन थाल्छन् । माउँ बगेको छ भने घरका थाम, तिदाल, दलिन डुब्दै उत्रिदै मुल्कै मुल्को कुद्छन् । डांढे पैरिएको छ भने गोरु जत्रा माछा पाखामा अफालिन्छन्—ज्यादै धमिलो पानीमा बाँच्न नसकेर ।…अनि, अनि वल्ल मूल फुट्छ । मूल फुट्न यति विघ्न हुनुपर्छ । …मेरो आँखाको मूल एकाएक, केही नभइकन कसरी फुटचो ? शरदको सङ्लो भेल जस्तो मेरो आँसु…।

लाग्छ यो कोशीसंग मेरो आत्मीय सम्बन्ध छ, यसमाथि मेरो हार्दिक अधिकार छ । मेरा पुर्खा यसैको काखमा डढे, मलाई पनि यसैको छेउमा आगो लागिमाग्ने धोको छ । कोशी तन्वी हो । त्यो डांडाका कातकाते बगेकी छ, नांगै सुतेकी छ । मेरा आँखा त्यसको पाउबाट थालेर त्यसको बांगो टिंगो शरीर जम्मै सुम्सुम्याएर सिउदोसम्म पुग्छन् ।

सिउदोपछाडि चरिकोट जाने उकालो ठडिन्छ । उसरतिर जफे भालुको टार खेतका गरा, डांडाको थाप्लोमा । अनि गौरी शङ्कर

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाल । पूर्वतिर गिद्धको लेक । रनजोर खोलाको शिरको भीषण पैरो । सालु देउराली । सुकाजोर खोलाको शिर । हिलेपानी । यहाँबाट अलिकति यतै पर्छ रामेछाप ।

मेरो मुटुमा सम्पूर्ण दृश्यको नक्सा घुम्छ । ढुङ्गाको, माटाको, वनको, पहराको, खोल्साको, चराको, चिने जानेका मान्छेको ...अहँ म कैल्यै फर्कन्नँ मन्थली ... कैल्यै पनि ... बाँचुञ्जेल ... अहँ ... अहँ फर्कंदै फर्कन्नँ ... ।

म आफूसंग पढ्ने साथीहरू सम्भन्छु ...।

घाट तर्न डुङ्गा चढ्छु । बा मलाई खर्च दिंदै भन्नुहुन्छ—'राम्ररी पढ्नू ।'

मैले कैल्यै राम्ररी पढिनँ ।

गुलाफ मैया सोध्छे—'संचो छैन ?'

'किन ?'

'अनुहार किन पहेंलो ?'

'रगत नभएर ।'

'संचो नभै नभै किन क्लास गर्नु पर्‍यो ?' केटा र केटी गरी हामी सवा सय जति आई. एस्सी. का विद्यार्थीहरू एउटा क्लास सकेर अर्कोमा जाँदैछौं । ऊ कुन्नि कताबाट, कुन्नि किन मनिर आइपुग्छे ।

मलाई भनुँ भनुँ लाग्छ—'म भोकै छु ।' मैले आजसम्म कसैसंग यै एउटा कुरा भन्न सकेको छैन । भन्दिनं । उसप्रति श्रद्धा जाग्छ । क्लास छाडिदिन्छु । यसै दिन भोकभोकै पढेर ठूलो मान्छे नहुने निधो गर्छु । ...हिजो विहानदेखि म भोकै थिएँ । हिजो विहान कुन्नि कसरी भात जुरेको थियो । हामी चारजना विद्यार्थीको भान्सा थियो । दुई जना

CC-0. In Public Domain. Digitization by eGangotri

दाजुहरू थिए, दुई जना भाइहरू थियौं । दाजुहरू मेसका भान्से मात्रै थिए, हामी भाइहरू भान्से र भाँडा माझ्ने नोकर पनि थियौं । केही दिनदेखि चूल्हो बल्दैनथ्यो, हामी मागी खाँदैनथ्यौ, हामी इज्जतदार थियौं । हिजो साँझ म दश पैसाको भटमास खाएर सुतेका थिएँ । एकोहोरो आङ्को थिएँ । गहिरा आँखा झन् गहिरोमा भासिएका थिए । त्यति वेलामा गुलाफ मैयाँभन्दा एक कप चियाको लागि कल्पिरहेको थिएँ ।

डेरा फर्केर म रोएँ ।

भाइले भन्यो, म घर छाडिदिन्छु ।

म चूप लागिरहें ।

सुनिरहें ।

मनले भन्यो, चार मैनाको पेट वोकेकी स्वास्नी बोकेर के एड-वेञ्चर गर्छस् ?

उसले मेरो मनको कुरा सुन्यो ।

म डाइवरी गरेर पनि स्वास्नी पाल्न सक्छु, उसले भन्यो ।

डाइबरी गरेर स्वास्नी पाल्ने साहस नभएर मैले स्वास्नी ल्याएको थिइनँ । बाबु, दाजुसँग पाली माग्न स्वास्नी फकाउने मेरो सिद्धान्त थिएन ।

मैले केही भनिनँ ।

एकाएक ऊ डाँको छोडेर रुन लाग्यो ।

म फुल्याउन लागें ।

र, म पनि रुन लागें ।

मेरो घर भए म तँलाई जान दिने थिइनँ, मैले भनें ।

घर भएको भए तँ यसो भन्ने थिइनस्, उसको मनले भन्यो होला, सोचें ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसले घर त्यागी दियो।
मैले घर समाएकै थिइनँ।
आमाले भन्नुभो, अरू आठ वर्ष बाँच्छु।

मान्छेको शरीरको खंडकुरोमा जब यातना उम्लेर बाफ बन्दछ—त्यो आँसु बनेर चुहिन्छ। त्यस आँसुलाई रक्सी पनि भन्दछन्।

मेरा बगेका आँसुका थोपा जब म भएको ठाउँ फेरि आए—ती रक्सीको नदीको रूपमा आए।

ज़तिञ्लेल मैभे रक्सीको नदीमा पौडी खेलें, मेरा आँशु बगेनन्। बिखको औषती बिख।

मैले सोचेथें, त्रिभुवन विमानस्थलमा एभ्रोको ढोका संगसंगै मेरो जिन्दगीको एउटा पानु ढप्कियो र पटना विमानस्थलमा खुलेको त्यही ढोका संगसंगै जिन्दगीको अर्को पानु उघ्रियो।

रक्सी मैले काठमाडौंसंगै छाडिदिए। लामा दारी खौरें। साहित्यकारिता, पत्रकारिता र जीवनको 'त्यो' ढर्रा औरङ्गजेबले संगीतलाई गाडेको जस्तो गरी त्यहीं गाडिदिए।...फेरि विद्यार्थी हुने चेष्टा गरें। होस्टलमा बसें।

पटनाले मलाई धेरै थोक दियो—ती चीजहरू, जो समयलें मसंग असमयमा खोसेको थियो—यूनिभर्सिटी, संगै पढ्ने साथीहरू, विद्यार्थी जीवन।

मैले भनें—'म अब म यहाँबाट चाँडै जान्छु।'

'म पनि संगै जान्छु'—उसले भनी र मेरो कुममा घोप्टिएर रुन थाली।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ जान्दछे, यो सम्भव छैन । तर कताकता घिताउँछे, कुनै चमत्कार भएर सम्भव हुन्छ कि ?

म त्यो पनि देख्दिनं । चमत्कार गर्ने मै हुँ, त्यसो गर्ने विचारमा म छैन ।

रेस्त्रांभरीका आँखा हामीलाई दृष्टि हिर्काइरहेछन् । ती दृष्टि हामीलाई घोच्छन्, घाउ लाउँछन्, चोट लाउँछन्, तर छेड्न सक्दैनन् । म तिनीहरूलाई टेर्दिनँ—एक त हिन्दुस्थान, त्यसमाथि बिहार । मलाई लाग्छ, यो पटना–७३ जात्रा हो, एशिया–७२ जस्तै म आफ्नू सुर छाड्दिनँ ।

म आँखा घुमाउँछु । चारैतिर हाम्रै खस्याकखुसुक छ । कराएर बोल्ने या छुरा तन्काए 'खबरदार, भारतीय संस्कृतिमा दाग नलगा ।' भन्ने 'मिस्टर बिहार' या 'बिहार-श्री' भने कोही निस्केको छैन ।

बेरा तुरुन्तै आएर सोध्छ, के ल्याउँ ? तिमीहरू यहाँ त्यसो नगर, वा बाहिर आओ भन्न पठाएको हो म्यानेजरले त्यसलाई । पैले ल्याएको सिद्धिएको छैन । म भन्छु—'दुई कप कफी ।'

कफी तुरुन्तै आइपुग्छ ।
म फुलाइरहन्छु । ऊ रोइरहन्छे ।
वेरा फेरि सोध्न आउँछ, के ल्याऊँ ?
यो दोस्रो वार्निङ हो ।
म बुरू पचाएर वस्छु । भन्छु—'एकछिनपछि आइज ।'
म उसका आँसु पुछिदिन्छु ।
ऊ एकछिनपछि फेरि आउँछ ।
'दुई कप कफी',—म भन्छु ।
म फेरि चारैतिर हेर्छु । रेस्त्रांभरीका मान्छेको मुटु चड्का बज्न

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्छ, हाम्रो होइन। हाम्रो पूरा चड्का भएर मथ्थर भैसकेको छ। एउटी केटीलाई कुममा थाप्नु हुँदैन मैले ? मेरो यो अधिकार छैन ? नभए हुनुपर्छ।

रेस्त्रांको वातावरण विस्फोट हुन आँटयो। संगीत थामियो। म्यानेजर उठयो। उसको ईर्ष्याले सीमा नाघ्यो। ऊ भन्छ—'खाइसक्नु-भएको भए पाल्नुहोस्, यो खाजा खाने ठाउँ हो।'

अर्थात् म्वाई खाने ठाउँ होइन ? म मनमनै भन्छु र सोध्छु र—"तपाईंको विचारमा म के गर्दैछु ?"

"मलाई म क्यै छैन... म त क्यै गरेको देख्दिनँ.. तर ग्राहकहरू ... रेस्त्रांको..." ऊ भन्दै हुन्छ। म पूरा गरिदिन्छु—, "बदनामी हुन्छ ! ... बदनामी हुन्छ होइन ! भए होस् !"

र म्यानेजनलाई राम्ररी देखाएर म्वाई खान्छु।

यो सम्पूर्ण रेस्त्रां स्टेज जस्तो लाग्छ। म महानायक हूँ। ऊ महानायिका। नायक र नायिकाको बीच सारा संसार मिलेर हुन्छ–हामी वरिपरिका जम्मै आँखा खलनायक हुन्। हामी दुःखान्तको अन्तिम दृश्यको रिहर्सल गर्दैछौं। म उसका आँसु पुछिदिन्छु।

"हेर, म जँडयाहा हुँ, तँ इज्जतदार केटी होस्। तेरो निम्ति उपयुक्त छैन" म भन्छु।

"मेरो निम्ति को उपयुक्त हुन्छ, को हुँदैन, त्यो मैले जान्ने कुरा हो"—ऊ भन्छे।

म पुराणका, इतिहासका, विश्व साहित्यका, टोलका, घरका प्रेमिकाहरू एकै पल्ट सम्झन्छु।

मेरो छातीमा टाउको बिसाएर रुने यो कुन मार्का हो ?

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ जान उभिन्छे ।

म चाहन्छु, उसलाई अँगाल्न, तर त्यसो गर्दिनँ ।

ऊ जान्छे । म बेरालाई भन्छु, डबल पेग ह्विस्की, एक ।

काँचको भुईंमा बनेको ह्विस्कीको पोखरीमा, मेरो चेतनाका केही माछाहरू सल्बलाउँछन्— मेरा नजिकका नाताहरू, साथीहरू... ।

ठूल्दाजु भन्नुहुन्छ, हामी छुट्टिनुपर्छ ।

सान्दाजु भन्नुहुन्छ, यो घरमा आगो लागे पनि मेरो चित्त मलिकति पनि दुख्तैन ।

म भन्छु, कोरा लिफामा म सही गरिदिन्छु, तपाईंहरू जे मन-लाग्छ गर्नुस्, मन्जूर छ. मलाई अंश चाहिँदैन ।

भाइ भन्छ, तिमीहरूकहाँ अब म बन्दूक बोकेर मात्तै आउँछु ।

आमा भन्नु हुन्छ, सबैका लागि जाती थिएँ, बुहारीलाई म खेदो गर्न भएँ ।

बा भन्नु हुन्छ, अैले केही लेओ, हामी मरेपछि मात्र फोरेर, तील घोटेर बाँड्नू ।

वैद्य भन्छ यसपालिको बाली असिनाले खत्तम भयो ।

पारिजात भन्नुहुन्छ, समयमा मैले रूप, शरीर, बौद्धिकता, गुण महत्ता सबै बेच्न सक्न पर्थ्यो ।

कटुवाल दाइ भन्छ, भरेको छाकलाई दश रुपियाँ फिक् त ।

महानायिका भन्छे, तेरो अनुहार र व्यवहारमा दिन र रातको फरक छ ।

आठ बजे बिउँझिएँ । सोफे बारमा पुगें, हिजोको तुस मार्नु जरूरी थियो । एक्लैं खान मन लागेन । बोतल बोकेर ओ. पी. सिंहको कोठामा पुगें । पर्सि उसले प. स. क. को अन्तिम पेपर दिनु छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

"ओ. पी. बोतल फोर ।"

"न खा ! न खा ! मातेर के गर्छस् ? मातलाई त उत्रिनु छ, छ ।" ऊ उपदेश दिन्छ हरेक जँडयाहा उपदेश दिन्छ । म पनि कट्टुवाल-लाई यसै भन्थें । देवानलाई यसै भन्थें । वैद्यलाई यसै भन्थें ।

"पानी ल्याउँ ?"

"पानी मिसाएर म रक्सीको बेइज्जत गर्दिनँ"—म भन्छु ।

ठूलो बोतल, दुई घुट्कोमा ऊ आधा निखार्छ । र कुर्चीमा बसेर रुन थाल्छ ।

बाँकी आधा म निखार्छु । र फुल्याउन थाल्छु ।

एकाएक मलाई आंसु सल्किन्छ । म रुन थाल्छु र ऊ फुल्याउन थाल्छ ।

हामी दुवै फुलिन्छौं, अनि म सोध्छु—"ओ. पी. तेरो आत्महत्या के भएर असफल भयो रे ?" परार उसले मुसा मार्ने ओखती अथवा बिख खाएको थियो ।

'घरका मान्छेले चाँडै थाहा पाए"—ऊ भन्छ "वास्तवमा मैले राति खाएर सुत्नुपर्ने दिउँसो खाएँ ।"

"यो हाम्रो पढ्ने उमेर होइन, बुझिस् ?" "ठीक भनिस् । पढ्न मन छैन । बरु जाउँ कलेजतिर डुल्न ।" भन्छ ।

युनिवर्सिटी क्यान्टिनको सानु र बेग्लै कोठा हामीले रोज्यौं । केही नायिकाहरूले साथ दिए ।

यौटी भन्छे—"के गह्नाएको आज यो कोठामा, पेट्रोल जस्तो...।"

ओ. पी. र म नजानिंदो हेराहेर गरेर आँखामा मुस्काउँछौं । थाहा पाए ! या पाएनन् ! जे सुकै गरुन् ! यो भाग्यमानी हो । जाँड नखानेको स्वास्नी भाग्यमानी हुन्छे ।

CC-0. In Public Domain. Digitization by eGangotri

अनि खित्का छोडेर हाँस्छु । कुन्नि किन भित्रबाट मूल फुटेको जस्तो गरी हाँसो फुटिरहेको छ । रोकिदै रोकिन्न । सात वर्ष अघि मन्थली छोड्दा यसै गरी हाँसो होइन आंसु फुटेको थियो । तिनीहरूसंग बसेर दुई घण्टा चिया खाउन्जेल, गफ गरुन्जेल हांसोले मेरो गला बस्यो ।

ओ. पी. भन्छ—"विहानभरी रोयो । अहिले हाँसी हांसी मर्न लाग्यो ।"

"किन रोएको ?" महानायिका सोध्छे ।

"रुने गरेको ।"

"तिमी प्रेमको पनि एक्सपेरिमेण्ट गर्छौ, होइन ?" सहनायिका सोध्छे ।

"म जीवनको एक्सपेरिमेन्ट गर्छु"—म भन्छु ।

—O—

CC-0. In Public Domain. Digitization by eGangotri

# अनिंदो

शून्यको भित्तामा कतै हानेको घण्टले म जागराम बसेका घन्टाहरू यसरी गनाउँछ—

० ० ० ० ० ० ० ० ० ० ० ०

०

० ०

० ० ०

० ० ० ०

कुखुरी काँ

म कोल्टे फर्कन्छु । पढुँ ! मट्टितेल छैन । बजारमा पाइन्न । सूर्य नामक नेपालीहरूको लालटिनी बलेको छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

# टुँडिखेल

'अहँ, बस्तै नबसौं, गइहालौं' उसले मुखै बिगारेर भन्यो ।

'किन र ?'

'पैले जाउँ, अनि कुरा गरौंला' भन्ने उसको आशय मैले बुझें । बुझेर पनि पक्क परिरहें । उ मलाई वास्ता नगरेरै भऱ्याङ्ग ओर्लन लाग्यो । 'एक छिनपछि आउँला है आमा' भनेर म साहुनीसंग अपराधी झैं बिदा हुँदै पछि लागें ।

सडकमा उभिएर उ एउटा लामो सास फेर्छ, भन्छ—'तिमीलाई मक्काएका दलिन भएको, थर्किने तला भएको घरको पांचौं तलामा निर्धक्क बस्न डर लाग्दैन ?'

उसले अधिकार जनाउँदै सोधेको छ ।

के जवाफ दिउँ ? डर लाग्छ तर पनि डराएर साध्य छैन । लाग्दैन पनि । म भन्छु 'काठमाडौंमा आधिसरो घर यस्तै छन् ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'भए के भो त, तिमी र म डेरा गरी बस्ने मान्छेलाई ? हामी गतिलो घर भाडामा लिन्छौं'—उ भन्छ ।

'किन र, भुइँचालो, तिमी र म त्यस्तो घरमा पाचौं तलामा बसेको वेलामा आउँछ नै र ?'—म सोध्छु ।

'आउँदैन भन्ने के छ ? नआओस्, तर हामी सतर्क हुनुपर्छ'—उ भन्छ ।

'सतर्क अँ, सतर्क, सगर खस्छ भनेर हुटिटचाउँले ठाडो खुट्टा लगाई बस्छ रे सगर थाम्न । हो हामी हुटिटचाउँ जस्तै सतर्क हुन सक्छौं, हैन त ?'—म भन्छु । उ ठुस्किन्छ । हामी हिँडिरहन्छौं ।

धेरै वर्षपछि हामी भेट भएका थियौं । धेरै वर्षअघि हामी एउटै थालमा खाएर एउटै ओछयानमा सुतेर वर्षौं बिताएका साथी थियौं, झोला बोकेर कोसौं पैदल चह्रारेका थियौं । भोक-भोकै या आधा–पेट चना-भुजा फुक्याउँदै 'जनताको सेवा' गरेका थियौं । हामी एउटै पार्टीका कार्यकर्ता थियौं, र भन्दछन्, खूब सक्रिय थियौं रे । पार्टीलाई हामीहरू-बाट ठूलो आशा थियो रे । तर अचेल सुकिलो लगाउने सिलसिलामा म सिआइडीगिरी गर्न लागेको थिएँ तर उ मैलो लगाउँदो रहेछ । तराईबाट भर्खर आइपुगेको थियो ऊ । मलाई त्यहाँको भूमिगत गतिविधि जान्नु अत्यावश्यक थियो, अतः मैले उसलाई एकान्त ठाउँमा रक्सी ख्वाउन लगेको थिएँ ।

तर ऊ ठेलैबाट फर्केर हिंड्यो ।

एउटा कार वेगले छेवैबाट गयो । उसले भन्यो—'काठमाडौंमा ज्यान ज्यान क्यै पनि छैन हगि ? कसरी हांक्छन् यहांका मान्छे !'

'जहां पनि त्यस्तै हो, जान जहां पनि सस्तो भएको छैन र ?' म सोध्छु ।

'छ, तर यहां दुर्घटना सस्ता छन् ।'

CC-0. In Public Domain. Digitization by eGangotri

# टुँडिखेल

'अहँ, बस्तै नबसौं, गइहालौं' उसले मुखै बिगारेर भन्यो ।

'किन र ?'

'पैले जाउँ, अनि कुरा गरौंला' भन्ने उसको आशय मैले बुझें । बुझेर पनि पक्क परिरहें । उ मलाई बास्ता नगरेरै भऱ्याङ्ग ओर्लन लाग्यो । 'एक छिनपछि आउँला है आमा' भनेर म साहुनीसंग अपराधी झैं बिदा हुँदै पछि लागें ।

सडकमा उभिएर उ एउटा लामो सास फेर्छ, भन्छ—'तिमीलाई मक्काएका दलिन भएको, थर्किने तला भएको घरको पांचौं तलामा निर्धक्क बस्न डर लाग्दैन ?'

उसले अधिकार जनाउँदै सोधेको छ ।

के जवाफ दिउँ ? डर लाग्छ तर पनि डराएर साध्य छैन । लाग्दैन पनि । म भन्छु 'काठमाडौंमा आधिसरो घर यस्तै छन् ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'भए के भो त, तिमी र म डेरा गरी बस्ने मान्छेलाई ? हामी गतिलो घर भाडामा लिन्छौं'—उ भन्छ ।

'किन र, भुइँचालो, तिमी र म त्यस्तो घरमा पाचौं तल्लामा बसेको वेलामा आउँछ नै र ?'—म सोध्छु ।

'आउँदैन भन्ने के छ ? नआओस्, तर हामी सतर्क हुनुपर्छ'—उ भन्छ ।

'सतर्क अँ, सतर्क, सगर खस्छ भनेर हुटिटचाउँले ठाडो खुट्टा लगाई बस्छ रे सगर थाम्न । हो हामी हुटिटचाउँ जस्तै सतर्क हुन सक्छौं, हैन त ?'—म भन्छु । उ ठुस्किन्छ । हामी हिँडिरहन्छौं ।

धेरै वर्षपछि हामी भेट भएका थियौं । धेरै वर्षअघि हामी एउटै थालमा खाएर एउटै ओछयानमा सुतेर वर्षौं बिताएका साथी थियौं, झोला बोकेर कोसौं पैदल चह्रारेका थियौं । भोक-भोकै या आधा–पेट चना-भुजा फुक्यांउँदै 'जनताको सेवा' गरेका थियौं । हामी एउटै पार्टीका कार्यकर्ता थियौं, र भन्दछन्, खूब सक्रिय थियौं रे । पार्टीलाई हामीहरू-बाट ठूलो आशा थियो रे । तर अचेल सुकिलो लगाउने सिलसिलामा म सिआइडीगिरी गर्न लागेको थिएँ तर उ मैलो लगाउँदो रहेछ । तराईबाट भर्खर आइपुगेको थियो ऊ । मलाई त्यहांको भूमिगत गतिविधि जान्नु अत्यावश्यक थियो, अतः मैले उसलाई एकान्त ठाउँमा रक्सी ख्वाउन लगेको थिएँ ।

तर ऊ ठेलैबाट फर्केर हिंड्यो ।

एउटा कार बेगले छेवैबाट गयो । उसले भन्यो—'काठमाडौंमा ज्यान ज्यान क्यै पनि छैन हगि ? कसरी हांक्छन् यहांका मान्छे !'

'जहां पनि त्यस्तै हो, जान जहां पनि सस्तो भएको छैन र ?' म सोध्छु ।

'छ, तर यहां दुर्घटना सस्ता छन् ।'

CC-0. In Public Domain. Digitization by eGangotri

'छन् अब के लाग्छ ? आफू जोगिनुपर्छ'—भन्छु ।

'कसरी जोगिन्छौ तिमी ? बाटो हिँडिरहँदा कुन मोटर साइकलले कतिबेर धक्का दिने हो; के, थाहा पाएर सतर्क हुन्छौ ? पेटीबाट हिँड्दा पनि कुन मोटर पेटीमै उक्लेर चेप्टयाउने हो, कसरी अन्दाज गर्न सक्छौ तिमी ? सतर्कता भनेको गफ हो । त्यसो भनेर राम्ररी हेर्दै नहेरी बाटो काट भनेको होइन ? अँ, सतर्क भएर गल्ली र छेडोहरूको बाटो पैल्याएर हिँड्न सकिन्छ । सवारीबाट जोगिने उपाय त त्यो हो—तर त्यहाँ पनि पूरा सेफ छैन......गल्ली र गलछेँडाहरूबाट हिँडेर पनि मैले हेरिसकेको छु . . . . .ती मक्काएका र भनौला बाँसको लिंगो जस्ता बांगिएका धराप घरहरूको छेउबाट कसरी हिँड्नु ? के ठेगान आफैमाथि पो खस्ने हुन् कि, ती जगँदेखि चिरिएर बसेका ओध्रा, धराप !'

ऊ चूप लाग्यो, तर मलाई बोलाइछाड्न मन लाग्यो । कुरा उप्काइ मात्र दिएपछि ऊ भाषण दिनेछ—मलाई विश्वास भयो । भाषण त अघि हामी गाउँ-गाउँमा संगै दिएर हिँड्थ्यौं, तर यस्ता खाले होइनन् । हाम्रा गुरुहरूको उपदेशअनुसार 'जनतामा चेतना भर्ने', 'जनतामा क्रान्तिकारी उत्साह भर्ने कुराहरू फलाक्थ्यौं–यस्ता फोबियाग्रस्त कुरा होइन । मलाई रमाइलै लागेकोले उकासें—'बाइरोडमा कसरी आयौ ? पैदल कि ?'

'पैदल हिँडेर साध्य छ यो युगमा पनि ? यी हेरन हामी पैदलै त हिँड्दै छौं, तर कुनै बेला पनि मर्न सक्छौं । . . . .म मरिन्छ भनेर मोटर, रेल, जहाज नचढ्ने मान्छे होइन, तिमीलाई थाहै छ, नचढेर सम्भव छैन. . . . .यो बेग्लै कुरा हो, म ती भित्र रहुन्जेल कुनै पनि क्षण दुर्घटनाग्रसित हुन सकिने बाध्यतालाई स्वीकार गरिरहेको हुन्छु. . . . . . .यात्रा टुंगिदा मुक्तिको अनुभव गर्छु......मुक्ति !'

CC-0. In Public Domain. Digitization by eGangotri

उसले लामो सास फेऱ्यो। मैले ठुटो चुरोट उसतिर तेर्स्याइदिएँ। म चाहन्थें, ऊ थकाइ मारोस्। म उसलाई ठिक माया लागिसकेको थिएँ।

'चुरोट!' ऊ भन्न थाल्छ, 'चुरोट खान्छु, चुरोट खान्छु म, तर सयकडौं चोटि छोडिसकें. . . .तैपनि छाड्न सकेको छैन. . . .चुरोटको गहिरो सर्को तान्दा म आफ्नो फोक्सोमा क्यान्सर अनुभव गरिरहेको हुन्छु... ... साँच्चै हरेक चीजमा त्रास देखिरहेको छु... ...!'

दोबाटे भट्टीबाट निस्कँदा म पूरा मात्तेको हुन्छु। मैले चाहेको थिएँ उसलाई मताउन र उसबाट कुरा सुन्न। तर अब मलाई वास्ता छुटेछ—उसबाट कुरा धुत्न अथवा नधुत्न। धेरैपछि भेट भएको साथी थियो, कतै माया पनि हुँदो रहेछ, पल्लाएछ।

'अघि हामी रक्सी खान्नथ्यौं हगि? यसलाई हामी गरीबको रगत भन्थ्यौं। तर आज खान्छौं। रक्सी खाएर पनि म निश्चिन्त भएको हुन्नँ। मलाईं जति जति मात लाग्दै जान्छ, उति उति लागेर मेरो कलेको डचामेज भइसकेको छ, मैले बाँच्नु छ भने रक्सी खानु हुँदैन... तर मैले रक्सी छाड्न सकेको छैन।'

रक्सी खाएपछि ऊ बतौरो हुन्थ्यो, यो मलाई थाहा थियो। पार्टीको सच्चा भक्त हुनु अघि ऊ र म संगै मात्थ्यौं र पछि मात्र छाडिदिएका थियौं।

हामी ढनमनाई पनि रहेका थियौं। ... ...ढनमनाउँदै पनि हामी फेरि सडक छेउको अर्को सस्तो भट्टीमा पस्यौं र थप्यौं। यद्यपि मेरो खर्च गर्ने स्थिति थिएन। मैले यो भात खाने पैसा मासेर रक्सी खाँदै थिएँ। यस कुराले मलाई चिमोट्यो। तर सजिलै मातिदिएँ। फेरि फन् ढुनमुनिँदै हिड्यौं।

सभ्य मानिसहरूले झैं एक वथान कुकुरहरू पनि एउटी कुकुर्नीको पछि पछि कुद्दै थिए—ङ्याङ्र्यार ङुरुङुर गर्दै थिए—मैले एउटा

CC-0. In Public Domain. Digitization by eGangotri

कुकुरलाई लात्ताले भुक्क हिर्काएँ । कुकुर आक्रोश र वेदना मिसिएको स्वर निकाल्दै कुद्यो । ऊ भन्न लाग्यो—'किन कुकुरलाई यसरी जिस्क्याउँछौ, थाहा छैन यसको राल मात्रले हाइड्रोफोबिया गराइदिन्छ ।... ... म त छेवैबाट सट्टै कुकुर गयो भने पनि बौलाहा देख्छु । उसले नटोके पनि टोकेको देख्छु र आफूलाई हाइड्रोफोबिया भएर दौडिरहेको पो अनुभव गर्छु त... .. ।'

अब मलाइ उसका केही कुरामा विचार गर्न मन लाग्न थाल्छ । अब म साँच्चै सिरियस भएर सोध्न थाल्छु—'उसो भए तिमीलाई मान्छेसंग पनि त डर लाग्छ होला ?'

ऊ भन्छ 'अवश्य । सबभन्दा खतरनाक मान्छे नै हो । यसले कुनै पनि बेला तिमीलाई पछिल्तिरबाट छुरा हान्न सक्छ । लात्ती हान्न सक्छ ! घाँटी मस्काउन सक्छ । त्यसैले तिमीले याद गरेका हौला म लगातार एकैतिर हेरेर उभिन सक्तिनँ । म टाउको घुमाइरहन्छु । मलाई आफ्नो पिठ्यूँ पट्टिबाट सबभन्दा डर लागिरहेको हुन्छ ।'

'मैले तिमीसंग पनि डराउनु पर्ने हो, तर कुनि किन डराइनँ, एउटा तिम्रै निजी कुरा भन्छु, माफ गरे, तिमी सी. आइ. डी. हौ. मलाई थाहा थियो, तर तिमीसंग संगत गर्न मैले आपद देखिनँ, किनभने तिमी पेटको लागि त्यसो गर्दछौ, अब म चाहन्छु, कृपया मलाई पनि यस्तै (या कस्तै पनि) एउटा नोकरी खोजिदेऊ !'

उसको कुराले मलाई भातमा सितन दिइराखेको थियो, तर जब उसले मेरो कुरा भन्यो, मेरो मात उड्यो । मलाई जाडो लाग्न लाग्यो । मैले सोधें—'पार्टीमा काम गर्दैनौ ?' 'गरिरा'छु' अहिले म वारेन्टमा छु । तर अब नगर्ने विचार छ । अब म पनि बिक्ने विचारमा छु । हाम्रा ठूला बडा नेता सजिलै बिकेका छन् भने तिमी र म बिक्नु के कुरा हो, हामी त साधारण कार्यकर्ता नै हौं !'

म पक्क परें ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसले भनिसक्यो—

'जब केहीमा आस्था थियो—बाँच्न र मर्न सजिलो थियो। यस अर्थमा ईश्वरमा आस्था राख्ने हाम्रा पुर्खा सुखी थिए। एउटा दिन थियो तिमी र ममा पनि आस्था थियो। आज छैन। नभएर नै जस्तो लाग्छ म हृदयको साह्रै दुर्बल भएको छु... ... ...त्यसैले म पार्टीको काम गर्दिनँ अब .. ... ... ...म बाँच्न चाहन्छु जसरी सबै बाँच्तछन्... ...कुकुर जस्तो भए पनि... . !'

हामी टुँडिखेल पुगेका थियौं। एक बोतल खुकुरी रम मैले फेरि किनेको थिएँ। सक्दो घुट्को निल्दै भनें—'हामी बाँच्छौं। हामी रक्सी खाएर पनि त बाँच्छौं नि, भात खान नपाए... ...।'

आज मलाई ती धेरै रातहरू सम्झना आइरहेका थिए—जब हामी भोकै सुतिरहेका हुन्थ्यौं र हामीलाई सिद्धान्तले, आस्थाले बल दिइरहेको हुन्थ्यो। हामी एक अर्कालाई झन् माया, झन् झन् माया गरिरहेका हुन्थ्यौं—हो आज मलाई उसको त्यस्तै माया, त्यत्तिकै माया, अझ त्यो भन्दा पनि बढी माया लागिरहेको थियो।

उसले दुई तीन घुट्का लगातार खायो र भन्यो—'यो टुँडिखेल होइन ?... ...म यी शान्त दुबोहरूमा बन्दूकका नालको तातो अनुभव गरिरहेको छु। मलाई लाग्छ, म कता कता युद्ध क्षेत्रमा छु... ...मलाई दुबोसंग डर लाग्छ।'

म सुनिरहें।

ऊ झोक्रायो।

सिसी सिध्याएर म पनि झोक्राएँ।

'साँच्चै म युद्ध क्षेत्रमा बस्न चाहन्नँ, म जान चाहन्छु... ...तर मेरो डरा छैन, हिजो आएको भनेर मैले तिमीलाई ढाँटेको मात्रै हुँ, म आजै आएको हुँ; मसंग केही पनि छैन।'

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ उठ्न खोज्छ। म भन्छु—'मसंग छ नि सबै थोक, डेरा-डण्डा।'

तर ऊ एक पाइला चाल्न नसकेर भुक्लुक्क ढल्छ।

म पनि ढल्छु।

ऊ बर्बराइरहन्छ—'यो टुँडिखेल युद्ध क्षेत्र नभए निरापद थियो, निरापद ... ...।'

CC-0. In Public Domain. Digitization by eGangotri

# षष्ठी–तत्वबोध

अचेल मलाई तत्वबोध हुन लागेको छ, भैरहन्छ ।

हिंड्दा, खाँदा, बस्ता, सुत्दा, चुठ्दा, मुत्दा तत्वबोध भैरहन्छ ।

जागीरको खोजमा गोरखापत्र चाट्ता यो क्लाइमेक्समा पुग्छ । 'आवश्यकता' फेला पारेपछि 'सोर्स' फेला पार्न नसक्दा यो एन्टी–क्लाइमेक्समा पुग्छ । त्यसमाथि राती हल्लन्टाट भएर डेरा फर्केपछि, दिनभरि चिया सुर्केर बाँकी रिन लिएका केही खुद्रा पैसाले सात सालदेखि हिजो अस्तिसम्म एक टक्कार भाउ-दश पैसामा (जुन हाल ३०।४० पैसा पुगेको छ) कप नमीठो चिया र मायालुलाई मन पर्ने आसा सुर्केर सुत्नुपर्दा मेरो तत्वबोध एन्टी–एन्टी–क्लाइमेक्समा पुग्छ । सत्तरी वर्षभन्दा अघिको गोरखापत्रबाट बजारको दर भाउ छापिएको देख्दा मेरो तत्वबोध फेरि जागृत हुन्छ ।

यता केही महीनादेखि, सत्तरी वर्षभन्दा अघिका तीन वटा दर भाउ पढ्न पाएँ जसको सहाराले म अझै ज्यूँदो छु, ती हुन्–

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| १. सुन तोला | १ के मोरू | ३११०६ |
| चांदी तोला | १ के मोरू | ।८४ |
| तेल कुरुवा | १ के मोरू | ।५६ |
| चिनी धार्नी | १ के मोरू | १।२६ |

१९६१ साल पुस ५ गते सोमबार

| | | |
|---|---|---|
| २. घिउ धार्नी | १ के मोरू | २।५० |
| सुपारी धार्नी | १ के मोरू | १। |
| जीरा धार्नी | १ के मोरू | २। |
| चिनी धार्नी | १ के मोरू | १।२५ |
| मट्टितेल बाकस | १ के मोरू | १०। |

सोमबार कार्तिक १६ गते १९६१

| | | |
|---|---|---|
| ३. सुन तोला | १ के मोरू | ३११०६ |
| कस्तूरी तोला | १ के मोरू | २२। |
| तामो धार्नी | १ के मोरू | ५। |
| पित्तल धार्नी | १ के मोरू | ४। |
| बगसो धार्नी | १ के मोरू | ६। |
| तौली चामल | १ के मोरू | ।।७ |
| तौली धान | १ के मोरू | ।४ |
| चांदी तोला | १ के मोरू | ।८४ |

संवत् १९६० साल फागुन गते
(यसमा गते लेखिएको छैन)

भन्छन्——१०४ वर्षे राणा शासन नेपालको अन्धकार युग थियो रे। त्यसै वेला थियो——जे जति अत्याचार थियो, अनाचार थियो, दुराचार थियो, व्यभिचार थियो, भ्रष्टाचार थियो। शासन, आसन, राशन

CC-0. In Public Domain. Digitization by eGangotri

र भाषण एकै परिवारको बाबुको बिर्ता थियो । प्रजातन्त्र थिएन । बोल्न पाइन्नथ्यो । लेख्न पाइन्नथ्यो । हाँस्न पाइन्नथ्यो । रुन पाइन्नथ्यो । हेर्न पाइन्नथ्यो । आँखा चिम्लन पाइन्नथ्यो । जन्मन पाइन्नथ्यो । मर्न पाइन्नथ्यो । लभ गर्न पाइन्नथ्यो । बिरामी हुन पाइन्नथ्यो । रोग सल्कन वा लाग्न पाउन्नथ्यो । जाँड खाएर रातभरि राष्ट्रिय-अन्तर्राष्ट्रिय रण्डी-जुवाका खालमा देश सेवा गर्न पाइन्नथ्यो ।

सत्तरी वर्ष अघिको गोरखापत्रका उद्धरणहरू पढेर यी सबै निषेधाज्ञाहरूको चित्र छर्लङ्ग भयो । लाग्यो, काठमाडौंका प्रमुख दोबाटो-हरूमा अफै घोडा चढिरहेका श्री ३ हरूलाई स्वरती गरेर आफ्नो तत्वबोधको अनुभव सुनाऊँ । कमभन्दा कम त्यस भाग्यमानीलाई सुनाऊँ जो आफैंले शहीदत्व प्रदान गरेका चार जनाका नाउँका सडकहरू मिसिने चोबाटोमा- काठमाडौंको हृद्स्थलमा आदरणीय स्थितिमा सजाएर राखिएको छ ।

## तत्वबोध : १

सत्तरी वर्षअघि, अर्थात् अन्धकार अवधिमा नेपाली जनताको सर्वतोमुखी शोषण भएको थियो भन्ने कुराको अकाटच प्रमाण के हो भने– त्यस वखत घिउ, तेल, जीरा, चिनी, मट्टितेल, सुपारी जस्ता उपभोग्य सामग्रीहरू त्यति सस्तो मोलमा उपलब्ध गराइएका थिए । तपाईंहरूलाई थाहै होला सस्तो वेसाहा पेट लागी मर् । ती शासक शोषक अन्यायी, अत्याचारीले सस्तो वेसाहा खुवाएर समस्त नेपाली जनतालाई मार्ने षडयन्त्र रचेका थिए । सौभाग्यको कुरो वीर नेपाली जातिलाई मासिनु थिएन, त्यसैले ती बाँचे र आजको दिन देख्न पाए । बाँचिरहे देख्न पाइन्छ । बाँचिरहनुपर्छ– देख्न पाइरहिन्छ हेर्न मात्र सक्नुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर तपाईं राणाको कट्टर चाकरीबाज, नम्बर एक धूर्त, ठग, बेइमान, गद्दार, उल्लू, पामर, नीच, घुस्याहा, नैतिकताहीन, पतीत, क्रूर, चरित्रहीन, प्रतिगामी हुनुहुन्छ भने भन्नुहोला-प्रिय लेखक, आजभन्दा सत्तरी वर्ष अघिको त्यो बजार भाउलाई सस्तो भन्न सकिन्न। जन-जीवनको स्तरमा तात्विक फरक केही पनि छैन। उस बेला एक धार्नी सुपारी एक रूपैयांमा पाइन्थ्यो– आज सत्तरी रूपैयांमा पाइन्छ। यसको सोझो अर्थ हो आज रूपियांमा क्रय शक्ति त्यस बेलाको भन्दा ७० खण्ड घटेको छ।

म भन्छु– प्रिय डेढ अक्कली अर्थशास्त्री, तपाईं आफ्नो डेढ अक्कलले गर्दा नै अहिलेसम्म प्लानिङ कमिशनमा जान नसक्नुभएको। तपाईंको बुद्धि स्कूले केटा जति रहेनछन्– नत्र ऐकिक नियमको सोझो हिसाब अनुसार के यो थाहा हुँदैन कि– क्रूर राणा शासनमा आजभन्दा सत्तरी दोब्बर बढी शोषण रहेछ।

तपाईं भन्नुहोला– होइन, यो उल्टो भयो।

म भन्छु होइन, यो सुल्टो भयो। किनभने उल्टो सुल्टो हो र सुल्टो उल्टो। किनभने अगुल्टो बिजुली हो र बिजुली अगुल्टो। तपाईं-लाई अगुल्टोले पोलेको छ कि छैन ?

तपाईं भन्नुहुन्छ- म राजपत्राङ्कित हुँ।

म भन्छु– खोर कहाँ छ हजूर ?

## तत्वबोध : २

त्यस अन्धकार अवधिमा उपभोक्ता सामग्रीलाई त्यस्तो सस्तो मोलमा दिएर जनताको उद्योग सामर्थ्यलाई कुण्ठित पार्ने र देशलाई

CC-0. In Public Domain. Digitization by eGangotri

औद्योगिकरणबाट वञ्चित गर्ने घृणित प्रयास गरिएको थियो। धान चामल जस्ता कृषि उत्पादन सस्तोमा वेच्न बाध्य गराएर त्यस वेलाका शत प्रतिशत किसान जनताप्रति के कस्तो जुलुम गरिएको थियो-- कल्पनातीत छ। जनता निष्क्रिय थिए। राष्ट्रिय श्रम, उत्पादन, व्यवसाय-को मोल पानीभन्दा सस्तो थियो। तर आज हामीले पानीको सर्वोच्च सदुपयोग गरेका छौं। यस पवित्र हिन्दू राज्यका बाढी पैरो र विनाशका प्रतीक पुण्य नदीहरू सीमानामा बाँधिएका छन् र मित्रराष्ट्रको कृषि उत्पादनमा प्रमुख भूमिको निर्वाह गरेका छन्। हाम्रो निमित्त वसुधैव कुटुम्बकम्। हामी लँगौटी मात्र लगाएर पनि खुकुरी भिरेर मित्र राष्ट्र-हरूका गगनचुम्बी अट्टालिकाहरूमा दरबानी गरेर पेन्सन पकाउने वहादुरी आजभन्दा ७० वर्ष अघि गर्दैनथ्यौं।

## तत्वबोध : ३

त्यस अन्धकार युगमा नेपालको अर्थव्यवस्था पाताल पुगिसकेको थियो। यसको ज्वलन्त उदाहरण के हो भने सुन जस्तो अर्थ चक्रको मेरु-दण्ड धातुको मोलभा समेत संवत् १९६० फागुनदेखि १९६१ साल पुससम्म एक पैसाको वृद्धि भएन। मोरू. ३११०६ मा र चांदी ।८४ पैसाको स्थिर रहेछ। मुद्रा स्फीतिको योभन्दा ठूलो प्रमाण के हुन सक्छ? कस्तुरी जस्तो तस्कर व्यापार-शिरोमणि सामग्री तोलाको रू. २२।- थियो। व्यापार, अर्थात् तस्करीको योभन्दा ठूलो पतन के हुन सक्छ? यसका अतिरिक्त चांदी, तामा, पित्तल जस्ता महत्वपूर्ण धातुहरू गालेर त्यस वेला रूपियां वनाइन्थ्यो। धरमराउँदो र भत्किनै आँटेको तत्कालीन अर्थ-झुपडीको योभन्दा ठूलो प्रमाण के हुन सक्छ?

भाउको स्थिरताको एक अन्धकार पक्ष यो थियो भने भाउको अस्थिरता अर्को अन्धकार पक्ष पनि छ। त्यो हो--संवत् १९६१ कार्तिक

CC-0. In Public Domain. Digitization by eGangotri

१६ गते चिनी धार्नीको रू. १।२५ मा पाइन्थ्यो भने त्यसको छ हप्ताभित्रै अर्थात् त्यही पुस ५ गते नै रू. १।२६ मा बिक्न थाल्नु बजारको अनियन्त्रण, घूसखोरी, अव्यवस्था र दुराचारको प्रमाण हो। एक पैसा भनेको सानु रकम होइन– चार दाम हो। हरेक छ हप्तामा उपभोक्ता सामग्रीमा चार दाम फरक पर्ने हो भने देश र जनताको के स्थिति हुन्छ—विचार गर्नुस् त! यस्तो दुराचार राणा शासनमा मात्र हुन सक्छ।

हाले चिनी भाउमा ५९% भएको वृद्धि किसानहरूलाई उखु उब्जाउन प्रोत्साहित गर्न र ग्राहकहरूलाई किनेर खाने बानी बसाउन मात्र गरिएको राष्ट्रिय प्रयत्न हो, यसलाई कदापि देश सेवा होइन भन्न सकिन्न र यो डायबिटीज नियन्त्रणको श्रेष्ठ निरोधक उपचार पनि हो।

## तत्वबोध : ४

त्यस अन्धकार युगमा उपभोक्ता सामग्रीहरू त्यस्तो सस्तोमा बेच्न बाध्य गराएर देशका समस्त व्यापारी वर्गको र किन्न बाध्य गराएर समस्त ग्राहकवर्गको शोषण गरिएको थियो। व्यापारीहरू जनता जनार्दन र देशको सेवाबाट वञ्चित थिए। त्यस बेला सुपारी १ रु धार्नी थियो—जुन आज ७० रू. धार्नी छ। यसरी आजको तुलनामा व्यापारी सुपारीमा ७० खण्ड घटी जनसेवा गरिरहेका थिए। घिउमा चालिस खण्ड घटी देश सेवा गर्ने अवसर थियो। कस्तूरीमा १०० खण्ड घटी, सुनमा ३० खण्ड घटी, तेलमा १९ खण्ड घटी, जनसेवा, देश सेवा, मातृभूमि सेवा गर्ने मात्र अवसर थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

भुँडी सेवा, कालो धन सेवा, वैदेशिक ब्यांक सेवा, तस्करी-सेवा अथवा जे जे सेवा गर्ने अवसरको आज र त्यसवेलाको तुलना हुनै सक्तैन ।

## तत्वबोध : ५

सत्तरी वर्षअघि, जब नेपाल एकतन्त्री जहानियाँ शासनमा पिसिएको थियो समस्त नेपालीहरू सस्तो सामग्री खास गरी घिउ, तेल, जस्ता गरिष्ट पदार्थहरू खानु परेर ब्लड प्रेसर, डायबिटीज, कोरोनरी थ्रम्बोसिस जस्ता असाध्य रोगद्वारा पीडित थिए । अत्याचारी शासनमा नेपाली जनता सस्तो बेसाहा खान बाध्य थिए ।

आज स्थिति त्यस्तो छैन । घिउनामक मरेकी भैंसीको बोसो ७० रूपियाँ धार्नी छ । जीरा ५० रूपियाँ धार्नी छ । सुपारी सत्तरी रूपियाँ धार्नी छ । कस्तूरी २००० रूपियाँ तोला छ । यसका अतिरिक्त आवश्यक सामग्रीहरू इच्छा र आवश्यकता अनुसार ब्ल्याक र ह्वाइटमा किन्ने सुविधा पनि छ । सबभन्दा ठूलो कुरा त के भने कतिपय दैनिक अनिवार्यताका सामग्रीहरू पाइँदैनन् । यसले गर्दा किन्ने फन्फट गर्नुपर्दैन । किन्ने फन्फट नभएपछि खाइरहने कष्ट गर्नुपरेन । खाने कष्ट नभएपछि दिसा गर्न पीर पर्दैन, खानु र मलत्याग गर्नु नपरेपछि चर्पी र भान्सा बनाउनु परेन । ब्ल्याकमा सिमेन्ट किन्नु परेन । चोरीमा काठ झिकाउनु परेन । पेट बिग्रने भएन, अपच अजीर्ण हुँदै नहुने भयो । डाक्टररूपी संसारका यमराजका जालमा पर्नु परेन । धन जोगियो । उपवासले गर्दा स्वास्थ्य र धर्म लाभ भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

## तत्वबोध : ६

मलाई भएको सर्वोत्कृष्ट तत्वबोध के हो भने म माथिका तत्वज्ञानको आधारमा मात्र बाँच्न सक्तछु, वान्टेड कालम हेर्न सक्तछु, चाकरी गर्न सक्तछु। जागीर पाउन, योग्य, ईमान्दार, कर्मचारी र नागरिक कहलाउन सक्तछु।

म आफ्ना समस्त सहधर्मी, सहकर्मी, सहजीवीहरूमा यो तत्वज्ञान पुऱ्याउन चाहन्छु।

–O–

CC-0. In Public Domain. Digitization by eGangotri

# पात्र

'धत् साला कुपात्र ! के गरेर बसिरहिस् देहातमा यतिका वर्ष-सम्म !' उसले भन्यो । उसको नाउँ जोशी हो । हामी पुराना साथी थियौं । भेट भएको दुई–तीन मिनेटपछिदेखि हामी पैले जस्तै खुल्यौं । 'खूब मक्खी पाइन्छ होला उतातिर ।'

'मक्खी' ऊ केटीहरूलाई भन्दथ्यो । खास गरेर दुई चार फूलमा बलेर रस चाखिसकेका तरुनीहरूलाई । 'फूल त हामी हौं' ऊ भन्दथ्यो 'तिनीहरू मधुमक्खी ।'

'कति बस्छस् अब ?' उसले सोध्यो ।

'टुङ्गो छैन । शायद अब यतै बस्छु ।'

'साँच्चै ?'

'साँच्चै !'

'तर तँ पाखेलाई कल्ले पत्याउँछ ? अब पैला जस्तो सजिलो छैन मक्खी फँसाउन ।'

'किन ?' मैले सोधेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

'कारको मोडेल जस्तो केटी फँसाउने मोडेल पनि बदलिन्छ। अनुहारको मोडेल र ब्युटीको मोडेल सबै बदलिन्छ। तँ चुगद विदेशीलाई काठमाडौंको कुन केटीको लिफ्ट दिन्छ र अब? गाह्रो छ बाबु गाह्रो। पैले नेपाली हो।'

स्कूलमा ऊ र म सहपाठी थियौं। एस. एल. सी. गरेर उसले त्रि-चन्द्र र मैले प. सा. क. मा साइन्स ज्वाइन गऱ्यौं। वर्ष दिन ऊ त्रि-चन्द्रमा हल्लिएर प. सा. क. मा आयो। दुई वर्ष संगै प. सा. क. मा हल्लिएर आई. ए. पढ्न कलकत्ता गयो। म तराइतिर टाप ठोकें। एक वर्ष कलकत्ता हल्लिएर ऊ काठमाडौं फर्कछ र आई. कम., बी. कम. पढ्दै रहेछ। म पाँच वर्ष तराई पहाड हल्लिएर थाकेर काठमाडौंमा हल्लन आएको थिएँ।

'तराईमा खूब मक्खी फसाउँदो होस् तँ हैन?' उसले सोध्यो।

'तराईमा मक्खीको अनिकाल छ भाइ, त्यसैले काठमाडौं आएको हुँ फेरि' मैले भनें।

कति पढिस् नि?'

'पढ्नु मेरो धर्म होइन।'

एक्कै छिनपछि मलाई तलदेखि माथिसम्म नियाल्दै उसले भन्यो—'तर तैंले आफ्नू पाखेपन छाड्नुपर्छ यहाँ बस्ने हो भने। तेरो यो बुट भएन। प्वाइन्टेड, आउट अफ डेट। सुट त झन हुँदै भएन। तेरो अनुहारबाट पनि विदेशी गन्ध आउन थालेछ। अब यहाँ बस्ने हो भने तुरुन्त बेल् बटम सुट, गोगो गगल्स, बूटको इन्तजाम गरिहाल्। सर्ट यस्तो (उसले आफ्नो देखायो) र प्रोनन्सिएसन् इङ्गलिस होइन प्योर अमेरिकन हुनुपर्दछ।'

मैले देखें यी जम्मै उसको शरीरमा जडिएको थियो।

हामी फुटपाथमा हल्लँदै थियौं, चिपालु भन्ने केटी भेट भई जसलाई अघि हामी जिस्क्याउँथ्यौं, र अहिले उसले आँखा झिम्क्यायो।

CC-0. In Public Domain. Digitization by eGangotri

के. सी. भन्ने केटी भेट भै जसलाई उसले मुस्कायो ।

जम्दार्नी (तड्केर हिड्थी, अतः हामीले जम्दार्नी नाउँ राखेका थियौं) भेट भै जसलाई उसले जिस्क्यायो ।

कसैले रेस्पोन्ड गरेनन् उसलाई, उसका असफलताहरूलाई मैले हाँसेर उडाएँ ।

'हेर्न अचेल मक्खीहरू मलाई पत्याउनै छोडिसके । सब अरू नै फूलमा पल्केका छन् । म दुब्लाएर पनि यस्तो भएको हो' उसले स्वीकार गऱ्यो ।

'साला ग्यास्ट्रिक अल्सरले ! क्या दुःख दियो ! पोहोरदेखि सताइराख्या छ ! पोहोरसम्म त मक्खीहरू म भनेपछि क्या दिवाना हुन्थे, तँलाई थाहै छ ।'

'अहिले यौटा पनि छैन त ?'

'छ नि एक दुइटा, भएर के गर्नु तर ! भनेको वेला सिनेमा लैजान सक्दिनँ । पिकनिक लैजान सक्दिनँ । भोलि सिनेमा हेर्न टिकट उसैले काटेर बोलाउँछे, आफूसंग राम्रो लुगा हुँदैन... ...यार जिन्दगी बेकार छ ।'

'अँ, निस्सार छ रे...।'

'त्यसैले जागीर खान आँटे । लगा न छैन तेरो कुनै सोर्स ।'

'मेरो के सोर्स हुनु ? बरु होला तेरै । कम्युनल भएको छैनस् तँ ? कम्युनल भैदिएर पनि मौकामा फाइदा उठाउनुपर्छ बाबु ।'

'साँच्चै सब सालाहरू कोही बाहुन भनेर, कोही क्षेत्री भनेर, कोही नेवार भनेर, कोही के भनेर कोही के भनेर कम्युनल हुँदा रहेछन् । हामी छैनौं कम्युनल । आँखा लडाउने केटीको हामी जातको वास्ता गर्दैनौं ।' उसले भन्यो 'साला बूढाहरू कम्युनल हुन्छन् । हाम्रो जेनेरेशन छैन ।... कुन्नि बूढा भएपछि हामी पनि हुन्छौं कि ! के ठेगान ।'...

CC-0. In Public Domain. Digitization by eGangotri

'यौटा कुरा भन् त, तैंले बायोलोजी पढेको होइन ? अल्सर र मास्टरवेसनसँग के सम्बन्ध हुन्छ ?'

'क्यै पनि हुँदैन ।' मैले जवाफ दिएँ ।

'मैले परारसम्म लगातार दुई वर्ष मास्टरवेशन गरें त्यतिखेर संचो थियो ।'

'अचेल बजारमा पाइने मक्खीन्हाँ जान्छु । आफूले तपस्या गरेर फसाएको मक्खीलाई पिकनिक लैजान पैसा हुँदैन के गर्छस् ! घिन लागी लागी पनि... ।'

'छन त छ यौटा होमो । तर होमो मलाई मन पर्दैन । तँलाईं चाहिन्छ भने चिनाइदिन्छु । सिनेमा पनि उसले लैजान्छ । होटल पनि उसैले लैजान्छ । तँ विदेशी । विदेशमा त यसको खूब बहार हुन्छ रे' उसले तराईमा बसेको मलाई जिस्क्यायो ।

'त्यसैले त म कम्युनिष्ट सपोर्टर भएको... युनिवर्सिटी एलेक्सनमा कांग्रेसको विरोध गरेको । तँ के सपोर्टर नि ? साला पूँजीवाद । वर्तमानप्रति उसले विद्रोह जनायो । ।

'म ? क्यै न क्यै ।'

'साला त साँच्चै लेखक जस्तो भै सकिस् । भन् त, तँ लेखक हुन लागेको छस् भन्ने सुनेको थिएँ, कत्तिको लेखक'भइस् ? तैंले लेखेको छापिन्छ ? लेखिसकेर तँ कससंग करेक्सन गराउँछस् ?'

[मलाई मनमनै हांसो उठ्यो ।]

लेख्ने हो भने गोर्कीको वार एण्ड पीस जस्तो लेख्न सकनु पर्छ बुझिस् ? ...

[मलाई झन् हाँसो उठ्यो ।]

म पनि लेख्न सक्छु त्यसो त, नत्र त्यतिका फिलम हेरेको के काम लाग्यो ।

म चूपै लागिरहें ।

CC-0. In Public Domain. Digitization by eGangotri

'तेरो किताब छापियो भने 'प्रिय साथी जोशीज्यूमा' लेखेर प्रिजेन्ट गरिनस् भने हेर्न तँलाई......मान्छेको साथी लेखक भएर कति कति प्रिजेम्ट गर्छं—।'

'ल ... ल ...' मैले भनें। यौटा कुराले मलाई काउकुति लगाएको थियो, मौका पाएर सोधें—तैंले कम्युनिज्म कति बुझेर कम्युनिस्ट सपोर्टर भएको ?'

'ह्या मुला ! बुझेर कम्युनिस्ट को हुन्छ ? त्यसै भैदिएको नि। तैंले कति बुझेको छस् ?'

'नबुझे पनि यति बुझेको छु कम्युनिस्टले तँलाई यसरी लोफरी गर्न दिदैन।'

'नदिए के त ! स्वास्नी त दिन्छ। अल्सरको औषधी त गरिदिन्छ ! गरीब भएको भए ठाउँ मर्ने म बुझिस्...साला डाक्टरलाई फिस तिर्दा तिर्दा हैरान। फिस पाएपछि जे पनि खान्छन्...नपाए कोही मरोस् कि बाँचोस् के वास्ता।'

'त्यो त गर्छ, तर तँलाई गरीब सरहै राख्छ।'

'राखे के त ! सबै एकै सरह भए के पीर ! कार चढेको मक्खी पछि पछि साइकल लिएर चेज त गर्नु पर्दैन कि !'

उसले त्यो सम्झाएको, जुन अघि हामी कार चढेर कलेजबाट फर्कने केटीलाई साइकल चढेर लघार्थ्यौं। जोशी भन्थ्यो, त्यो कार चढ्ने केटीको एक करोड ब्यांक ब्यालेन्स छ, त्यसैलाई फँसाउन सके संसारबाट मुक्ति पाइहालियो। आई. एस्सी. किन पास गरिरहनु पऱ्यो ? तर त्यो सपना थियो, हामी जान्दथ्यौं।

उसले फेरि भन्यो—'कम्युनिस्ट सपोर्टर भएको गल्ती गरियो। कांग्रेस सपोर्टर भएको भए मक्खी खूब फसाउन पाइन्थ्यो। तर म त्यति विचार गरेर कम्युनिस्ट सपोर्टर भएको कहाँ हो र ? मत तैं जस्तो इन्डियनको दलालहरु देखेर चीन सपोर्टर भएको...काठमाडौंमा विदेशीले

CC-0. In Public Domain. Digitization by eGangotri

लिइसके...सब होटल विदेशीका...सब राम्रा मक्खी विदेशीका...सब राम्रा कार बिदेशीका.. हामी त हेर्‍या हेर्‍यै...आफ्नै देशमा आफै पराई...तँ साला... विदेशी जासूस होस् भनेर क्यै नभनेको अघि...हाम्रो टोलका सब 'यंग ब्लड'-हरू कम्युनिस्ट भैसके। तँ पनि हो... ।'

एकछिन थामिएर उसले फेरि भन्यो—'विदेशीको अत्याचारबाट बच्न कम्युनिस्ट हुनै पर्‍यो। तितो मुख पारेर उसले कुरा अगाडि बचाडथ्यो 'तर कम्युनिस्टमा पनि ग्रुपिङ रहेछ बुझिस्, मैले पछि थाहा पाएँ-अचेल मलाई कम्युनिस्टको सपोर्ट गर्न मन लाग्दैन । उल्ले भन्छ ऊ चोर उल्ले ऊ चोर ! को चोर को चोर हामी के थाहा पाउने ?' ऊ गलल्ल हाँस्यो । यो हाँसोमा निश्छलता थियो एक बथान केटीहरूले, जसको हामी अघि नै देखि पिछा गर्दै थियौं, हामीपट्टि फर्किएर आँखा तरे । शायद जोशीको हाँसो सुनेर । हामी अडियौं । जोशीले जिस्क्याउन थाल्यो । केटीहरूको बथान भोटाहिटीबाट छरियो—हामी अडियौं ।

अब उसका कुरा दोहोरिन थालेका थिए । म बोर हुँदै थिएँ । दुई तीन घण्टा जुन मलाई बिताउन मुश्किल परेको थियो, सजिलै बिताएको थिएँ, र अब काममा जानु थियो । मैले छुट्टिने प्रस्ताव राखें ।

ऊ त्यस्तै आकस्मिक रूपले छुट्टियो जसरी भेट भएको थियो ।

'तेरो आजको स्मरण लेख्छु', छुट्टिंदै मैले भनें ।

'लात खालास्, नलेख्...' उसले भन्यो ।

दुई दिनपछि नयां सडकमा ऊ भेट भो ।

'फुर्संद छ तँलाई ?'

'छ' ।

'ल आइज, म तँलाई मेरो दार्जीलिङको मक्खी देखाउँछु' उसले तानेर लग्यो र यौटी, उसलाई हात हल्लाउँदै कारमा गैरहेकीकेटी देखायो ।

CC-0. In Public Domain. Digitization by eGangotri

'तर दार्जीलिङसंग झुक्किएर पनि आँखा नलडाउनू । आजसम्म फोनमा बाहेक कुरा गर्न पाएको छैन ।'

छुट्टिने बेला गम्भीर मुद्रामा उसले सोध्यो—'मेरो कथा लेखिस् ?'

'लेखेको छैन तर नलेखी छाड्दिन ।'

'हेर्, तँ जस्तो लेखक कुकुरसरि छन् ! के गर्छस् लेखेर ?... कस्ले पढ्छ तैंले लेखेको...? के लेखेर पैसा पाउँछस्.. ? लक्ष्मीप्रसाद देहकोटाको गति देखिहालिस् मैले भनेको कुरा विचार गरेस्... तैंले र मैले अब संगत गर्नु बेकार छ...मेरो संस्मरण लेख्छु भन्छस्... पैला त नलेख्नू... लेखिहाले पनि नाउँ नदिनू नि ।'

ऊ गयो । कुनै वेला ऊ मेरो निकै राम्रो साथी थियो । अहिले मेरो पात्र भएको छ । विसंगति देख्दा हाँसो लाग्छ ।

○□○

CC-0. In Public Domain. Digitization by eGangotri

# विस्थापित

अवश्य मेरो पनि कतै घर छ... किनभने मलाई कताकता झझल्को लाग्छ मेरो कतै घर छ र त्यहाँ पुग्न नै म यसरी हतारिएको हुँ...साँच्चै म घर जाने बाटामा हुनुपर्छ अवश्य मेरो टुंगो हुनुपर्छ...मेरो मस्तिष्कले भन्छ, मेरो मुटुले भन्छ, मेरो ब्रह्मले भन्छ मेरो ठेगान छ, साँच्चै।

मेरो बा पनि हुनुपर्छ। आमा पनि हुनुपर्छ। कुन्नि किन, मलाई थाहा छैन। तर मलाई लाग्छ मेरो बा आमा हुनुपर्छ। बाबु आमा नभई म कसरी हुन सक्छु ?

कुरा के भने–बेला बेलामा मलाई कुन्नि के हुन्छ। मलाई, भित्र–मुटुभित्र, मस्तिष्कभित्र के के नमिलेको जस्तो लाग्छ। के के नपुगेको जस्तो लाग्छ। असजिलो लाग्छ। अनि म आफ्ना घर, परिवार, देश, साथीभाइ सम्झिन खोज्छु। तर पटक्कै सक्तिन। अनि अत्तालिन्छु। तिमी कहिल्यै धङ्गाछूर भीरमा अड्केको भए कल्पना गर्न सक्छौ, त्यसबेलाको मेरो मनस्थिति; म आफ्नू परिष्कार भविष्यका विशाल बाल्टाहरू देख्न

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्छु । म ठाडो भीरमा अड्केको अनुभव गर्छु । आफ्नो संतुलन हराउँछु । मेरा हात खुट्टा काम्ने रोग लागेका मान्छे जस्तो काम्न थाल्छन् । मेरो बोलीमा सुर हुँदैन । भनाइमा संगति हुँदैन । म त्यस स्थितिबाट मुक्त हुन सक्दो जोड लगाउँछु । बल गर्छु । त्यही बलले मेरा मुठी बाँधिन्छन् । दाँत बाँधिन्छन् । जीउ बटारिन्छ । म बेहोश भएर पछारिन्छु । मलाई छारेले छोप्छ ।

मेरो खल्तीमा एक पैसा पनि छैन । मैले कहाँबाट यात्रा थालें, त्यो पनि पत्तो छैन । बाटो हिँड्नेसंग हुनुपर्ने कमभन्दा कम सामान पनि मसंग छैन–यौटा झोला बर्कोसम्म पनि छैन । तर कता कता मलाई लाग्छ म सित्तै बरालिएको छैन । लाग्छ मैले सोच विचार गरेर यात्रा थालेको हुँ । लाग्छ मेरो पुग्ने टुंगो निश्चय थियो र सामल बोकेको थिएँ । आमाले रुँदै बिदा दिनुभयो होला । बाले लक्ष्य–भेद गर्ने साहस दिनुभयो होला । दाजुले बाटा खर्च दिनुभयो होला । भाउजूले शुभकामना दिनुभयो होला । भाइ बैनी भञ्ज्याङसम्म पुर्‍याउन आए होलान् । पक्का आए होलान् । कता कता मेरो भित्री मुटुले भन्छ यी सबै थोक भए होलान् । कहाँ? कसरी? किन? कैले ? म जान्दिन । पक्का पनि यी सबै भएकै हुनुपर्छ, किनभने यस्तो भएकै मैले देखेको छु । सुनेको छु । पढेको छु । र, किनभने मेरो ब्रह्मले भन्छ, इन्ट्यूशनले भन्छ, इलहामले भन्छ-मेरो बाबु–आमा, दाजु–भाइ, दिदी–बैनी, घर, साथी, मुलुक र पृथ्वी भएको हुनुपर्छ । म यही पृथ्वीमा जन्मेर हुर्केको हुनुपर्छ । अवश्य हुनुपर्छ । हुनैपर्छ । मेरो अर्थ हुनुपर्छ । म बाँच्नाको उद्देश्य हुनुपर्छ । मैले निर्माण गर्ने चौतारो हुनुपर्छ । मलाई जोत्न जग्गा धरतीले दिनुपर्छ । मेरो अस्तित्वको प्रयोजन हुनुपर्दछ । मेरो गन्तव्य हुनुपर्दछ । मेरो आरम्भ हुनुपर्दछ । मैले कहाँबाट यात्रा थालें, कहाँ पुगेको छु र कहाँ पुग्नु छ, मलाई सम्पूर्ण खुलस्त थाहा हुनुपर्दछ । म लडाइँमा जाँदैछु भने पनि क्यै छैन, म फाँसीमा झुण्डिन जाँदैछु भने पनि क्यै छैन, तर मलाई यसरी बेहोश

CC-0. In Public Domain. Digitization by eGangotri

नपारिदेऊ । मलाई यसरी नलठ्याइदेऊ । मेरो यसरी हावा नखुस्काइदेऊ । आह ! भन्देऊ । मेरो इतिहास—मेरो वर्तमान—मेरो अर्थ— यसरी यातना नदेऊ—जनि गर—बिन्ती...

छारेबाट ब्यूँझदा, मैले थाहा पाएँ, म भीडले घेरिएछु । कसैले भीड हटाइदिएछ– थोर बहुत आँखा मतिर चियाउँदै थिए । तिनीहरूले मलाई जुत्ता सुँघाएछन्—कति राम्रो ओखती ! म जस्तो मान्छेले जुत्ता त सुँघ्नुपर्छ नि ! गुहु लागेको जुत्ता । म जस्तालाई पुरस्कार ।

झिलिमिली देखेर त्यस्तो हुन्छ रे, तिमीहरूले गफ गरेझैं लाग्यो । साँच्चै झिलिमिली देखेर त यस्तो हुन्छ होला ..आँखा अगाडि सयसूर्यको उज्यालो फ्याँक्ने एटम्–विस्फोट भयो भने झिलिमिली मात्रै होइन तिरिमिरी भएर अन्धो होइन्छ । बल्न थालिन्छ । तर बम विस्फोट मेरो आँखा अगाडि भएको छैन—कानअगाडि मात्रै भएको छ । शान्तिको लागि युद्धमा म परेको छैन, म जस्ता मात्रै परेका छन्...झिलिमिली मैले देखेको छैन, सुनेको मात्रै । सुनेर मात्रै त मलाई छारेले छोप्छ, आह !

मैले आफ्नू अनुहार छामेर आफूलाई चिन्ने चेष्टा गरें–तर अहँ भेउ पाइन । कस्तो छु म ? मैले आफ्नु नाक भेट्टाइन । मेरो नाक रहेनछ, अतः वातावरणको सहिनसक्नु दुर्गन्ध, लडाइँका लाश, बारुद बमको गन्ध र गुहुको गन्ध थाहा पाउन सकेको रहेनछु । मैले जसलाई भीड भनी ठानेको थिएँ--ती सिनु रहेछन् र तिनमा गिद्ध चर्दै रहेछन् । गिद्धको देशमा लडाइँ भएको रहेनछ, ती नाशिएका रैनछन्, किनभने आकाशमा साँध–सिमाना र वाद-व्यवस्था क्यै रहेनछ—मेरो ब्रह्मले भन्यो । यो मैले देखेको होइन किनभने मेरो आँखा पनि त रहेनछ–र यो कुरा मैले छामेर थाहा पाएँ ।. . .र यो लडाइँको गन्ध र सीनाहरू पनि ठीक म वरिपरि हुँन रहेछन्, कता कता वर-परबाट आएको झझल्को रहेछ...

मैले आफू रहेको ठाउँ सम्झिने प्रयास गरें—तर पत्तो फाँट पाइन—क..ति अक्षांश-देशान्तरमा मेरो 'मुलुक' छ र त्य..को नाउँ के

CC-0. In Public Domain. Digitization by eGangotri

हो, त्यो पनि थाहा पाइन ।

मैले घर सम्झन खोजें । गाउँ सम्झन खोजें । म गाई चराउन जाने पाखा सम्झिन खोजें । मलाई कपुरी क चिनाउने बाबु सम्झिन खोजें । दाजु भाइ, दिदी, वहिनी, इष्ट-मित्र सम्झिन खोजें । मैले बाँच्नु-को अर्थ थाहा पाउन खोजें । मैले आफ्नू प्रस्थान–विन्दु गन्तव्य र उद्देश्य खोजें ।

तर केही पनि त पाइनं ।

ती सारा विलाई सकेछन् ।

ती छँदै रहेनछन् ।

छन् भन्ने भ्रम मात्रै मैदिए पनि हुन्थ्यो !

आह ! अलि कति भ्रम सापट देउन, दिन्छौ ?

म साधारण मान्छे । भ्रममुक्त भएर बाँच्न सक्तिन । यो यथार्थ स्वप्न नसकिने छ मेरो लागि । स्वप्नको लागि म बल गर्छु . . .मेरा मुठी बाँधिन्छन् . . .जीउ बटारिन्छ... मलाई सके फेरि छारेले छोप्तैछ...अवश्य पनि...उ मेरो कानमा बमको शब्द आउँदैछ भ्रातृत्वको नाउँमा खसेको...

CC-0. In Public Domain. Digitization by eGangotri

# चील

आजका कतिपय हाम्रा नियतिहरूको संकेत छ यस कथामा । भोगेका र भोग्नुपर्ने नियति ! सत्यप्रति आखा चिम्लने दुराग्रह हुन सक्तछ, तर सत्य सत्य नै रहन्छ... ।

बेला बेलामा म अचेल यो दृश्य देख्न थालेको छु । आफ्नै आँखाले देखेर पनि यो कुरा भएको हुन सक्छ भन्ने कुरामा मेरो चित्त बुझ्न सकेको छैन । कता कता मलाई झझल्को मात्र पो हो कि जस्तो लाग्छ, भ्रम मात्र हो कि जस्तो लाग्छ । सपना मात्र हो कि जस्तो लाग्छ । सांच्चै, यस्तो त कहिले पनि हुनु नपर्ने । साँच्चै भएको त के, हुन सक्ने संभावनाको पनि कल्पनासम्म गर्न सकिन्न । आङ सिरिङ्ग हुन्छ । लाग्छ, मान्छे भनेको त सृष्टिको महान् उपलब्धि पो त, त्यसको जातको इतिहासमा पनि कहिल्यै यसो हुन सक्छ ? अनि म आफूले देखेको दृश्य पटक्कै नपत्याएर ढुक्क पर्छु ।

सोच्नुस् त, चीलले कुखुराका चल्लाहरूको साटो मान्छेका नानीहरूलाई झम्टनु सम्भव छ ? दुइटा खुट्टाले च्यापेर, आकाशमा घण्टौं

CC-0. In Public Domain. Digitization by eGangotri

कावा खवाएर, कहल्याएर, रुवाएर, सातो लिएर मानुं सम्भव छ ? अगि उड्दै चिर्लिदै वा आनन्दपूर्वक पाहार ताप्दै खानु सम्भव छ ?

मैले यै दृश्य देखें । देखें मात्तै हैन, बराबर देखदछु । यो दृश्यले मलाई सारै पिरोल्यो, किनभने मैले देखेको कुरा पत्याएँ । हाल यो दृश्य देखा नपरेको निकै भो । यस अवधिमा मैले यसबारे खूब विचार पनि गरें टुङ्गो लाएँ—मलाई भान परेको रहेछ । के मान्छेका बच्चाको यति अवमूल्यन भैसक्यो तिनीहरू कुखुराका चल्ला भैसके ? वा चीलका पञ्जा यति क्रूर, यांत्रिक र फलामे, समयभन्दा पनि संवेदनहीन भैसके कि तिनको लागि कुखुराका चल्ला र मान्छेका चल्लामा फरक लाग्न छोड्यो ? ... सबैमा, मान्छेदेखि कुखुराका चल्ला लगायत सबैमा उही आत्मा देख्नु म आत्मज्ञानी, वेदान्ती होइन; अथवा, त्यसैले मै पो त्यति घोर जड भैसकें कि मेरा लागि कुखुरा र मान्छे, अनि कुखुराका बच्चा र मान्छेका बच्चा एकै भए ?

यी सपै तर्कनाहरू पनि त भान मात्रै हुन सक्छन् । यिनै भानलाई साँचा ठानिदिएर म आफूलाई चुपो लगाउन सक्छिन । जति जति बेला मैले त्यो दृश्य देखेको छु, सूर्यको सफा किरणमा र आफू एकदम होशमा भएको वेला देखेको छु । मान्छेले जसरी भूत प्रेत देख्छन्, भेट्छन्; राति अँध्यारामा एकान्तमा, दोछाँयामा, त्यसै गरी मैले पनि देखेको भए म पनि यति व्यथित हुने थिइन । भक्तले जसरी भगवान्को आभास पाउँ-छन् (रे), त्यसरी मैले पनि आभास मात्रै पाएको भए मेरो यस्तो सिल्ली चाल हुने थिएन । तर मैले न भूतप्रेत भेटेको छु, न भगवान्को आभास पाएको छु न यी गफहरू पत्याउँछु नै– त्यसैले मैले नै यी दृश्य देख्नु-परेको होला । पहिलो चोटि कस्तो देखें भने–

मध्यान्न थियो । म सडकमा हिंड्दै थिएँ । भर्खर पानी थामिएर आकाश एकदम नीलो थियो । बादलका एक दुइ टुक्राटुक्री यता उता रूमल्लिदै थिए । भवानक एक झोक्का हुरीले एक ठूलो बादल बगाएर

CC-0. In Public Domain. Digitization by eGangotri

त्यायो । एकै छिनको लागि घाम झ्मम ढाकियो । एक एक नाङ्ला जत्रा बादलका एक एक टुक्रा छुट्टिन लागे । बादलका ती चोटामा कतै चुच्चो, ठुङ्ने चुच्चो पलायो, कतै उड्ने पखेटा पलायो । तिनले चीलको रूप लिए । आकाशभरि खेल्न लागे मानो आकाश परेड-ग्राउन्ड हो । हेर्दा हेर्दै ती फिजिए । भुइँतिर झम्टन लागे । बालख टिपेर उड्न थाले । कसैले वास्ता गरेको, कराएको, रोएको सुनिन तल जीवन यथावत् थियो । शहर थियो । बजार थियो । कार थिए । किनमेल थियो । तरकारी थियो, खर्पन थिए । विद्यार्थी थिए, वेश्यालय थिए ।....एक दुई म जस्ता झल्लाले चीललाई गोली पनि हाने, तर ती चील गोलीले नमर्ने (गोली-प्रूफ) थिए कि, कुनै मरेको थाहा पाइन ।...सबयोक बिजायो । म जानुपर्नेभन्दा अलि पर पुगेछु ।

त्यसपछि मैले यो दृश्य ठीक यसै गरी नभए पनि यससंग मिल्दो जुल्दो किसिमबाट निकै पटक देखिसकें । यो देख्दा मलाई सबभन्दा आश्चर्य के लाग्छ भने म वरिपरिका कसैले पनि यसप्रति थोरैसम्म पनि चाख देखाए झैं लाग्दैन । न ती अभ्यास्त पो भैसकेका छन् कि ! न तिनले यस्ता दुर्घटनालाई नियति झैं मानेर टाउको निहुराएका हुन् कि, न ती देख्दै देख्दैनन् कि !

निकै पटक यो काण्ड देखिसकेपछि म यस कुरालाई भित्रैदेखिन् पत्याउन लागेको थिएँ । र मलाई लाग्दथ्यो—यो दृश्यबाट अब म कहिल्यै मुक्ति पाउने होइन । खुला आकाश मुन्तिर मध्याह्नमा मात्रै होइन यो कुरा अब मलाई पोखरीमा डुबाई राखे पनि अवश्य देख्नेछु । कालकोठरी मा बन्द गरी राखे पनि देख्नेछु । होचो सुरूङभित्र पनि देख्नेछु । सिरकभित्र गुट्मुटिंदा पनि देख्नेछु । मलाई लाग्थ्यो, त्यतिखेर म आफ्नै अन्तरिक्ष र क्षितिज सिर्जनेछु, आफ्नै संसार निर्माण गर्नेछु, आफैं त्यहाँको पहाड, पर्वत, खेत, खोला, धानका बाला र मानिसको जनसंख्या हुनेछु । त्यस जनसंख्याबाट बालखहरू चीलले अपहृत हुनेछन्—जसप्रति म अस-

CC-0. In Public Domain. Digitization by eGangotri

हाय हुनेछु । कलिलो मुटु कलेजोका गडिएको चीलको चुच्चोलाई म हेरी मात्र रहनेछु, तटस्थ भएर, जसरी आज छु । चुपचाप छु ।

तर चुपो लागि वस्नुभन्दा ठूलो सजाय अर्को छैन । चुपो लाग्दा, मलाई लाग्छ, मभित्र यातनाको, पीडाको झोल उम्लन्छ । तर म आफ्नो मौनताले त्यसलाई बलजफ्ती रोक्छु । त्यति बेला मैले आफूलाई एउटा प्रेशर-कुकुर, वाफले पाक्ने भाँडो, अनुभव गरिराखेको हुन्छु । बाफ बढ्दै जान्छ, बढ्दै जान्छ, म थुन्दै जान्छु, थुन्दै जान्छु ।...यी र यस्तै दृश्यहरूले चर्को आगोको काम गरिराखेका हुन्छन् । म अनि, एका एक त्यस दृश्यमा विश्वास गर्न लाग्दछु...कसरी म विश्वास नगरूँ...ऊ, मैले देख्ने भएँ, ऊ देखें पनि अब त राम्ररी नै विश्वास गर्न थाल्छु...ऊ, कति राम्रो केटो गोरेटो गोरेटो गोरेटो मर्कै गोड्न जाँदै थियो हातमा कुटो मात्रै बोकेर, एक्लै, आफ्नै सुरमा हल्लँदै, गाउँदै ।

उसले थाहा पाएन, ठीक ऊमाथिको वादलको ढीकाले चीलको रूप लियो, पहिले पहिले जस्तै गरी ।

रु...र...रँ...रँ...रँ...रँ...रँ रँ...रँ

यस आक्रामक आवाजले त्यो आत्तियो मात्तै । आत्तियुन्जेल, अलमलिउन्जेल ऊ चारैतिरबाट घेरिइसकेको थियो । असहाय ऊ गाँजियो । मैले हेरें मात्रै । वा हेर्न मात्र सकें । अहिले पनि देख्दैछु उसको काखीमा गाडिएका नंग्राको डोपबाट फाटेको दौराको फेर भिजाउँदै तप तप रगत चुहिँदैछ । ती चुहिएका थोपासंग अरू चीलहरू मनोरञ्जन गर्छन् । यस्तो मैलें कहिले कहिले पनि देखेको थिइनँ । आज यस दृश्यमा संशोधन र परिमार्जन भएछ । चीलहरूले आज उसलाई योजनावद्ध रूपमा आक्रमण गरे । पहिले पहिले एउटा चीलले एउटा शिकार बोक्थ्यो । आफू खुशी जान्थ्यो, खान्थ्यो । तर आज सबैले मिलेमतो गरेर खाँदैछन् । मिलोमतो गरेर मारे । मलाई लाग्छ, यो झन् अत्यासलाग्दो स्थिति हो । गाइखाने, पत्याउनुस् । तर तपाईं मर्दिए पत्याउनु हुन्न, किनभने तपाईं निर्माणको

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा गर्नु हुन्छ । भविष्यको कुरा गर्नु हुन्छ । तर म त निर्माणको गर्फ पनि गर्दिनँ, म आफूलाई कसैबाट निर्मित र कसैको निर्माता ठान्दिन । मलाई भविष्यमा घाम लाग्छ, चील मर्छ भन्ने कुरामा आस्था छैन । आस्था छैन भन्ने आग्रह पनि छैन । म स्याद्वादी पनि होइन ।

तपाईं मैले भनेको कुरा, देखें भनेको दृश्य क्या—चीलले मान्छेका बच्चा बोकेका कुरा, हाम्रा सन्तान बोकेको कुरा, हाम्रो भविष्य बोकेको कुरा, उडेको, कावा खाएको, ठुङ्गेको, मारेको कुरा गरें भने सजिलै हाँसेर उडाइदिनु हुनेछ । किनभने तपाईंलाई त्यसै गर्नमा फाइदा । सके पागलखाना पुऱ्याइदिनु होला । अतः प्रेशर-कुकर नै भएर पनि म चुपोलागि बस्छु । बाफको चाप बढ्ता भएर प्रेशर-कुकर नै (अर्थात् म नै ?) फुट्छ भने पनि के ? त्यो मेरो साधारण मृत्यु हुनेछ, कुकुरको देहावसान । त्यसैले भन्नै परे म भन्छु—मैले यो दृश्य देखेर पनि देखिन । मैले मान्छे चन्द्रमामा ओर्लेको मात्तै देखें (नदेखेको पनि ।)

CC-0. In Public Domain. Digitization by eGangotri

# कविता

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# दुर्घटना

परेलाको
डीलमा
उभिएर
पर्खिरहें
फुटपाथमा बस कुरे झैं मो[illegible]यानमा फोल्टे फेर्दै
दुर्घटनाग्रस्त
भएथ
तिमीसम्म
पुग्ने
निद्राको
यान
त्यही
रात

CC-0. In Public Domain. Digitization by eGangotri

# मृत्यु

शब्द मरे, अर्थ मरे, अक्षर, मरे,
ईश्वर मरेन,
जुन हुँदैन त्यो मर्दैन,
ईश्वरको भ्रममा तिमी मर्‍यौ,
म मरें,
आऊ आफ्नै काट्टो खाउँ,
जिन्दगी भरि,
बाचुन्जेल ।

□

CC-0. In Public Domain. Digitization by eGangotri

# पुनसको साहू

एउटा धर्मभीरु आसामीले
साहूको गुन मान्दै साहूलाई बिन्ती बिसाएछ—
"यो जुनीमा रीन तिर्न सकिएन साहू
के गरूँ कयै छैन
रीन खाएँ—थाहा छ मरेर पनि सुख छैन
अर्को जुनीमा तिम्रो घोडा भएर तिरूँला"
संसार चिनेको साहूले मुसुक्क हाँस्तै भनेछ—
"भँगो—त्यस्तो दुःख नगर बा
म नै तिम्रो छोरो भएर असूल गरूँला"

CC-0. In Public Domain. Digitization by eGangotri

# जनकपुरको व्यंग्यचित्र

परिक्रमा सडकको वाटुलो घेराले
बनाएको जनकपुर कुमारीको धूले अनुहारमा
तीन चार बीस पोखरी छन् माईका छ्याका जस्ता
अथवा भिरिङ्गीका खोपिल्टा जस्ता

जनकपुर कुमारका ठुटा दारी हुन् यी रुखहरू
उसको अनुहारमा क्याप्क्याप्ती उम्रेका
बीच बीचमा टाटा पाटा घर घडेरीहरू
दारी नउम्रेको खाली ठाउँ

सडकहरूले काटेर लामा लामा खत
अनुहारभरिका गोली चिप्लेर टांका लागेका
टाटा कुनै भू० पू० सिपाहीका विदेशको
निम्ति विदेशी तर्फबाट विदेशमा लड्दा
टफी दिने एअर होस्टेसको अनुहार चुस्तै उत्रे पनि एग्रो विमानबाट
कती बीडी चुस्तै ओर्ले पनि धुस्रे फुस्रे

CC-0. In Public Domain. Digitization by eGangotri

गोयन्का ट्रान्सपोर्टबाट
बेटिकटे कोढी र जोगीको भारतीय लाम संगै
थोर्ले पनि संसारको सबभन्दा ढीलो चल्ने रेलबाट
जनकपुर उही हो
उही धूलो
उही हिलो
उही बतास
उही पसीना च्यांट–च्याट
उनै नेता पत्रकार उनै अधिकृत उनै व्यापारी
उनै जोगी महन्त निर्वाङ्ग नाङ्गा चिम्टाधारी
फेल हुनासाथ छिमेकी मुलुकबाट
पच्चीस रुपियांमा सर्टिफिकेट किनेर ल्याउने विद्यार्थी उनै पुस्तकधारी
[यसमा व्यापार सन्धि नभए पनि हुन्छ]
कालो रुपियांले ठडिएका उनै सेता महल हावादारी
आँखामा साइनबोर्ड कुण्ड्याएर दोहोरो लाम
कांचो मासु, पाकेको मासु र रक्सी बेच्ने
उनै सीताका हमजोलीहरू
यो जनकपुर आफैमा यौटा नेता हो जनता हो
शहर हो, गाउँ हो, नेपाल हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

# आमा

हिउँको सेतै फुलेको केश राशि मुन्तिर
आँसुका कोशी गण्डकी बगाएकी

×

वैशाखमा तिमी जीउभरि गुराँस लगाएर
नयाँ बुहारी भित्र्याउँछौ
छिटै छोरा बुहारी तिमीलाई सराप्तै भिन्नु हुँदा
परदेश हिँड्दा
जेठ लाग्छ
तिम्रो छाती तुवाँलोले ढाक्छ

×

तिम्रो विदेशिएको छोरो घाइते भएर (पनि)
असारको पहिलो झरीसँगै फर्केर आउँदा
तिम्रा जर्जर अस्थि–पंजर डाँडा–पाखामा, तिम्रो जीउमा
एक पत्र हरियाली आउँछ

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो तिमीलाई लाहुरे छोरोले ल्याएको
कोसेली चोलो र पछ्यौरा हुन्छ

×

खडेरी र भलले पालै पालो मिलेमतो गरेर
बोलाएको अनिकालले
साउनका हारी मकैको खोले पिएर केही वाष
तिम्रो काखमा बिताएपछि
अब, उ फेरि लाहुर विदेशिन्छ
अनि, तिम्रो छातीको यौटा चौटो पहिरो जान्छ
उ सँगसँगै
तिम्रो आँसुको मूल फुटिसकेको हुन्छ

×

हिउँको सेतै फुलेको केश राखि मुन्तिर
आँसुका कोशी गण्डकी बगाएकी

×

माया एकोहोरो बग्छ, दोहोरो होइन
मायाले जवाफमा माया माग्दैन
तिम्रो उर्वर छाती छोराहरूले चुसेको
तिमी भन्छ्यौ—'मेरो दूध बँगुनी रहेछ'
तिम्री यौटी सती बुहारीले सराप दिई
तिम्रो यौटा सपूत सेरिएर मऱ्यो

×

संभावित सौताको त्रासले सदैव कम्पित हृदय
सन्तानले मायाको जवाफमा हिर्काएको

CC-0. In Public Domain. Digitization by eGangotri

कुकुच्चाको डोबले निर्मित लेक वेसी
हृदय वरिपरि
तिम्रा आफन्तले काटेर कुटेर पोलेर लुछेर
तिमी निर्मित छौ, तिमी जीवित छौ
तिमी धरती हौ, तिमीलाई गुनासो छैन ।

×

हिउँको सेतै फुलेको केश राशि मुन्तिर
आँसुका कोसी गण्डकी बगाएकी ।

CC-0. In Public Domain. Digitization by eGangotri

# नयाँ नेपालको नयाँ भूगोल

बीयरमती, ह्विस्कीमती, रममती, जिनमती, ब्रान्डीमती–
खोलाहरू
स्कचकोशी, शैम्पेन कर्नाली, भेरी गण्डकी, माल्टेड भेरी–नदी
नालाहरू
रक्सी, ऐला, ऐरा, छ्याङ, जाँड, दारु, तोङ्वा, थो–खहरेहरू
ह्याम पर्वत, पोर्क टाकुरा, चिकेन चुचुराका चमचमे हिमाली
मालाहरू
सुकुला, कचिला, सेकुवा, भुटुवाका गुरांस फुल्ने लेकवेसी पाखाहरू
घूसबन, नाता जंगल, साला ठेक्का, साली कोटा, सम्धी सील
टेण्डरहरू
सभा, सम्मेलन, सेमिनार, विशेष वायुयानका प्रगतिहरू,
[अतः उपदेश]
हे नेपाली जनता !
लङ्गोटी लाऊ !
कन्दमूल खाऊ !
रामनाम जप !
स्वर्गलोक जाऊ !

CC-0. In Public Domain. Digitization by eGangotri

# घाँडो

१

घाँडो कुण्डयाएर गर्दनमा,
जसलाई जीवन भनुँ, आस्था भनुँ, आशावादिता भनुँ, चेतनशीलता भनुँ,
संसारको सार र बाँच्नुको सार्थकता भनुँ
घाँडो कुण्डयाई मागेर गर्दनमा

२

दुई पुट्ठाको बीच पुच्छर ठड्याउँछ कुकुर
मालिक निम्ति हल्लाउनको निम्ति
स्वागत, सोमत, सद्भावना जनाउनको निम्ति

३

दुई औंलाको बीच कुकुरको पुच्छर अर्थात् कलम ठड्याउँछ लेखक
स्तुतिपद्य
अभिनन्दन गद्य लेख्नाको निम्ति
महान् हुन र नलीहाड चुस्नको निम्ति

CC-0. In Public Domain. Digitization by eGangotri

४

वैज्ञानिक टेस्टट्यूबमा छोरो पाएर
बल पडकाएर गर्भाशयका छोराहरूमा
द्रौणीको नारायणास्त्र र [रेडियो सक्रिय कीटाणुहरू पाठे घरमा] ... ...
अनि दिसा बस्न चन्द्रलोक जान्छ रे वैज्ञानिक

CC-0. In Public Domain. Digitization by eGangotri

# युद्ध उन्मूलन युद्ध

तालुदेखि तानेर ठाडो रेखा पाइतलासम्म
दुवै हत्केलाको सरल रेखामा क्रस टाँगिएको छु यस चौबाटोमा
धर्तीमा
समय र विज्ञान दुई बाटाहरू
धर्ती मसँग छैन । घर परिवार समाज देश छैन । बरालिनु

स्टेसन
जानकीचोक
जानकीचोक
स्टेसन

शून्य सडकमा अरूहरू त्रिशंकु भाटभटेनी संगसंगै शोकसभामा
ओर्कनु फर्कनु धूलोमा टाँगिनु हावामा उँधोमुन्टो आधा
सेरिएर हलाल बगरेको कीलामा छट्पटाउँदै ... ... ल्याटेन्ट

CC-0. In Public Domain. Digitization by eGangotri

सिफलिस बोकेर रगतभरि समयभरि बाँड्दै सम्पर्कभरि
आनुवंशिकताभरि कीटाणुहरू, विवश वेश्यावृत्ति जिजीविषामा
अस्तित्वको कात्रोले कवचले व्याख्या गरिएको पश्चिमी
चस्मा जीवनको [व्यवसायको विज्ञान] छिः छिः!
[हामी गड्यौला छौं हर्मा फ्रोडाइट । दुवै पक्षीयलाई काम लाग्छौं
प्रभू ! आज्ञा होस् यसो सुतौं वा उसो पल्टौं ?]
होइन । अर्थजन्य दुर्व्यवस्थामा विश्वस्त त्रिशंकुहरू गड्यौलाहरू
इतिहासले वर्तमान गर्भिणी बनाउँछु—
शान्तिमूह जन्मन्छ बिहानबाट
आजसम्म पूजा भएको छ शक्तिसम्पन्न सूत्रधार मतियारहरूको
हाडनाताकरणीका—युगस्त्रीलाई नीति निर्धारण गर्दै ।
शक्ति अनिवार्य छ स्थापित हुन ।
खारिनु अनिवार्य छ नपूजा हुन ।
समय छ । निश्चय छ ।
भविष्य == $२H_२O = O_२ + २H_२$
सापेक्ष सत्य छ.
राँको बाल्छु आऊ अब
चक्षुहीन गड्यौलाको धर्ती हीन त्रिशकुको भाटभटेनीको
यातायात हुँदैन वसन्तमा केवल
तन्कनु खुम्चनु जीवन
मेरो चेतना—
कपाल सल्काउँछु अब यस टुपी उन्मूलन युद्धमा
युद्ध उन्मूलन युद्धमा

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ—१

# थ्याङ्बुचे यात्रा

फरी आँखा उघार्न मान्दैन । बलेंसीमा उभिएर ओत लाग्नु र आफ्नो गन्तव्यबारे सोच्नु नरमाइलो हुन्छ । नरमाइलो यस कारण कि पानीले हामीलाई बाटा लाग्न दिंदैन । बाटो— उत्तरतिरको, सगरमाथा-तिरको, तेनजिङ्ले हिंडेको बाटो ।

हामी होटेलको पेटीमा उभिएका थियौं—एकदम मौन । म पनि, वैद्य पनि । 'होटल छ'—हामीले बिहानैदेखि सुनेका थियौं । होटेलमा चिया खान पाइएला ! हामी खुशी थियौं । चिया खान नसक्दै त्यो ढाक्रे पनि आइपुग्यो—उसैसँग आज कुरा गर्दै बाटो काटेर केही वेर अघि मात्र उक्लिनेका थियौं— भर्खर नाघेको नाक ठोक्किने उकालोमा । पिठ्यूँमा एक मुरी चामल बोकेर ऊ नाम्चे हाट जान लागेको रे...वेल्न ।

'कति दिनमा पुगिन्छ ?' म सोध्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

'पर्सि पुग्ला हो...आजू तीन दिन भो घरवाट हिंडेको : अस्ति हिंडेको सर. ..'

ढाक्रेले 'सर' शब्द प्रयोग गऱ्यो । वस्तुत: यो शब्द उसले हामीले आफ्ना पिठ्यूँमा बोकेको झोला (रूख स्याक) लाई प्रयोग गरेको थियो। पिठ्यूँमा चढ्ने 'सर' हुन्छ, त्यो कुरा यस कुनामा प्रयोग सबैलाई थाहा छ । उसको विचारमा हामी सगरमाथाको टुप्पो ताक्ने साहसी दल, बेस क्याम्प, कालो पहाडको टुप्पो डुल्न लाने गोरा रंगका अर्कै भाषा बोल्ने धनी, सुसंस्कृत "साहेब" थियौं जसलाई 'सर' भन्नुपर्दछ । यो सिकाउनु पर्दैन– भोटेघोडाको बछेडोले गर्भैदेखि कदम सिकेर आएको जस्तो हो यो ।

एउटा शीतल घुम्तीमा उसले टेकायो भारीको सम्पूर्ण भार टोक्माले धानेको थियो । उसका खकन खुकुलिए । नाम्लाको पातो छातीमा लत्रियो । पातो छालाको हुनाले उसको निधारमा एउटै सम्म परेको डाम मात्र थियो । यौटा लामो खुइय सिध्याएर उसले प्रश्न गऱ्यो– 'सरहरूको कुली कति जना शेरपा छ ?'

शेरपा ? मलाई आश्चर्य लाग्छ । उसले भरिया सोध्यो तर किन 'शेरपा' थप्यो ? ऊ स्वयं शेरपा थियो । के नेपालमा शेरपा पर्वतारोहीहरूको भारी बोक्न मात्र जन्मेका हुन् ? जसरी बदिनी वेश्या हुन् ? कुन्नि मैले बुझ्न सकेको छैन । शायद कहिले बुझ्ने छैन ।

'छैन हाम्रो कुली । हाम्रो सामान यत्ति हो । हामी दुई जना मात्र हौं ।' म जवाफ दिन्छु ।

'कहाँसम्म पुग्छौ सर ? वेसक्याम्पसम्म ?'

'हेरौं कहाँसम्म पुगिन्छ ।'

साँच्चै हामी अनिश्चित थियौं । हामीसँग केवल यौटा योजना थियो—हिंड्ने अर्थात् यात्रा गर्ने । अर्को शब्दमा हामीसँग कुनै योजना थिएन, कार्यक्रम थिएन– कहां जाने ? किन जाने ? कतिञ्जेलको लागि

CC-0. In Public Domain. Digitization by eGangotri

जाने ? हामी जान्दथ्यौं केवल– मध्यवित्तीय दालभात-डुकु, मध्यवर्गीय पारिवारिकता, सामाजिकता, भाटभटेनीको जीवनभन्दा हामी केही नौलो हुन चाहन्थ्यौं: आफन्तहरूको र शुभचिन्तकहरूको वनमा हराएर हामी नचिनेकाहरूको माझमा रमाउन चाहन्नथ्यौं–अथवा कुन्नि के के. .।

एकदिन हामी उत्तर लागेका थियौं ... ।

ढाक्रे होटेल घरबाट जुँघा पुछ्तै निस्क्यो । उसले एक मोहोरको छयाङ खायो । 'बिहान भात खाइन । मकै टोक्दै उकालो लागें । छाती अग्घोर पोल्यो यो भुटेको मकैले त । तीनमाना छयाङ खाइदिएँ । खूप असल हुन्छ यहाँको छयाङ । तिमीहरू पनि खान्छौ सर ? छाती ठन्डा गर्छ । बाटो काटेको पत्तै पाइँदैनज्यू यल्ले त. . .' ऊ मुसुक्क हाँस्यो । नसोधीकनै उसले सबथोक भन्यो । हाँस्दा उसका आँखा अझ राम्रा देखिए– घुम ओढेका आँखा ।

ऊसको पसीना ओभाइसकेको थियो । स्वाँ-स्वाँ घटिसकेको थियो । ऊ पातमा बिडी बेर्न लाग्यो । हामी छयाङ खान पस्यौं ।

पानी घटेको थियो, फेरि दर्कियो । हामीले काट्नुपर्ने डाँडा कालो बादलले देखिन छाड्यो । ढाक्रेले बास बस्ने नै सुर कस्यो । 'तिमीहरू गयौ भने त अझै एक कोस हिंड्न सक्छौ सर, म त यहीं बस्छु ज्यू आजू, अब, हिंड्दिन...' ऊ भारीबाट सामल झिक्ने तरखरमा लाग्यो ।

'के गर्ने वैद्य ? जाने कि बस्ने ?' म साथीलाई सोध्छु ।

'बसौं । नौ हजार फुट उकालो चढ्यौं होला गाँठे ।' वैद्यले भन्यो ।

ढाक्रेले साँझ नपर्दै खाइसक्ने सुर गर्‍यो । ओतमा चम्का लगायो । आगो जोर्‍यो । पानी बसाल्यो । सामल झिक्न लाग्दा मैले अलमल्याएँ– 'सामल के छ हँ दाइ ?'

'जौको पीठो ज्यू मसँग त...'

CC-0. In Public Domain. Digitization by eGangotri

'हामीलाई पनि जौंको ढींडो पकाई देउन ! ल ? हामी यहीं होटेलमा पीठो किनी दिउँला ! हुन्छ ?'

'क्यान नहुनु सर पकाउन त ऊ मुसुक्क हाँस्दै हामीतिर हेर्छ— 'तिमी पनि ढिडो खानु हुन्छ ? तिम्रो घर का हुनुहुन्छ ? चामल खाउन; पकाइदिउँला बरू' ।

'चामल त हामी आफैं पकाउन जानी हाल्छौं नि ! जौंको ढिडो खान मन लाग्यो आज तिमी जस्तै...'।

'होइन तिमीहरू गोरा साहेबको जस्तो खानु भए पनि बनाइ-दिन्छु—थुप्का, चाउ चाऊ, तोश, आम्लेट, फ्लेक धेरै पल्ट साहैवहरूसंग वेसक्याम्पसम्म गैसक्यो नि ज्यू म त भारी वोकेर... रुक्सामा क्यै खाने कुरा वोकेका छैनो सर ?'

अन्ततः ढाक्रेले हाम्रो पनि भात पकाई दिन थाल्यो–जौको ढींठो र टुसाको झोल । ढाक्रेले दिउँसो वनमा मालिङ्गोको टुसा तरकारी टिपेको थियो । हामीले होटेलमा आलु किन्यौं ।

आकाश उघ्रियो । हामीले लुक्ला हवाई अड्डामाथिको हिमाल ललंङ्ग देख्यौं । 'त्यै हिमालको मुनि मुनि हो भोलि हामीहरू जानु पर्ने' ढाक्रेले सेता चुचुराहरू औंल्याउँदै भन्यो ।

ढाक्रे हाटसम्म हाम्रो गाइड हुने आशा थियो । पिठचूमा करीव पन्ध्र किलोग्राम वजन वोकेर हामी हृष्टपुष्ट तन्नेरीहरू कन्दै थियौं, उसको भारी कम्तिमा ७५ किलोग्राम होला । एकमुरी चामल वोकेर हामी संगसंगै हिंड्न सक्छ यो ढाक्रे !

एकाएक एक वथान ढाक्रेहरूलाई हामीले देख्यौं । रित्ता डोका वोकेर जिउ फाल्दै ओरालो झरेका तरूनाहरू तरूनीहरू (ढाक्रेनीहरू ?) वालखहरू दशदेखि पच्चीस वर्ष भित्रका ।

''यी हाटवाट फर्केका हुन्' हाम्रो साथी ढाक्रेले भन्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

होटेलघरको पेटीमा डोका बिसाई सक्ने बित्तिकै उस्ले एउटा तन्नेरीसंग सोध्यो–

'के भाउ बिक्यो चामल ?'

'दश रूप्पे पाथी ।'

'चौध पन्ध्र रूपियाँ पाथीको भाउ छ भन्थे त ? 'ढाक्रेले चिन्तित हुँदै विस्मय व्यक्त गऱ्यो । यति सस्तो थाहा भए ऊ किन नाम्चेसम्म धाउँथ्यो ? दश रूपियाँ पाथी उस्को गाउँ घरमै बिक्छ । हत्तेरी !

'भाउको के टुँगो दाइ ! कैले घट्छ । कैले बढ्छ । अन्तको जस्तो छैन नाम्चेमा चलन ! जम्मै ढाक्रे पुगेपछि अड्डाले भाउ टुँगो गरिदिन्छ । त्यै भाउमा सप्पै वेपार चल्छ अन्नको...'

ढाक्रे भान्सातिर लाग्यो । केटो हामीसंग बिडी खांदै कुरा गर्न रमायो ।.. नाम्चे अब यति पर पर्छ, बिक्री हुने मालको भाउ यसरी निर्धारित हुन्छ प्रत्येक हाटमा... यस्तो खाले चीजहरू पाइन्छन्... खेती पाती र बेठ बेगारलाई पाएको फुर्सदमा वरिपरिका सब बासिन्दा पिठ्यू-को भरमा 'नाम्चे बजार' लाई यसरी पाल्छन्.....इत्यादि ।

'कति नाफा भो त ?' मैले सोधें

'कोनी ! नाफा साफा हामीलाई के थाहा ! एस्पाली अनिकाल परेन । घरको अन्न ल्याएर बेच्नु छ हजुर कें नाफा ! ' ठिटो हांस्यो ।

'तैपनि । हिसाब त हुन्छ । गाउँघरमा कें भाउ छ ?'

'गाउँ घरमा कल्ले किन्छ र ? सल्लेरीमा दश रूपियाँ पाथी बिक्छ । हाम्रो गाउँबाट दुइकोस पर सल्लेरीमा अड्डाखाना छ ।

तन्नेरी हामीसंग गफमा मस्त थियो । तर बोल्दा बोल्दै ऊ एकाएक थामिनु पऱ्यो । उसको कठालो कसैले वेसरी अंठ्याएको थियो ऊ पछिल्तिर फर्कियो । उसको बथानकै एउठी तरूनीले कठालो समातेर

CC-0. In Public Domain. Digitization by eGangotri

तान्दै थिई । 'पख, पख ऐले आउँछु........'तन्नेरी भन्दै थियो । तरूनीले मानिन, तन्नेरी उत्तानु ढल्यो । पाखुरामा समातेर ऊ तान्न लागी, अर्थात् विसार्न लागी । ऊ भुतभुताउँदै थिई–'अझ पख रे !' तरूनीले कान पनि समाई । तन्नेरी 'ऐय्या ऐय्या' भन्दै उठ्यो । दुवै लठारिँदै होटल घर-भित्र पसे । होटेलभित्र त्यो बयान अघिनै देखि जिस्किदै हांस्दै गफ गर्दै थियो ।

हामी जिल्ल पऱ्यौं, यो हाम्रो नौलो अनुभव थियो । होटेलको जस्केल ढोकाबाट यौटी तरूनी निस्की, यो यै बयानकी हो । निवर्क छ्याँङ खाईसकेर ऊ निस्केकी थिई । नौलो अनुभव दिनेहरूसंग कुरा गर्नु अहिले हाम्रो लागि रमाइलो भएको थियो । घरका दिदी ?' मैले सोधें ।

'ओक्सा खानी ।'

'के को खानी छ त्यां ?'

'तामाको ।'

'आफ्नै यौटै गाउँले ?'

'ज्यू ।'

'होइन । सबभन्दा धेरै हामी मगर छौं गाउँमा पनि, यो बथानमा पनि । दुइटी राइनी छन् यौटा छेत्री' ।

'सबैले चामल वेचेर आएको ?'

होइन । कसैले चामल, कसैले मकै, कसैले कोदो ।'

ऊ एकछिन चुपो लागी । अर्थात् बिडी सल्काउन लागी । मैले भर्खर उसलाई बिडी दिएको थिएँ । बिडीको धुवाँ हावामा उडाउँदै ऊ एक तमासको अनुहार पार्छे । दाजुहरूको घर कां नि ?' निकै संकोच मानी सकेर मात्र उसले यो प्रश्न गर्न सकी ।

'तलितर । हामी मधिसेहरू । पहाड हेर्न आएको... स्पष्ट थियो हामीले खुलस्त बताउन चाहेनौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

'अँ होला !' ऊ मस्किई । 'जात के नि तपाईंहरूको' ?

"हामी मगरहरू । म रजहान । ऊ रमौती" मैले वैद्यपट्टि इशारा गर्दै भनें । वैद्य मगर कुरा जान्दछ, अनि मगर भैंदिन मन ल ग्यो ।

तर त्यहाँका मगरहरू मगर कुरा जान्दा रहेनछन् । हामी मगर हुन सकेनौं । 'हाम्रा पुर्खाहरू तामा खन्न आएका रे...तेसैले हामी मगर कुरा जान्दैनौं...' उसले सफाइ दिई । ऊ अरू बोल्न खोज्दै थिई यौटा उसकै बथानको तन्नेरी आएर बोलाउन थाल्यो, 'कान्छी, जाऊ रे, गैरा-घरेले बोलाको छ्याङ खान' ।

'नाइँ, जान्नँ । मैले खाइसकें ।' उसले जान मन गरिन । मैले अैले अनुभव गरें, ऊ अलि अलि मातिसकेकी थिई ।

'ह्वैन, जानै पर्छ रे । उसले तिम्लाई ख्वाउन पा'को छैन रे' ।

'नाइँ भन्या...' ।

तन्नेरीले उसको नारी समायो । उसले फुस्कन बल गरी—'मेरो साटो साइँलीलाई ख्वाउनू भन्देउन' ।

तन्नेरीले मानेन । बलजफ्ती कम्मर समायो । जुरुक्क बोकेर काँधमा हालेर कुदायो । होटेलभित्र ऊ तन्नेरीको पिठयूँमा हुन्छे, ओर्लन बल गरिरहेकी । अर्कै एउटा तन्नेरीले एउटा भरी छ्याङको गिलास उसको मुखसम्म पुऱ्याइदिन्छ । तरूनी एकै सासमा गिलास रित्याइ-दिन्छे । बल्ल तन्नेरी खुकुलो हुन्छ । तर तरूनी खुकुली हुन्न । त्यस तन्नेरीको पाखुरा समाउँछे र कान्छाको पनि, जसले उसलाई निम्तो गरेको थियो र मुखसम्म छ्याङको गिलास पुऱ्याइदिएको थियो छ्याङ बेच्ने शेर्पिनीसंग कराउन थाल्छे–'ए मित आमा, म पैसा तिर्छु, एक एक मोहोरको छ्याङ देउ यी दुइटालाई...बड आफु मात्रै ख्वाउने भा'का ए मित आमा.....'

CC-0. In Public Domain. Digitization by eGangotri

मित आमाको हिसाब गोलमाल हुँदैछ । उसले मान्छे पिच्छे हिसाब राख्न सक्नु परेको छ- कसले कति माना छ्याङ किनेर ककसलाई ख्वायो, कसले कति चिया किनेर ककसलाई ख्वायो... .जबकी साठी पैसाको किनमेल गरेपछि एक रुपियाँकोमा कति फिर्ता गर्नु पर्छ उसलाई कहिल्यै थाहा भएन......वर्षौंदेखि ऊ होटेल चलाएर बसेकी छे... एकसुरले हिसाब गर्न र मान्छे सम्झन पनि उसलाई दिएको छैन यस घुइँचोले... .उफ्.....यौटा राम्री तरुनीको चुल्ठो समाएर यौटा तरुनो कराउँदै छ–'ए मित आमा मलाई एक मोहरको चाँडै.... .'

मलाई एक पुरिया विडी....अर्कोको आवाज थियो ।

निक्कै मातिसकेकी यौटी गोरी अग्ली तरुनी यौटा तन्नेरीको कान समाएर कराउँदैछे 'ए मित आमा, मलाई एक रुपियाँको छ्याङ' एक पुरिया विडी देऊ चाँडै...ए गांठे मलाई त नामर्द पो ठान्यो यल्ले... चाँडै मित आमै.. ....'उसले ख्वाएको मात्रै खानू रें...हाम्ले त ख्वाउन नपाउने ...।'

कान समातेको समात्यै ऊ आफ्नै हातले एक रुपियाँको पूरा छ माना छ्याङ त्यस तन्नेरीलाई ख्वाइसक्छे । अनि छुट्टै बसेका तरुनीहरूको माझमा पुग्ने गरी जोडसंग घच्याडिदिन्छे । कुनै मातेको युवकले उमलाई तान्छ र कराउन थाल्छ–'मित आमा ..यो ठूलीलाई एक रुपियाँको...काइदासंग छानेर है.... । ठूली मैले एक बट्टा सिंदुर पनि ल्याएको छु यस्पाली त...।'

'काली कुवकुर्नीलाई हाल्नू सिंदूर । म त थाप्दिनँ तिम्रो सिंदूर ऊ उससंग टाँस्सिन्छे । उसले जोडले च्याप्दा ऊ वास्ता गर्दिन ।

म फेरि आफ्नै ठाउँमा विडी चुस्न थाल्छु ।

भरखरै कुनै तन्नेरीबाट उम्केर आएकी यौटी गोरी हिस्सी डाम्रो ठीक अगाडि उभिन्छे । ऊ बात मार्न आएकी हो—म सोच्छु । तर

CC-0. In Public Domain. Digitization by eGangotri

हराउँछु । छ्याङले मातेर उसको मुख रातो भएको छ झन् । ऊ मलाई एकोहोरो हेर्छे । बिडी खाने दिदी ?' म सोध्छु ।

'खाने ।' उसले आफ्नो चौबन्दी चोलाको भित्री पाताको गोजीबाट झिकेर पुरिया तेर्स्याइदिन्छे–'यो खाने लिनुस् ।'

म जिल्ल पर्छु । मलाई गफ गर्न मन लाग्छ । मलाई यस युवतीको सेतो अनुहार लहरिएको रातो तरङ्गले झन् अरू केही सम्झाइदिन्छ । एउटी जापानी केटी–योको । योकोलाई र उसको अमेरिकन फियान्सेलाई मैले गौचरबाट हवाइजहाज चढाएर फर्केको धेरै भैसक्यो ।

वैद्य पनि कुन्नि के सोच्दैछ । कुरा थाल्न म त्यसै शुरु गर्दिन्छु । 'चिनेको जस्तो लाग्यो नि दिदी तपाईंलाई त । घर ओक्सा होइन ?'

(मैले भरखरै त थाहा पाएको थिएँ बथानैको घर ओक्सा थियो)

'अझ लाज लाग्दैन चिन्या जस्तो लाग्यो भन्न ? लाजै नभा' मान्छे-हरू ! ' ऊ आफ्ना नगिचैकाहरूसंग झैं रिसाउन थाल्छे । हामी अचम्ममा पर्छौं । कुरा गर्नमा त तलमाथि भएन ?

'नरिसाउनुस् न । हामीले त सोझै भन्या....।'

'कल्ले बाङ्गो भन्यो त ? पोहोर हामी दुई वैनी र तपाईंहरू दुईजना सोलु सालमे सांघुदेखि ओखलढुङ्गासम्म संगसंगै गा' होइन ? चिन्या जस्तो मात्रै लाग्योरे !'

कहाँ हामीहरू ! कहाँ सोलु सालमे र ओखलढुङ्गा ! न वैद्य पुगेको छ ती ठाउँहरूमा न म । न त हामी सत्य कुरानै बताउन सक्छौं ।

यतिञ्जेल यो कोकी वैनी पनि उसंगै उभिन आइसकेकी थिई । 'चिनिनस् दाइहरूलाई ?' उससंग सोधी ।

'किन नचिन्नु, पोहोर ओखलढुङ्गा हाट जांदा संगसगै गा'को होइन ? पतालेमा संगै बास बस्या होइन ?'

'हो । ' हामी होइन भन्न सक्दैनौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुई बैनीले हामीलाई अब छ्याङ खान जान कर गर्न लाग्छन् । हामी सकेसम्म मान्दैनौं तर उनीहरूले माने पो ! दुई गिलासभरि छ्याङ आइपुग्छ । यो योकोको तर्फबाट थियो ।

रमाइलो नरमाइलो मीठो नमीठो स्थितिमा राख्छ अघिको मेरो एक हरफले हामीलाई— चिनेको जस्तो लाग्यो नि दिदी तपाईंलाई त । घर ओख्ला होइन ?' दोबारमा गिलास समाउँछु, सोच्छु —यी केटी-हरू जसलाई हामीले कहिल्यै भेटेको थिएन । सोलु सल्लेमे ओखलढुङ्गा जहाँ हामी पुगेकै छैन । पताले जुन गाउँमा हाम्री बास बसेकै छैनौं...अर्थात् हामी ती केटा हुँदै होइनौं जसलाई यिनीहरू फेरि भेट्दैछन् छ्याङ टक्र्याउँदैछन् सप्रेम—! तर अब के उपाय छ ? कसरी हामी यिनीहरूलाई फुक्याउन सक्छौं ? हामी यहां त्यो भैदिनु छ जुन हामी होइनौं । हामी यहाँ त्यसैगरी जीवन बिताउछौं जस्तो बिताउनु हुँदैन ..।

योको हामीलाई बिडी टक्र्याउँछे । मलाई थक्क थक्क लाग्छ । म पनि त टक्र्याउन सक्थें ।

यो यात्रा ! यो योको ! यो छ्याङ ! यो बिडी ! र ती युवक-हरू जसको प्यूत्वा हामी भएका छौं । प्यूत्वा–अनातोले फ्रान्सको एउटा कथाको नायक जुन कहिल्यै भएन ।

छ्याङ सिध्याएर हामीले मुक्तिको अनुभव गर्‍यौं । तर हामी फेरि बाँधियौं । योकोको बैनीको आग्रहमा दुई गिलास छ्याङ लिएर ऊ हाम्रो अगाडि उभिएकी थिई–'हैन खानै पर्छ' हाम्रो प्रत्येक 'नाईं' को जवाफमा ऊ भन्दथो 'हैन खानै पर्छ' हामीले खानै पर्‍यो । उनीहरूको चित्त नबुझुन्जेल–दोहोर्‍याई, तेहेर्‍याई ।

हामीसंग भेटको र हाम्रो मान गर्न सकेकोमा उनीहरू तृप्तिको अनुभव गर्दै गफ गर्दछन—हामी बेइमानी रे ! नचिनेकी जस्तो गर्दै

CC-0. In Public Domain. Digitization by eGangotri

सकेसम्म टार्न खोजेको रे हामीले ! वाचा गरेर ओक्साखानी नगएको रे ! उनीहरू पोहोर हमीले जिस्काएको, ख्यालठट्टा गरेको संस्मरण सुनाएर हामीलाई फुक्याउँथे । कैलेकाहीं पोहोर हाम्रो यिनीहरूसंग भएको भेटको कल्पना गर्न चाहन्थ्यौं । तर नसकिने । हुँदै नभएको कुरा कसरी सम्फनु ?

राति बास सगै थियो पाटीमा । सप्पै जना एकै लहरले सुतेका थियौं...दिनभरिको हिंडाइले मस्त थाकेर पनि हामी धेरै अबेरसम्म निदाएनौं । कुरा पो गरिबस्यौं ।

विहान । बाटो एकदम विपरीत थियो । हामी नाम्चेतिर जाने-उनीहरू नाम्चेतिरबाट फर्कने । उनीहरू नाम्चेतिरबाट फर्कन छुट्टिने वेलामा हामीले तिनीहरूको फोटोमात्र खिच्न सक्यौं, जसको धेरै प्रतिहरू बनाएर पठाइदिने वाचा हामीले गरेका थियौं । ऐले वैद्य काठमाडौंबाट लेख्छ–'त्याङ्बुचे यात्राका सारा फोटोहरू बिग्रेछन् ।'

छुट्टिने वेलामा योको र उसकी बैनीले हामीलाई एक पुरिया बिडी दिए–'सम्फाउनी–बिर्साउनी । विडी खाँदा सम्फनु होला दाजु ! माया नमार्नु होला । फर्कदा ओक्साखानी पक्का आउनु होला ।'

उसको अनुहार एक तमाससंग बिग्रेको थियो । रून सकिन । हाँसिर पनि त बिदा गर्न सकिन नि !

बिडी लिन हामीलाई निक्कै संकोच लाग्यो । वास्तवमा हामी ती थिएनौ जो उनीहरू सोच्दैछन् । तर तिनीहरूको आग्रह ! आखिर हामीले पनि त केही चिनु दिनुपर्ने । यसले के फरक पर्छ कि हामीहरू ती युवकहरू थिएनौं जससंग यिनीहरूले एक दिन र एक रात विताएका थिए ।

आखिर हामी उकालो लाग्यौं ।

"जानुस् है दाजु राम्रोसंग । ओक्सा आउनु पक्का..." निक्कै माथि पुगिसकेर पनि हामी वेलावेलामा सुन्दथ्यौं तलबाट आएको स्वर ।

CC-0. In Public Domain. Digitization by eGangotri

कँलेको चिनजान हो यिनीहरूसंग ? ढाक्रेलाई खपिनसक्नु भएछ । सोधी हाल्छ मौका पारेर ।

मलाई तिनीहरूलाई सम्झन मन लागेको हुँदैन । उल्टो मै सोध्छु -'चामल के भाउ वेसाको ?'

घरबाट दुई दिनको बाटो दखिवन गएर आठ रूपियाँ पाथी...' ऊ जवाफ दिन्छ ।

'हाटमा कसरी वेच्छौ त ?'

'जे भाउ त बस्ला ! तर यो हाटमा पनि दश रूपियाँके भाउ राखे भने त फर्काएर घरँ लान्छु नि गांठे । उहीं छ एघार रूपियाँको पाथी त ! तर यो पाला भाउ बढ्छ । ढाक्रे उस्तो गा'को छैन..., ।'

उत्तरतिर हामी त्याङबुचे गुम्बासम्म मात्र गयौं । अगाडि गएनौं वा सकेनौं । फर्केर हामी आइपुग्यौं जहाँ मैले योकोलाई भेटेको थिएँ र योकोले उसका पुराना दुई मित्रलाई । बास त्यै पाटीमा भयो । तर पाटी रित्तो थियो यसपाली ।

मूलबाटो दूधकोशी तर्न छोडेर हामी कोशीको तीरैतीर ओक्सा-तिर लाग्यौं ।

ओक्सा खानीमा हाम्रो कसैसंग भेट भएन । सबै अन्न वेसाउन दक्षिणतिर गएका थिए रे..उनीहरूलाई अरूहरू पनि त खेप्नु पर्छ ।

ओक्सा हामीले राम्ररी हेर्‍यौं ।

'सोलु, साल्मे, पाताले, ओखलढुङ्गा पनि हेर्दै फर्कनु पर्छ....' ओक्सा वासमा हामीले निर्णय गर्‍यौं ।

भोलि विहानै दूधकोशीको छेउको डांडा माथि माथि दूधकोशी संगैसंगै हामी उँधो लाग्यौं ।

CC-0. In Public Domain. Digitization by eGangotri



## संदर्भ--२

कहीं त जानै पर्छ, अँध्यारो कुनामा हामी निर्णय गर्थ्यौं । कहाँ जानु ? थाहा थिएन । वैद्य भन्थ्यो, कि मुस्ताङ कि नाम्चे । म भन्थें त्यो कहीं होस् पर्याप्त टाढा चाहे जुम्ला होस्, चाहे एकदिनको बाटो पर मात्र, तर त्याहाँ एक थोक नहोस्, के भने पूँजीको धूपको गन्ध । र त्यहाँ त्यस ठाउँदेखि वाक्क नभएसम्म बस्न पाइयोस् ।

कसरी संभव हुन्छ त्यो ? हामी विवाद गर्थ्यौं ।

माष्टर हुन सक्छौं, त्यस्तै ठाउँ रहेछ भने, नत्र नोकर त हुन सक्छौं । हामी निष्कर्षमा पुग्थ्यौं ।

महीनौं विते । हाम्रो हिंड्ने दिन आएन । लाग्दथ्यो यो पनि त्यस्तै मनको लड्डू हो, जुन प्रत्येक तन्नेरीले उमेरमा घिउसित...खान्छ । सधैं मातेको बेला मात्रै कुरा उठ्दथ्यो, अतः लाग्दथ्यो यो नमात्तेको बेलालाई काम लाग्दैन ।

नमातेको बेला गर्ने हामीसंग धेरै कुरा थिए ।

एक दिन अचम्भ भो । हामी हिंड्ने नै भयौं । के, कता, टुङ्गो नमैकनै.....। वैद्यले घरमा ढाँटिदियो, रामेछाप जान्छु दुई दिनको लागि

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर । मैले रामेछाप (मंथली, मेरो घर)मा ढाँटिदिएँ जिरी जाँदै छौं दुई दिनको लागि भनेर । अनि हामी तामाकोशी तीरैतिर जिरीतिर हिंडेका थियौं ।

...त्यो दिन असिनाले चुटेर वा थुनेर दिउँसै पौवामा वास बस्नु परेको थियो । त्यो वासमा हामीसंग विडी तुरेछ । हामीलाई यो एउटा ठूलो मर्का थियो । कहाँ र कहिले पाइन्छ ? हामी सोध्दथ्यौं । भोलि चौरीखर्कमा क्षेत्रीको पसलमा सबथोक पाइन्छ, शेर्पाहरू जवाफ दिन्थे ।

यसरी चौरीखर्क र छेत्रीको पसलसंग हामी परिचित भएका थियौं ।

'छेत्रीको घर यै हो ? '–चौरीखर्क पुगेर देखाइएको घरमा मैले सोधें ।]

'हो' घर धनीले भन्यो । उ माथिदेखि तलसम्म शेर्पा पहिरनमा थियो । किन ? के चाहियो ? आउनुस् बस्नुस् ।' उसले भन्यो ।

'चाहिन त धेरै थोक चाहिएको छ । तर छेत्रीको पसल भन्थे...' मैले उ छेत्री हो र त्यो घर पसल हुनुमा शंका गरें ।

उसले सफाइ दियो–'अघि हाम्रो पुरूखामा एकजना छेत्री थियो रे...हाम्रा वजू शेर्पिनीले क्षेत्रीसंग गएको रे...अब त हामी जम्मै शेर्पा नै हौं...तर छेत्री पनि भन्छन् ।'

उ एकदम साधारण तवरले भन्दै थियो जस्तो 'दाल विलिनु भो' भनिन्छ ।

पवित्र देशको पवित्र ब्राह्मण भइदिएकोले मलाई आमर्जे लाग्यो । उ सनातनी बाहुन छेत्रीहरूको प्रभाव क्षेत्रमा (प्रभाव क्षेत्रमा ?)भएको ले भन्ने थियो होला–'हामीहरू छेत्री हौं ...अघि हाम्रा पुर्खाले यौटी शेर्पिनी ल्याएका रहेछन्...अहिले हामीहरू सब छेत्री नै हौं ।'

वा यो कुरा उसले ढांट्ने वा बुझाउने थियो होला ।

तर उसको स्पष्टवादिता प्रभावशाली थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले उनीहरूलाई नै भात पकाइदिन अनुरोध गऱ्यौं । उनीहरूले स्वीकार गरे, बिडी पायौं कतिदेखि नपाएको झोक, बिडी फोस्दै थकाइ मार्न थाल्यौं...चाँडै बिडी खान पाउन हामीले धपेडी गरेर थियौं।

हामीले बास बसेका सबै शेर्पाहरूको घरको बाहिरी बनावट, भित्री सजावट, चूल्हो खाने सुत्ने ठाउँहरुको स्थिति र ढाँचा, चित्रकारी र पोर्सलीनका भाँडाहरूको प्रचलनहरूमा एकै ढङ्ग वा शैली अनि पाहुनाहरूसंग फर्को फर्को नगर्ने बानीले हामीलाई निक्कै प्रभावित पारेको थियो हामी जुन समाजमा हुर्केका थियौं, त्यहाँ पाहुनालाई सुत्न पेटी, दलान र पकाउन गोठ, आँगनभन्दा बढी उदारता देखाएको थाह्रा थिएन। शेर्पाकहाँ हामी उनकै चूल्हो पाउथ्यौं र सुत्न उही मटान नेपाल साम्राज्यको यो अहिन्दू संस्कृति भएको (असभ्य ? ) शेर्पा जस्तो यस अर्थमा सबैभन्दा गतिलो छ । यो हरप मैले हिन्दू संस्कृतिका पक्का भारको श्रेष्ठताका गुण गायक (पुरेत बाजेहरू) संग क्षमा माग्दै लेखेको हो। दुर्वासाको डकार (श्रापको डकार) संग शायद म डराउँछु ।

जस्तो कि प्रत्येक घरमा हुन्थ्यो, हामी त्यही परिवारसंग खुलिसकेका थियौं । त्यहाँ भएको एउटा बूढो, एउटी बूढी, दुईटी तरुनी छोरी र एउटी हात कूजिएको कुनामा एकै एकै पोको परिरहने छोरीसंग हामीहरू उत्तिनै घनिष्ठ भैसकेका थियौं । उनीहरूको दृष्टिमा पनि हामी 'सरकारी मान्छे' थियौं र रमाइला (कुरौटे) ठिटाहरू । हामी विदेशी भएको भए 'टूरिष्ट' हुने रहेछौं उनको आँखामा, हाम्रो कुराकानी यसै भन्दथ्यो ।

बिदा हुँदा घर बूढाले आग्रहसाथ फर्किदा पनि त्यहाँ पसिदिने अनुरोध गऱ्यो ।

'यै गाउँमा भात खाने अथवा वास बास्ने भइयो भने अवश्य आउँला..' हामीले कबोल गऱ्यौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

'हैन । त्यस्तो बेला गर्ने पर्छ र ? जस्तो बेला परे पनि पाल्नु होला है हजुर हो ...'

बाटा लाग्यौं हामीसंगै उसका दुई छोरीहरू आफूभन्दा ठूला डोका बोकेर सीतर लिन जान लागे । बाटो परसम्म एउटै थियो । केही परसम्म चुपचाप हिंडेपछि ठूलीले भनी – 'उ हाम्रो नेवारसंग पोइल जाने दिदीको घर ... '

बाटामनिको एउटा सफा घर उसले देखाएकी थिई ।

'हामी पनि त नेवार हौं ।' मैले भनें

'थाहा छ ।'

( हामीले अघि नै जात 'नेवार' भनिकेसको सम्झिएँ )

'तिमीहरू हामीसंग पोइल जान्छौ ? '

निकै बेरसम्म उनीहरू हाँसिरहे। अनि सानीले भनी–

'लान्छौ र ?'

'किन नलानु !'

'कां लान्छौ ...'

'उ काठमाडौं ... नेपाल ...'

'के, के दिन्छौ ...'

हामीले गहनाको निकै लामु फिरिस्त सुनाइदियौं ।

'जान्छौ'–उनीहरूले 'फाइनल' कै जवाफ दिए ।

ठूलीको नाउँ डुक्पे र सानीको नाउँ लाक्पा थियो क्यार ।

'तिम्रो फोटो खिचौं ?'–एकाएक मैले सानीसंग सोधें । ऊ शेर्पा पहिरनमा निक्कै आकर्षक व्यक्तित्व थिई ।

हामीले उ जति आकर्षक व्यक्तित्व यस यात्रामा पाएका थिएनौं क्यार, म यात्राको चिनु चाहन्थें, मेरो कमजोरी ।

'कति पैसा दिन्छौ ?' उ पूँजी गन्हाइदिई । म झस्किए । फोटो खिच्नुमा मेरो स्वार्थ छ । अतः पैसा मैले दिनुपर्दछ । मार्शललाई

CC-0. In Public Domain. Digitization by eGangotri

उसले बुझेकी रहिछ । ओक्साखानीका केटीहरूले मार्शललाई बुझेका थिएनन्, उनीहरू मूलबाटोमा नपरेर कोल्टे पर्छन् ...

उसले ठट्टा गरेको भनिठानेको थिएँ, फोटो खिच्न ठिक्क परें । उसले मुख लुकाइदिई । मैले यो स्वाङ पारेको भनिठानें र झुक्याएर फोटो खिचिदिएँ । ऊ झस्किई । पछि बुझी; मैले फोटो खिचेको थिएँ । 'खै पैसा देऊ ।' उसले हत्केला पसारी दिई ।

मैले त्यो ख्याल ख्याल ठानें ।

'कति ?' तैपनि सोधें ।

'जति दिए पनि ।'

अनि अरू हामी जिस्कियौं । संगै फोटोहरू लियौं पालै पालो । नाम्चे जाउँ भन्यौं । हुन्छ– भन्ने ।

उनीहरूको स्वतन्त्रता ईर्ष्यालाग्दो थियो, आकर्षक थियो ।

हाम्रो बाटो छुट्टियो ।

'राम्ररी जाऊ है दाजु...खुट्टा भाँचिएला नत्र ... फर्कंदा भेट्नु...' माथि पाखावाट उनीहरू एक थोक कराइरहन्थे र हामी पनि जिस्कन्थ्यौं । दुख्ला भन्न नजानेर भाँचिएला भनेका थिए शायद ।

नाम्चे पुग्ने सुर थियो । तर फेदीमै वास पऱ्यो । होइन, फेदीमा बास पऱ्यो । होइन, फेदीमा वास हुने भयो । एउटा घरमा बास मागेका थियौं । उनीहरू अन्कनाइरहेका थिए । हामीलाई आश्चर्य लाग्दै थियो, किन ?

कान्लामुनि दूधकोशी थियो । माथि केही सेता चुचुरा । वाटोमा दुई पाते मकै थियो । पारिपट्टि भीरभीरै राते कुद्दै थियो, वैद्यले भन्यो– 'उ राते !'

एक छिन हामी शिकारी भयौं । पिठ्यूँमा राइफलहरू थिए । हामीले शिकार मारेका थियौं .. (इत्यादि)

CC-0. In Public Domain. Digitization by eGangotri

एकै छिनपछि नुपूर वनर्जीको स्वर संझयौं–"लेख लेख हिड्ने–लेख मिर्ग...।

र, त्यहाँ न राइफल थियो न नुपूर वनर्जीको आवाज।

आफ्नू हत्केलाको चन्द्र पर्वत हेरें, त्यति अग्लो त छैन। विश्वास नभएर पनि अन्धविश्वासहरूमा पत्यार हुँदोरहेछ, के होला त्यस विज्ञानको नाउँ ?

हामीले बास पायौं। घर धनी घरमा रहेनछ। ऊ कुनै साहेब-संग काठमाडौं (कुनै धनदको श्रापले रामगिरी ?) गएको फर्केको रहेनछ, आठ महीना भैसकेछ। घरमा दुइटी आइमाई मात्र रहेछन् एउटी तरुनी देखिने करीव ३० वर्षको आमा र अर्की पनि तरुनी नै देखिने छोरी। त्यसै कारण बास दिन गसकाएका थिए तर जे होस् ऊ गजाधर सोतीकी जस्ती पवित्र आइमाई थिइन, थिई केवल एक शेर्पिनी।

हामीहरूले रूखमुनि रात काट्नु परेन।

ताती छयाङ दिंदै उसजे भनी–'तिमीहरू जाती हौला भनेर बास दिएको... तैपनि ...'

कराहीमा स्याक्पा फत्किरहेको थियो, मलाई चाख्न मन लागेको थियो, म आफू भलाद्मी हुनको निम्ति मागिन, माग्न सकिन।

...फर्केर बास बस्न हामी चौंरीखर्क पुग्यौं। हिजो भर्खर जर्साबहरू त्यहाँ बास बस्नु भएको थियो रे।

डुक्पा, लाक्पाले हामीहरूलाई चिने, स्वागत गरे, फोटो मागे। बूढाले चिनेन। हामीलाई त्यो आशा थिएन, उसले व्यावसायिक निम्तो मात्रै गरेको थियो। तैपनि ऊ फेरि घनिष्ठ भयो, अघि जस्तै। डुक्पाले आधा कोश पर उसको नेवारकहाँ पोइल गएको दिदीकहाँवाट कुखुरा किनेर ल्याइदिई। लाक्पाले आगो बाली दिई। भात पकाइदिई।

हामीलें उनीहरूकी आमासँग ठट्टा गरेका थियौं-'अब एक वर्ष-सम्म यीं वस्छौं, तिम्रो खेती गरिदिन्छौं, राख्छयौ, आमै ?'

CC-0. In Public Domain. Digitization by eGangotri

'बसन किन नपाल्नु...' ऊ उन्मुक्त हाँसेकी थिई। के चौंरीखर्क हामीले चिताए जस्तो ठाउँ थियो ?

कुन्नि !

हामी हिँड्यौं जसरी प्रत्येक बासबाट हिँड्नुपर्दथ्यो, चाहे रमाइलो लागेको होस् चाहे विरक्त। दूधकोशीको छेउको टार परेको लेख चौंरीखर्क कतै हामीले भूचक्रपुरको अँध्यारो तीन कुने मतानमा मातेर चिताएको गाउँ जस्तो त थिएन ? हाम्रो यात्रा के एउटा 'सर्भे' थियो जसमा हामीलाई यस्तो ठाउँ खोज्नु थियो जहाँ केही समय सजिलै बिताउन सकियोस्। हामी जहाँ बस्दथ्यौं, वा जहाँ बस्नुपर्दथ्यो के त्यस्तो ठाउँ थियो जहाँ निस्सासेर उमेर बित्दथ्यो ? यस्तै थियो सबै भने चौंरीखर्क 'हुने' थियो हाम्रो लागि...,

... त्यसदिन ओखलढुङ्गा पुग्न हामी हतारिएका थियौं। दिनको दुई छाक आफैंले दाउरा फुकेर भात पकाउनु तिहुन नभएर नूनसंग चोबेर निल्नु वा खिचडी खानु अनि दिनको बाह्र घण्टा उकालो ओरालो हिँड्नु हामी शहरिया बाबु (?) को लागि कष्टप्रद नै थियो। अतः ओखल-ढुङ्गा पुग्न हतार थियो, किनभने त्यहाँ होटल छ, सुनेका थियौं र दाल भात तरकारी अचार खान रहर भइसकेको थियो, जुन हामी होटलमा पाउन सक्थ्यौं। दम्स्याइलो ओरालो हामी ओर्लंदै थियौं फटाफट र हामीसंगै जर्साब बथानका मान्छे पनि थिए।

भारी बोकेर उकालो लागेका दुइटी शेर्पिनीसंग उनीहरू भर्खरै छिल्लिइसकेका थिए।

एउटाले तिनीहरू अनाकर्षक चाललाई (चाकलाई) थुक्दै भन्यो 'थुक्क यस्ता थासे राँडीहरू ! मलाई त सित्थै पनि चाहिएन ... चौंरी-खर्ककी... ...'

शेर्पिनीले सुनिछ, 'नपाएर थुक्क पाउने भए चाट्थ्यौ।' उसले कटु सत्य अनुभव गरेकी रहिछ। प्वाक्क भन्दिई।

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रोले भन्यो– खुचिङ ! खाइस् । मोरा, के चौंरीखर्क ?'

तेस्रोले भन्यो– 'के अब पाँच पाँच रूपिया कवोलेर सुते मोराहरू! दिने वेलामा उल्ले उल्लाई देखाइदियो उल्ले उल्लाई... ...'

चौथोले सोध्यो– 'कुन चाहिँलाई नि ?'

पाँचौंले भन्यो– कुनचाहिं अब दुइटी थिए छेत्री भनाउँदाकी छोरीहरू दुइटैलाई पालैसँग ... ...'

'हाम्ले त सुइँको पनि पाएनौं, थुक्क !' एउटा दुःख मनायो !

'पाँच रूपिया पनि त चाहिन्थ्यो नि !' छैटौंले भन्यो ।

'के चाहिन्थ्यो पाँच रूपिया । कबोल्नु मात्रै त हो नि जिउको यति र उति भनेर । दिने बेलामा यी हामी भागेर हिंड्यौं र भइगयो...'

'एक पैसा पनि पाएनन् त तिनीहरूले !'

'अहँ ! कसले दिन्छ त्यस्ता वतासे राँडहरूलाई !'

'कुप्रिनको घरमा भन्दा सगरमाथाको काख कति पर पर्छ'– मैले वैद्यसंग सोधें ।

'एक वित्ता, एक डलर ।' उसले जवाफ दियो ।

यो वार्तालाप हुँदा हामी फर्की सकेका थियौं कुनै शहरी भट्टीमा थियौं । हामी मातेका थियौं । लाक्पा डूक्पा जस्ता तन्नेरीहरू हामीलाई मात थप्दै थिए । हाम्रो यात्राको यो उपसंहार थियो ।

र त्यहाँ धूप सल्किरहेको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri



## संदर्भ : ३

दिन घर्किसकेपछि हामी त्याङ्बुचे पुग्यौं ।

त्याङ्बुचे पुगेर मैले पैलो काम यो गरें, के भने, म रमाइलो खोज्न लागें । 'मेरो देश रमाइलो छ,' मैले विदेशीले भनेको सुनेको थिएँ, लेखेको पढेको थिएँ । यौटा हिप्पीले भनेको अझै टाठै छ, दुई वर्षको विश्व भ्रमणमा ऊ नेपालभन्दा रमाइलो देश अन्त पुगेको थिएन रे । त्याङ्बुचे गुम्वा, भारतीय सहायताले तिब्बती पढाइने स्कूल, यस पाला पनि फुलेर थाकिसकेका सेता गुराँसका घारीहरू, कतै शिवलिङ्ग जस्तो सुरिलो, कतै तीनमुखे चुलोका चम्को, कतै मान्छेलाई कस्ने काठी जस्तो ( विशेषणहीन ), कतै तरबारको जस्तो धारिलो, कतै क्यालखानको पर्खाल जस्तो अग्लो छङ्गाछुर भीरको आकृतिका हिमालका थुम्का पाखाहरू र जेठको त्यो मुटु कमाउने सिरेटो, प्रत्येक चीजमा हामी रमाइलो खोज्न थाल्यौं । हामीले डल्ल्यू जोर्डीलाई सम्झयौं, उसले जिरीको सहकारी क्यान्टिनमा टाँगिएको आमा डाब्लाङ हिमालको पृष्ठभूमिमा खिचिएको त्याङबुचे गुम्बाको रङ्गीन फोटो देखाउँदै भनेको थियो— 'यो हिमाल देखिन्छ नि, यै हो सबभन्दा राम्रो... ... आहा ! यो सबभन्दा राम्रो छ । मेरी पत्नीलाई लिएर एक पटक म फेरि बेस

CC-0. In Public Domain. Digitization by eGangotri

क्याम्पसम्म जान्छु ( हिजो ऊ वेस क्याम्पबाट फर्केर आइपुगेको थियो, सायद ऊ पत्नीलाई लिन नै काठमाडौं जाँदै थियो ) ...तर तिमीहरू नाम्चे जाँदै छौ हैन ? नाम्चे मात्रै जाने हो भने त वेकारै छ दृश्यावली हेर्ने दृष्टिकोणले जानु .. :.. कमसे कम त्याङबुचे पुग । त्यसभन्दा माथि जान तिमीहरूसंग पर्याप्त साधन ( सरसामान ) हुन पर्दछ जुन म देख्दिनँ । त्याङबुचे पनि सानुतिनु वेसक्याम्प हो दृश्यावली हेर्न... ...' साधन पर्याप्त नहुने टुरिस्टहरू पुग्ने अन्तिम टुंगो त्यै हो ।'

ऊ सायद स्विस थियो । कुन्नि उससंग फेरि भेट होस् नहोस् । भेट भैहाल्यो भने भन्ने छु होला—.. 'अँ... ... । राम्रो लाग्यो । रमाइलो लाग्यो हिमालय दृश्यावली ... ... इत्यादि' तर त्यतिखेर म कुटो बोलिरहेको हुनेछु । मलाई ती दृश्यावली पटक्कै राम्रो लागेनन् । दिउसै तारा देखने साहित्यकारहरूले गरेको पहाडको वर्णनले मलाई एकोहोऱ्याएको रहेछ, साँच्चै पो रमाइलो हुन्छ कि ? हिमालयका घाँचका लेकहरू साँच्चै सिनेमामा देखिने जस्ता पो हुन्छन् कि ! सायद त्यसैले हामी सक्दो हिमालतिर उक्लन चाहेका थियौं । तर हामी विश्वको त्यस देशको नागरिक थियौं जसको नाउँ नेपाल हो । र नेपालीहरू कसरी नेपाल भ्रमण गर्न सक्छन्— उनीहरूको त जातै विश्व भ्रमण गर्ने ! अतः हामी तेह्र हज्जार फिटभन्दा केही माथिसम्म मात्र पुग्न सक्यौं । दाहिने हाततिरको टम्म हिउँ पोतिएको पाखो हत्केलाले छुन पुगिन्छ लाग्थ्यो । तर त्यहाँको कुनै दृश्यावली यस्तो थिएन जसलाई राम्रो भन्न सकुँ । त्यो त्याङबुचे, ती हिमाल श्रृंखलाहरू र त्यो वातावरण । यही अविकसिय उँचाइ र अविकसित पेशी भएका आध्यात्मिक श्रमको बोझले दवेका अपढ नेपालीहरू जसको शरीरमा एकथोक न एकथोक पर्वतारोहीको जडौरीको चिनु छ, चाहे त्यो हिमाल चढ्ने बुठ होस्, चाहे स्नोप्रुफ जर्किन होस्, चाहे तातो प्यान्ट होस्......

CC-0. In Public Domain. Digitization by eGangotri

'यो ठाउँ ( परिदेश, दृश्यावली भन्न चाहन्थें म) रमाइलो छ ?' मैले एकजना स्थानीयसंग सोधें ।

'कुन्नि !' उसले जवाफ दियो ।

महान् बुद्धिमान्हरूको विश्लेषणमा उसमा अनुभूतिशीलता छैन होला । वैज्ञानिकहरूको विश्लेषणमा उसमा अनुभूतिशीलताको रस सिक्रिट गर्ने (हुन्छ भने) ग्लैन्डको विकास भएको छैन होला । सायद हामीमा पनि त्यस्तै होला ... ...

गेस्ट हाउसमा वास पाउने भयौं । साँचो दिंदै लामाको भाइले सोध्यो, 'भोटे चिया खानुहुन्छ ?'

उसले हाम्रो मान दर्जा काम कारण क्यै सोधेन । सायद उसलाई विश्वास थियो राम्रै फिल्टरेसन भैसकेका मान्छे मात्रै त्यहाँ पुग्न सक्छन् जुन गैर सरकारी (गैर जिम्मेदार ! ) र वेकामे हुनै सक्तैनन् । हामीले जिउभरि दामी र सुकिला लुगा लगाएको देखेर नै सायद उसले चिया सोधेको थियो (वस्तुतः हामीमा नभएको अफिसरलाई) कानुले आँखो पाउनु थियो । नुन हालेको चिया थपी थपी खायौं, जस्तो कि त्यताको प्रचलन रहेछ, आगो सधैं बलेको र चिया सधैं पाकेको हुनु ।

चिया हजारौं पटक (हजारौं कप) खाएका छौं होला । तर त्यो चिया जति स्वादिष्ट खाएको रहेनछौं ।

हुन सक्छ १२,०००–१३,००० फिट उचाइमा धपेडी गरेर हिंडेकोले त्यस्तो भएको हो । यति माथि पुगेपछि बिस्तारो, पञ्चमीका पाइला चालेर हिंड्नुपर्ने रहेछ । नत्र दम बढेर हिंड्न सकिंदो रहेनछ । हिंड्न नसक्नु मात्र होइन विरामी नै होइँदो रहेछ—जसलाई लेक लाग्नु मन्दा रहेछन् । लेक लागेको यौटा अंग्रेज टुरिस्ट भकान्जे फेदीमा हामीसंग थियो । सोचेका थियौं काठमाडौं पुग्दैन, वाटैमा मर्छ त्यो ··· ···

त्याङ्बुचेको आलु प्रख्यात रहेछ । त्यति माथि हुंदो माटोभित्र हुने वाली जस्तो आलु, प्याज मात्र हुंदो रहेछ । गुम्बालाई हामी त्यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

मान्न सक्छौं जस्तो यता मठ र लामालाई महन्त । गुम्बाको आफ्नै खेत पनि हुँदो रहेछ । एक रुपियाँको सासानु एक डालो आलु किनेका थियौं, जुन हामीलाई एक छाकको खाजा हुन पुग्यो । गेस्ट हाउसको हिटरमा रातभरि दाउरा बाल्दा पनि वातावरण तातेन, स्लिपिङ ब्यागभित्र हामी राम्ररी निदाएनौं। अतः हामीले भोलि उकालो लाग्ने विचार नै गर्न सकेनौं, किनभने हामीसंग पाल थिएन र अब बास बस्न गाउँ पाइँदैनथ्यो (रे), हाम्रा जुत्ता पनि फाट्न लागेका थिए। हामीसंग स्नोप्रूफ कोट थिएन ।

भोलि बिहान सबेरै म बाहिर निस्कें एकदम सुकिलो र ठाउँ ठाउँमा निला ( निःसन्देह आकर्षक निलो रङ्ग ) गहिरा र हल्का खत-हरूले भरिएको नाकै ठोक्किएला जस्तो पशुपतिको लिङ्ग जस्तो हिमाल देखेर म कस्किएँ । एकदम छयाङ्ग सेतो हिउँको पटुका म जिन्दगीमा पैलो पटक हेर्दै थिएँ । थरिथरिका चुचुरा र पाखाहरू । मलाई ती सबैको नाउँ जान्न मन लाग्यो । ··· सायद मलाई रमाइलो लाग्यो । के डब्ल्यू. जोर्डीले भनेको कुरा साँचो हो ? के यो दृश्यावली राम्रो छ ? कुन्नि ममा अनुभूति गर्ने ग्लैन्ड डेवलप गरेको छैन क्यार ! भित्रबाट क्यामरा ल्याएर धमाधम फोटो खिच्न थालें एपार्चर र स्पिडको विभिन्न स्थितिमा । वैद्यलाई बोलाएँ । गेस्ट हाउसको पृष्ठभागमा जहाँ काठका सुकेका तर रङ्गीन बाँहाले अंग्रेजीको चारफुटे अक्षरमा लेखेर ठड्याइ-एको छ ।

## MT. EVEREST

माउन्ट एभरेस्ट लेखेको ठाउँमा उभिँदा भान हुन्थ्यो एभरेस्टको साँच्चै अघिल्तिर छु । अतः मैले वैद्यलाई चिनाइदिएँ—ऊ माउन्ट एभरेस्ट ··· ' (यतिखेर म भावुक थिएँ र मेरा आशय थियो कति राम्रो छ ! ) मैले शिवलिङ्ग जस्तो वा फेदनेर गर्भवती स्त्रीको ल्याटेरल भ्यू जस्तो गुम्बज निस्नेको हिमाल (गर्भवती हिमाल ?? )-लाई देखाए-

CC-0. In Public Domain. Digitization by eGangotri

को थिएँ । तर सगरमाथा यति नजीक हुनु नपर्ने, एक मन लाग्दथ्यो पनि, अरू देखेको फोटोहरूसंग यसको आकार पनि मिल्दैन, र बेस क्याम्प सम्म तीन दिनको बाटो पर्छ…

जे होस्, सगरमाथा हामीले नजीकैबाट नाङ्गो आँखाले हेर्‍यौं । उक्लने त कल्पना पनि गरेनौं । हामीसंग त्यति लोचदार फोक्सो र त्यति दरो तिघ्रा थिएन । सायद सबथोक थियो तर मुटु थिएन ।

फोटो लिंदा लिंदै बादलले हिमाल ढाक्यो । हिमालसंग कुहिराको लुकामारी राम्रै थियो । एक कुनामा यौटा हिमाल हाँस्दथ्यो । अर्को कुनामा बादल पोतिन्थ्यो । कहिले जम्मै छोपिन्थ्यो, कहिले जम्मै उघ्रन्थ्यो । अब मलाई यो नाटक नरमाइलो लाग्न थालेको थियो ।

हामी भित्र पसेर आगो ताप्न थाल्यौं । शेर्पा आइपुग्नु भो, उहाँले हिजै भोलि हामीलाई हिमाल चिनाइदिने वाचा गर्नु भएको थियो ।

सबभन्दा पहिले उही सुपरिचित (माउन्ट एभरेस्ट भन्ठानेको) शिवलिङ्ग जस्तो, गर्भवती स्त्रीको गुम्बज जस्तो फेदी भएको चुचुरोलाई देखाएर उहाँले भन्नुभयो…'यो हो (कति नजीकै रहेछ त्यो हिमाल; 'त्यो' नभनेर, 'यो' भन्नुभयो उहाँले) टुरिस्टहरूले सबभन्दा मनपराउने हिमाल, नाउँ हो आमाडाब्लाङ; शेर्पा भाषामा जसको अर्थ हुन्छ-मातृ तुल्य; आदरणीयको भावमा ।'

'मैले त एभरेस्ट भनिठानेको' मैले भनें ।

'एभरेस्ट त ऊ ‥ …. 'पर कुनामा देखाउँदै उहाँले भन्नु भो 'त्यो चाहिं मकालु ।'

एभरेस्ट यौटा ओढार देखिन्थ्यो धेरै पर धमिलो ।

'यो चाहिं 'थाङ तेका' अर्थात स्याडल रूफ ……काठीको आकारको छैन त यो ? … यो चाहिं थाम सेर्नु अर्थात् नाइन पीक्स नौवटा चुचुरा छन् त्यहाँ … ‥ टुरिस्टहरू मन पराउँछन् यिनलाई पनि ‥'

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँ भन्दै जानुभो। सायद राम्रो लाग्ने अनुभूतिको ग्लैन्ड डेवलप गर्दै गयो।

'तपाईंहरू भाग्यमानी हुनुहुँदो रहेछ। सबै चुचुरा, हिमालहरू चाँडै देख्न पाउनु भो। टुरिस्टहरू पाँच दिन, सात दिन, पन्ध्र दिनसम्म बसेर पनि राम्ररी हेर्न नपाएरै फर्कन्छन् ·· ···'

उहाँले अरू हिमालयहरू, अरू चुचुराहरू पनि चिनाउनुभएको थियो, तर मैले यो लेख्दा बिर्सेछु। उहाँलाई पनि लेक लागेको रहेछ। उहाँ भर्खरै त्यहाँ जानुभएको शिक्षक हुनुहुँदो रहेछ।

अब क्यै हेर्न बाँकी थिएन। त्याङ्बुचे गुम्बा हामीले हेरिसकेका थियौं, जसको विशेषता त्यसको हातभित्र स्त्रीलाई रात बिताउन मनाही रहेछ, पुरुषलाई रात बिताउन मनाही भएको अर्को जोगिनीहरू मात्रै भएको मठ पनि हिजै परैबाट हेरिसकेका थियौं — बालकैदेखि लामा हुन र जोगिनी हुन तालीम दिइइरहेका टिठलाग्दा बालक पनि हिजै हेरिसकेका थियौं, अब फर्कनु मात्र बाँकी थियो, लोप्साङ तेन्जिङ शेर्पासँग हात मिलाएर ओरालो लाग्यौं।

उहाँले हामीलाई बिदाको बेला चकलेट दिनुभएको याद छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## संदर्भ : ४

"नेपालमा चौध अंचल छन् ।

| | | |
|---|---|---|
| मेची | वाग्मती | कर्णाली |
| कोशी | लुम्बिनी | सेती |
| सगरमाथा | धौलागिरी | महाकाली |
| जनकपुर | राप्ती | विष्णुमती |
| नारायणी | भेरी | |

नेपालमा चौध अंचल छन् । .. ..."

छात्र छात्राहरू घोकिरहेका थिए । मास्टर सा'ब घोकाउँदै हुनुहुन्थ्यो । उहाँले यो स्कूलमा होइन प्राइभेट पढाउनु भएको–ट्यूशन । त्यस दिन हाम्रो वास स्कूलमा हुन पुगेको थियो ।

चाँहिदो भन्दा वढ्ता सलेदो वाहिर निस्केको, वत्तीभन्दा लामु ध्वाँसोको मुस्लो उकल्ने टुकीको प्रकाशमा २०–२१ वर्षसम्मका छात्र र १३–१४ वर्षसम्मका छात्रा उहाँसंग ट्यूशन पढ्दा रहेछन् । छात्राहरूका अभिभावक पनि थिए र छात्र छात्राहरू एउटा विशेष लयमा (पाठशालामा दुनोट घोक्ने लय) एकै गति दोहऱ्याइ, तेहेऱ्याइ, चौहऱ्याइरहेका थिए ।

'माड्साप उनीहरू ठीक घोक्छन् ?' मैले सोधें ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसले ध्यान पूर्वक सुनेर जवाक दियो – 'ठीक घोकीरा' छन् ।

होलान्, ठीकै घोकी रा' होलान्, मैले सोचें, बाटा लागेको यतिका दिन भै सक्यो, हुनसक्छ विष्णुमति अंचल थपिएर कुनै अंचल खारेज भयो होला। असंभव शब्द नेपोलियनको शब्दकोशमा थिएन रे, नेपालीको शब्दकोशमा पनि हुनु के अनिवार्य छ ?

मलाई साँझ परेपछि जरो जस्तो आएको थियो । आज धपेडी गरेर हिंडेका थियौं । मैले आफ्नू रूक्सामा वजन थप्ने 'प्रयोग' पनि आजै गरेको थिएँ । धपेडीमा मलेरिया पनि बल्झिन्थ्यो, २५ - ३० पाउण्ड वजन घटाएर पनि मेरो शरीरभित्रको मलेरिया कीटाणुको उन्मूलन भएको रहेनछ मैले सोचें । हुन त रगत जाँच्दा मलेरियल प्यारासाइट पाइएको थिएन, तैपनि मैले आफूले खाइआएको क्लोरोक्विन डाइफस्फेट बोकेकै थिएँ... म त्यो खाँउ कि नखाँउ, गम्दै थिएँ । त्यही मास्टरको ओछ्यानमा उसकै ओड्ने ओढेर पल्टेको थिएँ । अब मैले सोच्नुपर्ने अर्कै आएको थियो, त्यो हो विष्णुमती अंचल ।

साथी वैद्य पल्लो कोठामा खिचडी पकाउँदै थियो । ऊ आयो, मैले सोधें 'यो विष्णुमती अंचल कैले बन्यो ?'

ऊ एकपल्ट तर्सियो । केटाकेटीहरूले घोकेको सुनेर भन्यो– 'बन्यो होला । के आश्चर्य ?' उसले आश्चर्य दवाउन गरेको प्रयास प्रष्ट थियो ।

'कसले लेखेको भूगोल पढाउनुहुन्छ ?' मैले सोधें ।

'कुन्नि, लेखक त थाहा छैन । शिक्षा विभागवाट स्वीकृत भूगोल हो । उसले दह्रो जवाफ दियो । लाग्दथ्यो उसलाई पूरा विश्वास थियो विष्णुमती अंचल छ नेपालमा । र हामी वित्थामा बाह्र सत्ताईस कुरा छाँटिरहेछौं ।'

'एकपटक हेरौंन ' धेरपछि मैले काम्लोवाट मुख निकालेर सोधें ।

CC-0. In Public Domain. Digitization by eGangotri

'अहिले त यहाँ छैन । गाउँ पर पर्छ, राती. अँध्यारो ' उसले असमर्थता जाहेर गर्दै भन्यो, विश्वास गर्नुस् न बाबा, छ विष्णुमती अंचल .. खुद मैले हेरेको... हैन त कामी ?' उसले एक जना छात्रसंग सहमति माग्यो ।

'जात कामी ?' मैले आश्चर्य मान्दै सोधें । ऊ नकामीहरूको माफ कसरी वस्यो !

'हैन । नाउँ आङ कामी शेर्पा ।' उसले मलाई भन्यो र छात्रसंग फेरि सहमतिको लागि जोड गर्‍यो ।

'हो ।' ऊ निहुरेको थियो ।

मैले चुप लाग्ने निधो गरें । चुप लाग्नु सिवाय के गर्न सकिन्छ प्रत्येक यस्ता जम्काभेटसंग । मैले शुतुर्मुर्गले वालुवामा टाउको लुकाए झैं काम्लो ओढी दिएँ ।

'माड्सापले शिक्षा कहाँ प्राप्त गर्नु भएको ?' मैले आभिजात्य शैली र शव्दावलीमा प्रश्न गरें ।

'सल्लेरीको स्कूलवाट आठ क्लास पास गरेर टीचर्स टेनिङ पनि पास गरेको हुँ ।'

'विष्णुमती अंचल त छैन जस्तो लाग्छ . एक पटक किताव फेरि हेर्नुस् है ।' मैले अन्तमा नभन्नुपर्ने भनी हालें । के आवश्यकता थियो मलाई जान्ने हुन ।

'विश्वास गर्नुस्न, वर्षौंदेखि म यही कुरा पढाउँदै आएको छु... के म अक्षर पनि नचिनुला ?'

ऊ दह्रो भयो । हामी विदा भयौं । जाँदा जाँदै मैले उसको खान्की बारे सोधपुछ गरें, उसले सरकारी सहायताको अंक सुनाई दियो । त्यो प्राइमरी स्कूल थियो, उत्तरी प्रशासन क्षेत्रमा र राम्रै आ. स. पाउने ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसले नवताएको कुरा हामीले पछि थाहा पायौं, गाउँलेहरू सिदा छुट्टै भर्छन् रे, खाजा खान छ्याङ र फुल अनि तरकारी खान चल्ला, भुटुन खान घिउ वेग्लै पाउँछ रे उसले ग्रामीणबाटै ।

मैले आश्चर्य प्रकट गरें, नेपालको सुदूर उत्तर र सुदूर दक्षिणमा गजब साम्य देखेर . यहाँ (यो लेख्दा म जनकपुरमा छु) टीचर स्वागत दिवस हुन्छ जब मास्टरहरूलाई विद्यार्थीले लुगा हाली दिनु पर्छ र त्यसको लागि शिक्षकबाट प्रतिस्पर्धा गराइन्छ, त्यहाँ अन्न उठाइन्छ ।

र घोकाइन्छ 'विष्णुमती अन्चल'

र सिकाउने माध्यम हुन्छ अनेपाली भाषा ।

CC-0. In Public Domain. Digitization by eGangotri



## संदर्भ : ५

वाकुको बीरबहादुरलाई ओक्सा जानू भन्ने खबर दिनु थियो। ओक्सामा हामीले वाचा गरेका थियौं। वाकु नपुग्दै पानी पर्न लाग्यो। प्राय: लेक हुँदो जेठदेखि नै प्रत्येक अपरान्ह पानी पर्दो रहेछ। बर्सादी ओढेर हिँड्दै थियौं। हिलो चिप्लोको ओरालो निकै कष्टप्रद थियो। अझ एक कोश हिँड्ने समय थियो। हामी बीरबहादुरको घरनेरै पुगेछौं, एक जना गाउँलेले उसको घर चिनाइदियो। त्यहाँ एकछिन ओत लाग्ने र सम्चार सुनाइदिने निश्चय गर्‍यौं।

'बीरबहादुर राईको घर हो यही ?' गारामा लगाइएको ढुङ्गाका खुड्केला ओर्लंदै हामीले सोध्यौं।

'त्यो तल्लो।' स्त्रीले जवाफ दिई। निक्कै ठूलो थाङ्ग्रो बोकेर भर्खर वनबाट आइपुगेकी थिई त्यो।

तल्लो घर पुग्न हामीलाई यौटा अप्ठ्यारो कान्लो ओर्लनुपर्‍यो फेरि। झरी नपरेको भए त्यो सजिलै थियो होला।

दलानबाट चियाएर मैले सोधें— 'बीरबहादुर राई घरै छन् ?' भित्रबाट च्यौंठिएको स्त्री स्वर आयो, 'कुन्नि त। भए होला उसैको घरमा।'

CC-0. In Public Domain. Digitization by eGangotri

'कुन हो उसको घर ?' मैले सोधें ।

'त्यो मास्लो' उसले जवाफ दिई ।

अब हामी अन्योलमा पऱ्यौं । पानी झन् दर्किदैछ । मास्लो घरको आइमाई तल्लो घर देखाइदिन्छे। तल्लो घरकी आइमाई मास्लो घर देखाइदिन्छे । कुन हो वीरबहादुरको साँच्ची घर ? कसलाई दिने ? खबर दिन हामी त्यति चिन्तित हुने थिएनौं, चिन्ता थियो ओत लाग्नको । "सायद यिनीहरू सौता सौता हुन् ।" बलेसीमा उभिएर बिडी चुस्दै मैले भनें । मेरो सहयात्री वैद्यले मुन्टो हल्लायो । तर मुन्टो हल्लाएर नहुने । हामीलाई बास बस्नु पनि आवश्यक थियो । अब हामीले अरू हिड्न सक्ने आशा छाडिसकेको थियौं । वैद्य लतर–पतर गर्दै कान्लो उक्लियो ।

'मूल घर त्यै हो' मास्लो घरको स्त्रीले संक्षिप्त उत्तर दिई ।

'मूल घर त यै हो रे । 'मैले चोर झैं मूल ढोकाबाट मुन्टो मात्र छिराएर तल्लो घरकी स्त्रीलाई सुनाउने चेष्टा गरें ।

उसले सुनेर पनि सायद नसुन्ने चेष्टा गरी । मैले नसुनाई नछोड्ने निश्चय गरें– 'तल सोधे माथि भन्छन्...माथि सोधे तल भन्छन् वीरबहादुर राईलाई भेट्ने काम थियो... हेर आमै, 'अब वीरबहादुर राईको घर यो होस् कि नहोस् हामीलाई वास्ता छैन...हामीलाई आज यहाँ बास बस्न देऊ... ..."

'बसन बास त... तिमले वीरबहादुरलाई सोध्यौ र पो उसको घर देखाइ दिया त, ऊ पर्धान .. ... उस्कैं बसने हौला भनेर... स्त्रीको स्वर च्याँठिएको थियो, सायद ऊ साधारण ढंगले कुरा गरिरहेकी थिई ।

यतिकैमा यौटी तरुनीले दलानमा गुन्द्री ओछ्याइदिई, हामीले बुझ्यौं यो हाम्रा लागि थियो ।

"मैले प्रौढ स्त्रीसंग भनें, 'मूल घर त यही हो रे त... ।"

'हो मूल घर । आफू कान्छी ल्याएर गैरछ ... मूल घर । कैले कैले याँ आउँदैन । के के मूल घर ! आज कति वर्ष भै सक्यो त्यो याँ

CC-0. In Public Domain. Digitization by eGangotri

नबस्या । छोरो बिरामी छ ..फर्केर हेर्दैन ... माई आएर गाउँका आठजना केटाकेटी लग्यो...यसपालि खडेरी पऱ्यो .. ...' अब च्याँठिएकी थिइन सायद ऊ रुने मुद्रामा थिई, ऊ भित्र अँध्यारोमा थिई ।

मेरो अन्दाज ठीकै भएछ । तिनीहरू सौता सौता रहेछन् । हामी धेरै बेर सुस्तायौं । न पानी थामियो न बीरबहादुर आयो ।

बेलुकाको छाक टार्ने समस्यामा सोच्न लाग्यौं, प्रौढ स्त्रीबाट थाहा पायौं । पानी त्यहाँ यति महँगो रहेछ कि भात पकाउन र भाँडा माझ्न संभव रहेनछ । हामीलाई त्यो छाक भात खान मन थियो, तर नखाने निश्चय गऱ्यौं ।

कुखुरा किन्न खोज्यौं, पाएनौं ।

फुल पाएनौं ।

'एक माना जति मकै किन्न पाइएला ? भुटेर खान !'

'हुन्छ । रूपियाँको तीनमाना पाइन्छ । खोजी दिउँला ।' 'प्रौढ स्त्रीले जवाफ दिई ।

अब खानको दुःख थिएन ।

साँझ परिसकेको थियो । हामी भित्र आगो ताप्दै थियौं । छेउमा बिरामी छोरो जाँड खान्छु भनेर कल गर्दै थियो ।

वर्ष बाह्रेकको थियो छोरो, खटिरा सुकिसकेको थियो । अनि सर्दीले समातेको थियो । हामीले सर्दीको ओखती दियौं र मुख बार्न जोड दियौं । र हामी औषधी विशेषज्ञ ठानिएछौं त्यस घरमा ।

'खान्छौ भने भातै पकाएर खाओन त । एक गाग्री पानीसम्म दिउँला, साँझका पाहुना हौ......' स्त्रीले भनी ।

अब हाम्रो भात पकाउने 'मूड' थिएन । हामीले नाइँ भन्यौं । उसले जोड गरी । तर हामीले मानेनौं नै । ऊ मकै भुटी दिन लागी ।

बीरबहादुर आइपुग्यो, ऊ क्यारल खेद्न गएको रहेछ । ऊ आएर

CC-0. In Public Domain. Digitization by eGangotri

एक पटक भातै पकाएर खान जोड गऱ्यो । हामीले मानेनौं । उसले असाध्य नै जोड गऱ्यो । तर हाम्रो लिडे ढिपी पनि घटि थिएन ।

उ सबैंको लाहुरे रहेछ 'दार्जीलिङमा कुल्ली काम गर्ने,' उसको शव्दमा ।

'गारा मुनि दुइटा चियाका वोट थिए, वेला भए ख्वाउने थिएँ तपाईंहरूलाई आफ्नु घरको वोटको चिया,' उसले भन्यो ।

'सोह्र पाथी मकै लिएर अस्ति हाम्री छोरी पनि नाम्चे गाकी थिई,' 'उसले । त्यसमाथि आफ्नु खाजा सामल वेग्लै, मैले उसको पिठ्यूँमा एकमुरीको वजन अड्कले ।

वेलुका हामीले खाएको तीनमाना जाँड र दुई घान मकैको पैसा उनीहरूले लिन मानेनन् । हामीले नदिन मानेनौं । केवल तीन माना जाँडको एकमोहर उनीहरू लिन राजी भएका थिए, किनकि त्यो छोरीको पेवा रे... ... तर फिर्ता दिन एक मोहोर नभएकोले उनीहरूले एक रूपियाँ लिनै पऱ्यो ।

भोलिपल्ट विहान हिंड्ने वेलामा स्त्रीले पर्खाई, दुई घान भटमास भुटी दिई र भनी 'हिजो पनि पेटभरि खाका छैनौ, कसरी जान्छौ .. ... यो टोक्दै ओरालो लाग्नू ..भात खाओ भन्दा मानेनौ ।'

मैले संझे, हिजोकी त्यही कर्कश स्त्री हो यो, जो हामीलाई वास दिन चाहन्नथी । वावुले फर्केर नहेरेको उसको छोरोलाई हामीले ओखती दिएका थियौं । त्यसैले ?

हामी ओरालो लाग्यौं । पनेरा वाटैमा पर्दोरहेछ । दुई तीनटा कुवा रहेछन् । पालो पर्खेर वसेका मान्छेहरू ! लाममा सुतेका ढुंग्राहरू ! दर्जनौं ढुंग्रा थिए त्यहाँ । एक दुई जना पातको खोचो वनाएर पानी उघाउँदै ढुंगामा हालिरहेका । एक पटक उघाएपछि फेरि उघाउन केही समय पर्खनुपर्थ्यो ।

'यौटा फोटो खिचौं न'– मैले भनें

CC-0. In Public Domain. Digitization by eGangotri

'लाईट पुग्दैन' वैद्यले भन्यो ।

संझे त्यो स्त्री एक गाग्री पानी दिन तत्पर भएकी थिई । के हामी मीठो वचनले बोलेका थियौं । त्यसैले ?

बीरबहादुरले भनेको थियो—पानीको साह्रै दुःख छ गाउँमा, सरकारले गर्दिन्छ बन्दोवस्त भन्छन् । जाँच्न आएको कति वर्ष भैसक्यो निकासा पनि भएको छ रे... .. ,

सोझै तल घाँचमा दूधकोशी बग्दै थियो । सोचें त्यो वालुवा बग्दै थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

## संदर्भ : ६

त्यो झरिन थियो, र साँच्चै झोरा र झरनाहरूले मात्रै भरिएको पाखो। भारतीय चटकी फिलम (Film) को (उच्चारण रेडियो नेपालबाट साभार चोरेको) भन्दा कत्ति कम्ति थिएनन् त्यस डाँडामा झरना। तर फिल्म भन्दा यथार्थ यति फरक थियो विरहमा मुस्कुराएकी (ज्यू, विरहमा मुस्कुराएकी, मौलाएकी) कुनै अभिनेत्री हाम्रो प्रतीक्षामा थिइन, थिए एक बित्ता लामा लेकाली जुकाहरू। एकछिन मात्रको असावधानीले जसको विषाक्त म्वाइँको (फ्रान्सेली म्वाइँको होइन) जवाफ हामीले कनेर दिनुपर्दथ्यो। नसामा चुसे रगत थामिनै मुश्किल, आँखामा चुसे अन्धो पारी दिन्छन्। अझ डर लाग्छ! तिनको अनुपातमा गोदावरीको सेप्जिलोमा विजयाको पिंडौलामा झुण्डिएका जुकाहरू साह्रै साना थिए।

तलैदेखि टाढै देखिने सेतो घरलाई तारो हाने झैं हामी आइरहेका थियौं? वास वसौंला भनेर। माझ वनमा खोरिया मार्का बारीमा एक्लो घर थियो त्यो। लाग्दथ्यो बाह्रै महीना बस्ने घर होइन त्यो, मौसमी घर हो, जस्तो कि पहाडमा पर्याप्त हुन्छ। कोही मान्छे फेला परेनन् भने? देखा जाला!

वास वस्ने वेला भै सकेको थियो हामी त्यस आँगनको गरालानेर उभिदा।

CC-0. In Public Domain. Digitization by eGangotri

'घरमा को हुनुहुन्छ हँ ?' म कराएँ ।

'किन ?' आलुवारीबाट आएको बलिष्ठ स्त्री- स्वरको प्रश्नले म आश्वस्त भएँ ।

'बास पाइन्छ कि !'

'सोध्नुपर्छ ।'

'कसलाई ?'

उनले जवाफ दिइनन् । त्यतिन्जेल मैले आँगनमा कुल्चने साहस गरिसकेको थिएँ । तर अझै डर थियो । शेर्पाहरूको आत्मीयता परै जाओस्, दलानमा सुत्नसम्म पाइएन भने ? के ठेगाना सिक्रीका सुनुवालहरू यता पनि छन् कि? । झमक्क साँझ परिसकेको थियो, बाटो अप्ठ्यारो थियो, दीन हीन मुद्रामा घर घर बासको लागि याचना गरेका थियौं, र त्यत्रोविधि घरहरू थिए, कसैले बास दिन मञ्जूर गरेनन् । यो जिरी पुग्नु अघिल्लो साँझको बासको कुरा थियो . बल्ल तल्ल एउटी बूढीको मन पगाल्न हामी सफल भएका थियौं ।

'तपाईंहरूको घर काँ ?' उनले शुद्ध नेपालीमा प्रश्न गरिन् ।

'काठमाडौं ।' हरेक पूर्व–पश्चिम हिंड्ने नेपालीले दिने जवाफ मैले दिएँ, यद्यपि मेरो घर काठमाडौंमा छैन ।

'के कामले आउनुभएको ?

कहाँसम्म जाने ? जस्ता प्रत्येक जसो बासमा सोधिने प्रश्न उनले पनि सोधिन् । सायद उनी हाम्रो 'इन्टरभ्यू' लिंदै थिइन् ।

सबै प्रश्नको जवाफ हामीसंग थियो, तर के 'काम ?' को जवाफ हामीसंग थिएन । हामी ढाँट्न चाँहदैनथ्यौं, अतः उनीहरू सोच्दथे, हामी लुकाउन चाहन्छौं । उनीहरू अझ कर गर्दथे, सोद्धथे– स्कूल जाँच्ने ? खानी जाँच्ने ? लाहुरे ? हुलाक जाँच्ने ? पुलिस ? मिलिटरी ? अन्तमा हामीले एउटा न एउटा कार्यक्षेत्रमा मौन भएर स्वीकार गर्नु पर्दथ्यो, नत्र बास नपाउने डर हुन्थ्यो हामीलाई ।

CC-0. In Public Domain. Digitization by eGangotri

काम स्वीकार गर्न वार्तालापको एउटा शैलीको उदाहरण—

'के काम ?'

'काम ? काम...अँ...यस्तै उस्तै' ... (अन्कनाएर)

'कस्तो यस्तै उस्तै ?' (जिज्ञासा)

'यस्तै डुल्ने घुम्ने काम,...'

'किन डुल्नु घुम्नु नि ?'

'ठाउँ हेर्न...'

'हो ! ठाउँ हेर्ने ! स्कूल हेर्ने ! हो ?'

'देखेदेखि स्कूल पनि हेर्ने ।'

'हो, मैले देख्ने बित्तिकै तपाईंहरू स्कूल जाँच्ने भनेर चिन्या' थिएँ...' ।

इन्टरभ्यूमा पास भएछौं, बास पायौं । धेरै दिनदेखि भुटुन पाएका थिएनौं, नौनी पायौं, त्यस घरमा दुहुनु रहेछ । आलु पायौं । धेरै छाकदेखि सितन पाएका थिएनौं । दलानमा चम्का लायौं ।

राति सुत्ने समस्या भो । दलानमा सुत्न हामी जुकासंग डराउँथ्यौं । मजेरीमा, उनीहरू भन्थे, उपियाँ लाग्छ । हामी उपियाँसंग कन् डराउँथ्यौं । नाम्चे र त्याङ्बुचेमा उपियाँ लाग्दोरहेछ, हामी कावू भएका थियौं ।

बूढीले भनिन्–'तिमीहरू शहरका मान्छे । बाहिर सुत्न डरायौ । तिमर्को नेपालमा जस्तो याँ' चोरी ठगी क्यै हुँदैन । धनको लागि ज्यान लिंदैन...' उनीहरू जुकासंग डराएको कुरा पत्याउँदैनथे, किनभने उनीहरू जुकासंग डराउँदैनथे, डराएर साध्य थिएन ।

उनीहरू हामीलाई बाहिरै सुताउन बल गरिरहेका थिए, तर हामीलाई जुकाभन्दा उपियाँ आफन्त कैं लाग्दथे । हामी उपियाँसंग परिचित थियौं पहिलेदेखि ।

CC-0. In Public Domain. Digitization by eGangotri

'लौ त लौ । सुत त भित्रै, जूकासंग डराउँछौ भन्छौ यात्रा लाठे भएर ।' अन्तमा हामीले स्वीकृति पायौं बूढीबाट ।

तरुनी हाँसिदिई–'तपाईंहरूलाई त मध्य वर्षामा गाई हेर्न पठाउनु पर्ने वनमा...'

अनि पो जूकाको सक्कली ताण्डव देख्ने थियौ, थाहा पाउने थियौ, उनले भन्न चाहेकी थिइहोलिन् ।

त्यो मूल घर नभएर साँच्चै मौसमी थियो । परिवारमा तीन जना मात्रै थिए– बूढी, तरुनी छोरी, लाठे छोरो, र तरुनी छोरीको काखमा एउटा बालक थियो ।

भात खाइसकेर लाठे हिँड्यो, ऊ अलि तल गाईवस्तु बाँधेको गोठमा सुत्दो रहेछ ।

अरू बासहरूमा गरे जस्तै सुत्नुअघि नै हामी भुटुन, तिहुन आदिको हिसाब गर्न थाल्यौं । यस्तै गर्दा भोलि विहान सबेरै हामीलाई बाटो लाग्न सजिलो हुन्थ्यो । विहान पाँच बजेदेखि बेलुका पाँच बजे-सम्म हामी हिँड्थ्यौं । दिउँसो दुई घण्टा जति खाने समय बस्थ्यौं ।

उनीहरूले लिन मानेनन् ।

हामी प्रत्येक 'नाइँ' लाई 'किन ?' ले सोध्न थाल्यौं ।

केही कुरा भन्न थाल्दा, बूढी बीच बीचमा सही थाप्थिन्, वा सम्झाइदिन्थिन् । एउटा कुरामा हामीले बीच बीचमा कैयौं प्रश्न गर्नु पर्दथ्यो । उनी कुरा गर्न लुकाए झैं पनि गर्थिन् लाज मानेझैं पनि गर्थिन्, उत्सुकता पनि देखाउँथिन् र स्वाभाविकता पनि । राती अबेर-सम्म उनले सुत्न पाइनन्, फत्फताउनुपऱ्यो, जसको सार थियो—

साँझका पाहुनालाई दिएको भुटुनको मोल लिँदैनौं हामी । किनभने गुरुको यस्तै उपदेश छ । गुरु कस्तो ? कस्तो गुरु अब ! भगवान्, राजा, यो लोक, परलोक बारे सिकाउने अर्ति दिने गुरु । तपा-

CC-0. In Public Domain. Digitization by eGangotri

ईंहरूका गुरु हुँदैनन् । हुँदैनन् । तपाईंहरूलाई पुस्तक पढ्न कसले सिकायो ? त्यस्तै गुरु ।

हुन त हामी थुलुङ्ग राई हौं । हामीलाई यता हुँदो 'साधु राई' भन्छन् । साधु राईहरू रनेम, देउसा, रिदुङम्प छन् । गुरुको नाम साधु रामदास राई हो । उहाँको पनि गुरु दार्जीलिङ (दार्जेलिङ) मा हुनुहुन्छ रे । उहाँ यहाँ सातसाल-आठसालतिर पहिले आउनु भाको ।

वर्सेनी वैशाख पुर्ने र सोरसरात पूर्नेमा गुरुले उपदेश दिनुहुन्छ । के दिनु हुन्थ्यो उपदेशमा यस्तै गर्नु पाप यस्तो गर्नु धर्म ... ...

त्यै त हो नि<br>
जसले ?<br>
जाँड नखानू .. ..<br>
रक्सी नखानू .<br>
माछा मासु नखानू मारकाट नगर्नू... ...<br>
आफ्नू गर्नु, खानु, अरूलाई नपिर्नू ...<br>
(अरूले पिरे नि ! अरूले लूटे नि ?)<br>
राम्रो गर्नेलाई राम्रो गर्नू<br>
नराम्रो गर्नेलाई नराम्रो गर्नू ..<br>
आइलाग्नेलाई जाइलाग्नू .<br>
(तर राम्रो के हो नराम्रो के हो ? आह !)<br>
न चोर्नू ...<br>
न ढाँट्नू . .. ...<br>
अर्कालाई मार्नु साटो आफैंलाई मार्नू .. ... ...<br>
एक पैसा चोरे सात पैसा तिर्नु पर्छ अर्को जुनीमा ...<br>
अन्न चोर्नेलाई कुष्ठी उब्जिन्छ ...

पढ्नु पाठशाला जानु भन्छन् गुरुहरू तर आफूले पढ्न सकिएन ..<br>
'किन पढ्न सक्नु भएन दिदी ?' मैले सोधें ।

CC-0. In Public Domain. Digitization by eGangotri

'राईको जात के पढ्न मन लाग्थ्यो दाजु, चाँडै पोइल जान मन लागी हाल्यो ... ...'

'अनि ?' आफू पोइल गएको कुरा यति सरलसंग म पहिलो पटक कुनै आइमाईको मुखबाट सुन्दै थिएँ।' पहिलो पटक कुन कुरा महत्त्वपूर्ण हुँदैन र ?

'अनि आफू जस्तै एउटा साधू राईसंग गएँ '

म चूप लागें। शायद सोच्न लागें हुँला, पूर्वी- नेपालको एउटा बाटोभन्दा कोल्टामा पर्ने गाउँकी स्त्री, कति सजिलै एउटा शहरिया (उसको विचारमा पढ्ने लेख्ने वातावरणमा हुर्केको भाग्यमानी केटो) संग आफूले पढ्न नसकेको, नपाएको कुराको गुनासो गर्दै थिई। के यो महत्त्वपूर्ण कुरा हो ? कुन्नि। हामीले २००-४०० माइलको मानु पदयात्रामा एउटै कुराको अनुभव गरेका थियौं, त्यो हो शिक्षाको भोक। जनतामा एउटै उत्सुकता पाइन्थ्यो— त्यो हो आफ्ना संततलाई शिक्षित बनाउने, चाहे अरू सबै कुरामा निराशा किन नदेखा परोस्।

र, अँगेनाको वरिपरि मजेरीमा हामी परदेशी र घरपेटी निदाएछौं ..

भोलि बिहान हामी बिदा हुन लाग्यौं। तरुनी केटीलाई राति जरो फुटेछ, रातभरि जिउ कपाल दुखेछ, हिजो साधारण मर्की लागेको थियो, उसले भनी। हामीले ओखती दियौं। उसले त्यसको मोल लिन आग्रह गरी (बूढीले अघि बैंशमा शहरको, निस्सन्देह नेपाल शहरको, यात्रा गरेकी रहिछन् र शहरिया मनोवृत्ति राम्रै चिनेकी रहिछन्)।

'हामीले पनि बास बसेको घरमा दिएको (सगाएको) ओखतिको पैसा लिने गरेका छैनौं।...'

केटी जिल्ल परी। अरू आग्रह गर्ने बाटो थिएन अब।

बूढी सप्रेम फत्फताइदिइन्—'तिमरू पनि 'साधू' रछौ' (सानु उदारता देखाउनु साधु हुनै पर्छ ? कुन्नि)

CC-0. In Public Domain. Digitization by eGangotri

रुक्सामा सरसामान मिलाउँदै वैद्यले सोध्यो—'उपियाँ लाग्छन् भन्नुहुन्थ्यो, थाहा पाइएन त !'

केटी हाँसी दिई ।

बूढीले स्पष्टीकरण दिई— 'उपियाँ छैनन् हो, याँ लोग्ने मान्छेको मनमा हुन्छन् नि उपियाँ ती पो लाग्छन् त...' उनी गलल्ल हाँसी दिइन् । उनका चाउरीहरू अझ गहिरिए ।

हामी फेरि जिल्ल पर्यौं, बूढीको कुराले हामी चार प्राणीहरू एउटै मजेरीमा निदाएका थियौं, के हामी लोग्ने मान्छेको मनको उपियाँ सगबगाउनै पर्ने थियो ? कुन्नि !

हामी बिदा हुन्छौं । 'फेरि यता आउनु भो भने यीं बास बस्नु है दाजु' । केटीले भनेकी हुन्छे । हामी सोलुखोला नपुगुन्जेल, जहाँ जनलको डफ्फासित फेरि हाम्रो भेट भयो, ओरालो झरिरह्यौं । ओराली भरी मैले सोचिरहें—साधू राईहरू, (अर्थात् रुद्रमार्गी रे) एउटा अन्धविश्वास, एउटा संगठन, एउटा नारा, एउटा झण्डा, एउटा नाइके, एउटा रूपान्तरण र हस्तान्तरण ।

कुनै कर्मकाण्ड नभई, कुनै झण्डा र कुनै डण्डा (अर्थात् सत्ता) नभई समाज एक्जिस्ट गर्न सक्दैन ? कुन्नि ।

सोलुखोला कालो मैलो आएको थियो, र त्यहाँ चीसा दाउरा फेरि फुक्नु थियो ... ... त्यहाँ बिहानको भात खानु थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri



## संदर्भ : ७

उँभो लाग्दा सोलु खोला क्ररेपछि हामी 'जर्साब'-को कुरा सुन्न थाल्यौं ।

हामीभन्दा दुई दिन पहिले उहाँ त्यै बाटो आफ्ना लावा लस्कर सहित जानुभएको रहेछ । कतिजना अफिसर, कतिजना सिपाही, कतिजना भरिया इत्यादिको फिहिरिस्त हामी वासैपिच्छे सुन्न लाग्यौं । उहाँ ओखलढुङ्गाबाट उँभो लाग्नु भएको रहेछ, र हामी जिरीबाट, रिङभोबाट, बाटो एउटै थियो ।

गाउँलेहरू हामीलाई पनि जर्साबकै बयानको पूरक संस्कार भनी ठान्थे कति ठाउँ । जहाँ यसो भनिठान्थे, त्यहाँ हाम्रो दशा (या दुर्दशा) दर्शनीय हुन्थ्यो । एकाएक मान बढ्थ्यो । खान–पान–सान सब बढ्थ्यो ।

'यो गाउँमा स्कूल छैन ... मैले जर्साबसँग बिन्ती चढाएको छु ...' यौटा भन्दथ्यो ।

'फलानाले गाउँलेलाई धुरुक्क र्‍वायो ... म बिन्ती चढाउन नाम्चे जान्छु' अर्को भन्दथ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

'सदर मुकाम तीं होइन त । कति राज हुन्छ जर्साव त्यां ?' तेस्रो योजनाको खाका तयार पार्दथ्यो ।

'सरकारी भाउमा नुन पाएत ! भोटे नुन साह्रै महँगो पर्ने अन्नसंग साट्दा' चौथो भन्दथ्यो, त्यो वन्दोवस्तको आशा ऊ जर्साबबाट गर्दथ्यो ।

जर्साबलाई उनीहरू राजाको दूत (देवदूत?) जस्तो 'सो' गर्दथे । उनीहरू जर्साबको कार्यक्रम सोद्धथे । आफ्ना सारा पीर मर्का राजासम्म लगिदिने एक मात्र एन्जेल उनीहरूले पाए जैं गर्थे अरू सब साले चोर हुन्, उनीहरू मुखैमा भन्दथे, र हामीहरूलाई जर्साबकै दल ठानेर त्यहाँको वस्तुस्थिति राजासम्म पुऱ्याइदिने अनुरोध गर्दथे । राजासँग उनीहरू आशा गर्दथे ।

(त्यसै कारण मैले यी संस्मरणहरू लेखेको ? यो एन्जेल या डेविल हुने सुवर्ण अवसर हो मेरो निम्ति ? कुन्नि !)

नाम्चे पुग्दा जर्साबको स्वागतद्वार वैलाइसकेको थियो । उहाँ-हरूको फर्कने तरखर थियो ।

नाम्चेको कल्पना हाम्रा लागि, केन्वेन्टकी जेनीको (मोपासाँकी यूनि वाइकी नायिका) भविष्यको सपनाभन्दा कम्ती थिएन ।

झिस्मिसमै फेदीबाट उकालो लागेका थियौं । केही घरहरूको यौटा वस्ती देखा पऱ्यो, वैद्यले भन्यो —'ऊ नाम्चे ।'

'धत् नाम्चे हुन्छ यस्तो ?' मैले भनें 'यो कुनै गाउँ हो । ..'

उसले फेरि भन्यो– 'यै हो नाम्चे'

'होइन' मैले फेरि भनें । टुङ्गो गर्न यौटा गाउँलेसँग सोध्नै थियो ।

'यो गाउँको नाउँ के हो ?' मैले चौंरी गोठालोसँग सोधें ।

'नाम्चे' — उसले जवाफ दियो ।

'नाम्चे बजार कति पर पर्छ नि ?' मैले सोचेको थिएँ त्यो नाम्चे गाउँ थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ हाँस्यो । हामी शहरियामाथि गाउँलेको व्यङ्ग थियो, 'यै त हो नाम्चे बजार ।'

परिप्रेक्ष्यका प्रत्येक परिणाम स्वीकार गरे झैं हामीले नाम्चे स्वीकार गर्‍यौं ।

महीनौंको सपना टुङ्गिएको थियो । नाम्चे हामी पुगेका थियौं । हामीले त्यहाँ एक रात पनि बिताउन सकेनौं । त्यहाँ सरकारी अड्डाखानाहरू थिए । सरकारी मान्छेहरू थिए । स्कूल अस्पताल सब थियो । साँच्चै त्यो गाउँ नभएर बजार थियो ।

केही घण्टापछि हामी त्याङबुचेतिर लग्यौं ।

उही बाटो, उनै बास, उनै मान्छेलाई भेट्दै, उनै गाउँहरूबाट हामी फर्किरहेका थियौं । आफ्ना नापे जोखेको शब्द बाहेक कसैबाट पनि एक शब्द फरियादका हामीले सुनेनौं । जर्साव फर्किसक्नुभएको थियो । ग्रामीणका आँखामा मौनता अझ बढेको थियो, उत्साहहीनता र फरियादको अर्थशून्यता ...

शायद यस पाला उनीहरूले चिने हामी पनि उनीहरू जस्तै साधारण, पृथ्वी नामक यस ग्रहका वासी मात्र (सत्ताधारी ह्वैन) थियौं ..

CC-0. In Public Domain. Digitization by eGangotri

२१९.४४२
(वि) ३६४५

CC-0. In Public Domain. Digitization by eGangotri

# यस्तै अन्य कथा कविता संस्मरण

## कथा संग्रह

| | | |
|---|---|---|
| अवान्तर | भवानी भिक्षु | ४।७० |
| आवर्त | " " | ७।५० |
| एक बाटो अनेक मोड | विजय मल्ल | ४।– |
| कथैकथा | गोविन्द गोठाले | ७।२० |

## कविता संग्रह

| | | |
|---|---|---|
| मेरो सपनामा हाम्रो देश र हामी | केदारमान व्यथित | ७।४५ |
| आगो र पानी | बालकृष्ण सम | २।– |
| विजय मल्लका कविता | विजय मल्ल | |
| मोहन कोइरालाका कविता | सं. डा. ईश्वर बराल | १४।५० |
| कृष्णभक्त श्रेष्ठका कविता | कृष्णभक्त श्रेष्ठ | ४।०५ |
| द्वारिका श्रेष्ठका कविता | सं. दयाराम संभव | ४।६५ |
| वैरागी काइँलाका कविता | वैरागी काइँला | ७।१० |

## संस्मरण यात्रा आदि

| | | |
|---|---|---|
| कौतुकमय डोल्पो | जनकलाल शर्मा | १५।– |
| मेरो नेपाल भ्रमण | धर्मराज थापा | २४ ९५ |
| बेलाइततिर बरालँदा | ताना शर्मा | ५।– |
| हिउँदमा बेलाइत | केदारमणि आ. दी | ५।– |

मुखपृष्ठ : जलजला प्रिन्टिङ प्रेस (प्रा.) लि., ठमेल नर्रसि क्याम्प ।